

अर्कादी गाइदार

तिमुर र उसका साथीहरू

अर्काडी गाइदार

तिमुर र उसका साथीहरू

रादुगा प्रकाशन
मास्को

अनुवादक -- श्याम उपाध्याय
सम्पादक – कृष्णप्रकाश श्रेष्ठ
सज्जाकार – अलेक्सान्द्र अल्तुनीन

А. Гайдар

Тимур и его команда

на языке непали

A. Gaidar

Timur and His Squad

A story
in Nepali

© रूसी भाषाबाट अनूदित ।
रादुगा प्रकाशन ।
सोभियत संघमा मुद्रित ।
मास्को । १९८६ ।

$$\Gamma \frac{4803010102-421}{031(05)-86} 225-86$$

ISBN 5-05-000857-3

लेखकको परिचय

अर्कादी गाइदारको नाम नसुन्ने विरलै होलान्। उनको रचना दोहऱ्याई-दोहऱ्याई पढ्ने गरिन्छ र त्यसबाट साहित्यकार र एक सिपाहीको जीवनको परिचय पाइन्छ।

अर्कादी गाइदारको जन्म सन् १९०४ मा ल्भोभ शहरमा अध्यापक प्योत्र गोलिकोभको परिवारमा भएको थियो।

अर्कादी आठ वर्षको छँदा गोलिकोभ-परिवार आर्जामास शहर आयो। यहीं नै लेखकको किशोरावस्था बित्यो। महान् अक्टोबर समाजवादी क्रान्ति सम्पन्न हुँदा गाइदारको उमेर तेह्र वर्ष मात्र पुगेको थियो। आर्जामासमा बोल्शेभिकहरूसंगको सम्पर्क र उनीहरूको प्रभावले लेखकको विचारधारा र चरित्र निर्माण गऱ्यो।

आफ्नो जीवनीबारे गाइदारको भनाइ यस्तो थियो: "मेरो जीवनी असाधारण होइन, हाम्रो जमाना नै असाधारण थियो। असाधारण जमानाको साधारण जीवनी हो मेरो।"

चौध वर्षकै उमेरमा गाइदार लाल सेनामा भर्ती भए। उनले कैयन् मोर्चामा लडेका थिए। लडाईंकै अन्तरालमा उनले कियभको फौजी कोर्समा अध्ययन गरेका थिए र पछि गएर फौजी प्रशिक्षालयमा तालिम प्राप्त गरी सोह्र वर्षकै उमेरमा राइफल रेजिमेन्टको कमाण्डर बने।

यसै अवधिबारे, अक्टोबर क्रान्ति र गृहयुद्धबारे, आफ्नो पालाका केटाकेटीहरूको स्कूले जीवनबारे गाइदारले आफ्नो लघु-उपन्यास "स्कूल" र कथा "र० भ० स०" ("क्रान्तिकारी सामरिक परिषद्") मा वर्णन गरका छन्।

गृहयुद्ध समाप्त भएपछि देशमा शान्तिपूर्ण निर्माणको चहलपहल शुरू भयो। गाइदारले शान्तिपूर्ण समय र नयाँ चरित्रनायकहरूबारे नयाँ पुस्तकहरू – "टाढाका देशहरू", "सैनिक गोप्यता", "ड्रमवादकको भाग्य", "चुक र गेक" र अन्त्यमा आएर "तिमुर र उसका साथीहरू" लेखे।

एउटा सिपाहीको रूपमा गाइदारको जीवन शुरू भयो र सिपाहीकै रूपमा अन्त्य पनि भयो। सन् १९४१ मा उनी स्वयंसेवकको रूपमा मोर्चामा गए र त्यसै वर्षको २६ अक्टोबरका दिन फासिष्टहरूसंगको एक असमान भिडन्तमा परेर उनले वीरगति प्राप्त गरे। मरणोपरान्त उनलाई देशभक्तिपूर्ण युद्ध पदक प्रथम श्रेणीद्वारा विभूषित गरियो।

लेखकको अमर सम्झनाका स्मारकहरूको रूपमा उनका पुस्तकहरू छन्। अखिल सोभियत लेनिनवादी बाल-पायोनियर सङ्गठनको पचासौं वार्षिकोत्सवको उपलक्ष्यमा अर्कादी गाइदारलाई लेनिनवादी कोम्सोमोल पुरष्कार विजेताको उपाधि प्रदान गरियो।

फ० एबिन

कवचधारी पल्टनका कमाण्डर कर्णेल अलेक्सान्द्रोभ तीन महिनादेखि घरमा थिएनन्। मोर्चा गए होलान्।

ग्रीष्मकालको मध्यतिर घरमा टेलिग्राम पठाएर उनले आफ्ना छोरीहरू ओल्गा र भेन्यालाई विदाको बाँकी समय मास्कोबाहिर दाचामा* बिताउनु भनेका थिए।

कपाल बाँधेको पछ्यौरा पछाडि तान्दै भेन्या बढार्ने बुरूसको डण्डीमा अडेस लगाई अँध्यारो मुख पारेर ओल्गाको अगाडि उभिएकी थिई। ओल्गा भन्दैथिई :

"म सरसामान लिएर गएँ। आँखीभौं खुम्च्याउन र ओठ टोक्न पर्दैन। कोठा

* दाचा – ग्रीष्मकालीन बङ्गला। – अनु०

सफा गर्नू। अनि ढोकामा ताल्चा मार्नू। किताबहरू पुस्तकालयलाई बुझाउनू। सङ्गिनीहरूकहाँ नगई सोझै जंक्सन जानू र बुवालाई यो टेलिग्राम पठाउनू! अनि रेल चढेर दाचा आउनू...। झेन्या, मैले भनेको तिमीले मान्नैपर्छ। म तिम्री दिदी हुँ...।"

"म पनि त तिम्री बहिनी हुँ।"

"तर... म जेठी हुँ...। जे होस्, बुवाले त्यसो भन्नुभाछ।"

घरको आँगनमा मोटर गुडेको सुनेर झेन्याले लामो सास फेरी र वरिपरि हेरी।

चारैतर्फ लथालिङ्ग र भद्रगोल थियो। ऊ धुलैधुलो लागेको ऐनासामु उभिई। त्यसमा भित्तामा झुण्ड्याएको बुवाको तस्विर प्रतिबिम्बित भएको थियो।

ल, भैहाल्यो। ओल्गा जेठी भएकीले उसले भनेको मान्नैपऱ्यो। तर झेन्याको

नाक, मुख, आँखीभौं दुरुस्तै बुवाको जस्तो छ। बानीब्यहोरा पनि त्यस्तै हुने होला।

तुरुन्तै उसले पछ्यौराले टाउको बाँधी, चप्पल फाली, झुम्रो समाती, टेबुलपोस निकाली, बाल्टिनमा पानी थापी र बुरूसले कसिङ्गर सोहोर्दै दैलोसम्म पुऱ्याई।

एकैछिनमा स्टोभ सल्क्यो र सुसाउन थाल्यो।

भुईंमा पानी पोखिएको थियो।

लुगा धुने जस्ताको आरीमा साबुनको फिंजका फोका फुटिरहेका थिए। तल बाटोमा हिंड्ने मानिसहरू तेस्रो तलाको झ्यालमा नाङ्गै खुट्टा उभिएर रातो जामा लगाएकी केटीले निडर भएर झ्यालको ऐना पुछिरहेको अचम्म मानेर हेर्थे।

फराकिलो घमाइलो बाटोमा लहरी बतासिएर गएको थियो। बेतको कुर्सीमा कमलो पोकाको अडेस लिएर बसेकी ओल्गाका गोडा बाकसमाथि परेका थिए। उसको काखमा बसेको खैरो बिरालो नङग्राले नीलम फूलको गुच्छा चलाइरहेको थियो।

तीस किलोमीटरमा पुगेर उनीहरूलाई लाल सेनाका पंक्तिबद्ध मोटरहरूले भेट्टाए। लाल सैनिकहरू बेन्चमा लहरै बसेका थिए। नाल मास्तिर पारेर बन्दूक समातेका थिए र स्वरमा स्वर मिलाएर गीत गाउँदैथिए।

गीतको आवाज आउँदा छेउछाउका कटेराहरूको झ्यालढोका खुल्थे। बार नाध्दै र फाटक खोल्दै केटाकेटीहरू रमाउँदै निस्कन्थे। उनीहरू हात हल्लाउँथे र लाल सैनिकहरूलाई कट्मेरा स्याउहरू दिन्थे। सबैजना मिलेर हुर्रा कराउँथे र लगत्तै रिसल्ला फौजको हमला झैं सिस्नु र चिराइतोका डाँठहरू सोत्तर पारेर लडाइँ खेल्नेगर्थे।

लहरीले दाचाहरू भएको बस्तीतर्फ मोड लियो र लहराको झ्याङ्गले ढाकेको सानो दाचाअगाडि पुगेर रोकियो।

ड्राइभर र खलासी दुवैले गाडीबाट सामान निकाले। ओल्गाले ऐनादार बरण्डा खोली।

त्यहाँबाट ठूलो सुनसान बगैंचा देखिन्थ्यो। बगैंचाको माझमा रङ्ग न ढङ्गको दुईतले कटेरो ठडिएको थियो। कटेराको छानामा सानो लाल झण्डा फर्फराइरहेको थियो।

ओल्गा मोटरतिर फर्की।

यत्तिकैमा एउटी फूर्तिली बुढिया दौडेर आइन्–उनी छिमेककी दूध बेच्ने आइमाई

थिइन्। उनलाई दाचाको सफासुग्घर गर्न, झ्याल, भुईं र भित्ता सफा गर्न बोलाइएको थियो।

बुढियाले झुम्रो र भाँडो जुट्याउन्जेल ओल्गा बिरालो लिएर बगैंचातिर लागी।

भँगेराले ठुँगेका चेरीका बोटहरूमा तात्तातो चोप टल्किरहेको थियो। दमना र चिराइतोको मगमग वास आउँथ्यो। सिमलीले ढाकेको कटेराको छाना प्वालैप्वाल परेको थियो। ती प्वालहरूबाट मास्तिर तन्काइएका मसीना तारहरू रूखका पातहरूमा गएर हराएजस्तो लाग्थ्यो।

ओल्गाले ओखरका बोटहरू छिचोली, मुखमा लागेको माकुराको जाल पुछी।

के भएछ? छानामा लालझण्डा थिएन, लठ्ठी मात्रै हल्लिरहेको थियो।

त्यसै वेला ओल्गाले त्यहाँ निकै आत्तिएर कानेखुसी गरेको सुनी। अचानक कटेराको बुईंगलमा झ्यालनेर ठडचाइएको लिस्नो भित्ताबाट खस्यो र गाभाका पातहरू मिच्दै गंग्रङ्ङ भुईंमा लडचो।

छानामाथिका तारहरू हल्लिए। हात चिथर्दै बिरालोले झ्याङमा हाम फाल्यो। ओल्गाले रोकिएर यताउति हेरी र कान थापेर सुनी। तर न झाडीमा, न छेउको बारमा, न कटेराको कालो झ्यालमा नै कोही देखिन्थ्यो या केही सुनिन्थ्यो।

ओल्गा खड्गेलीतिर फर्की।

"यी ठिटाहरू अर्काको बारीमा मनपरी गर्छन्।" – बुढियाले ओल्गालाई बताउन थालिन्। – "हिजो छिमेकीहरूको दुईवटा स्याउको रूख हल्लाए, नास्पातीको त हाँगै भाचे। मानिसहरू कस्ता हुल्याहा निस्कन थाले। मैले त, हेर नानी, छोरालाई लाल सेनामा भर्ती हुन पठाएँ। त्यहाँ गएदेखि रक्सी खान छोडचो। 'बिदा देऊ आमा' भन्यो र बिचरा सुसेलो हाल्दैगयो। साँझ परेपछि पीर लाग्यो, रोएँ। राति ब्यूँझदा त आँगनमा को हो कुन्नि खस्याकखुसुक गर्दैथियो। अनि सोच्न थाले: 'म एकलीलाई कसले गुहार देला। बुढीमान्छेलाई कति चाहिने हो र? एउटा ईंटाले खप्परमा बजारिदियो भने खुत्रुक्कै हुन्छु।' तर ईश्वरले रक्षा गरे, चोरी भएन। खन्याङ्गखुरूङ्ङ गर्दै गए। आँगनमा बज्राँठको पीपा थियो, दुईजना नभई त छुनै नपर्ने, बीस कदमसम्म धकेल्दै लगेछन्। बस्, यत्ति हो। को थिए? कस्ता मानिस थिए? मेरो लागि रहस्य नै रह्यो।"

झिसमिसेमा बढारकुँढार सिध्याएर ओल्गा खड्गेलीमा निस्की। उसले छालाको खोलबाट सीपी जस्तै टल्कने सेतो आकर्डियन खुबै जतनका साथ निकाली। त्यो उसलाई बुवाले जन्मदिनको उपहारस्वरूप पठाएका थिए।

उसले आकर्डियन घुँडामा अड्याएर फित्ता काँधमा बेरी र ऊ हालै सुनेको एउटा गीतको लय मिलाउन थाली:

अहा, एकै नजर तिमीमा
लाउन पाए कस्तो हुन्थ्यो?
पहिलो नजर लाउन पाए
दोस्रो-तेस्रो भइ नै हाल्थ्यो।

त्यति छिटो उड्ने तिम्ले
मेरो मर्म के पो बुझ्थ्यौ?
मिर्मिरेसम्म पर्खी बस्दा
आफ्नो दर्शन किन दिन्थ्यौ?

गोली-गट्ठा बोकी उड्ने
वायुयानका पायलटहरू,
लामो यात्रा अन्त्य गरेर
भन, फर्की कहिले आउँछौ?

ढीलो-चाँडो के हुने हो –
भन्न त अहिले गाह्रै होला!
तर कुनै दिन अवश्य आखिर
जहिले भए नि फर्कनु है ...॥

यो गीत गाइरहँदा नै ओल्गाले धेरै पटक पर्खालनेरैको अँध्यारो झ्याङ्गतिर सतर्क दृष्टि फ्याँकिरहेकी थिई।

गीत सिद्धिनासाथ ऊ जुरुक्क उठी र त्यसतर्फ लम्केर कराउँदै सोध्न थाली: "ए, किन त्यहाँ लुक्नुभएको? के चाहियो तपाईंलाई?"

झ्याङ्गबाट साधारण सेतो पोशाक लगाएको मानिस निस्क्यो। उसले मुन्टो निहुऱ्यायो र नम्र भएर भन्यो:

"म लुक्याछैन। म आफै पनि वेलामौकाको कलाकार हुँ। म तपाईंलाई बाधा दिन चाहन्नथें। त्यसैले मैले त्यहाँ उभिएर सुनेको हुँ।"

“तपाईं बाटोमा बसेर पनि त सुन्न सक्नुहुन्थ्यो नि! किन बार नाघेर पस्नुभयो त?”

“म? बार नाघेर?”–त्यस मानिसले दुःख मान्यो।–“माफ गर्नोस्, म बिरालो होइन। त्यहाँ कुनामा फलेक भाँचिएका रहेछन्, त्यही छेडोबाट म भित्र पसेको हुँ।”

“ल, भैहाल्यो!”–ओल्गा फित्त हाँसी।–“फाटक ऊ त्यहाँ छ। कृपया त्यहाँबाट सडकमा निस्किदिनोस्।”

त्यो मानिस बडो आज्ञाकारी देखियो। एक शब्द पनि नबोलेर ऊ फाटक भएर निस्क्यो र फाटक बन्द गरेर छिस्किनी पनि लगायो। ओल्गालाई त्यसो गरेको मन पऱ्यो।

“पर्खनोस् त!”–सिंढीबाट ओर्लंदै उसले त्यसलाई रोकी।–“तपाईं को हुनुहुन्छ? कलाकार?”

“हैन।”–त्यस मानिसले जवाफ दियो।–“म इन्जिनियर-कालिगढ हुँ। फुर्सदको वेला कारखानाको ओपेरामा गाउने-बजाउने गर्छु।”

“सुन्नुहोस् त!”–ओल्गाले अकस्मात् सजिलै अनुरोध गरी।–“मलाई स्टेशनसम्म पुऱ्याइदिनोस् न। म बहिनीको प्रतिक्षामा छु। अँध्यारो भइसक्यो, अवेला पनि भयो, तर ऊ आइन। म कसैसंग डराएकी छु भन्ने नठान्नोस्, खालि मैले यहाँको बाटो देखेकी छैन। तर पर्खनोस्, किन फाटक खोल्नुहुन्छ। तपाईं मलाई बारबाहिर नै पर्खन सक्नुहुन्छ।”

ओल्गाले आकर्डियन थन्क्याई, काँधमा पछ्यौरा हाली र शीतले लछप्प भएका फूलहरूले सुगन्धित बाटोमा निस्की।

ओल्गा भेन्यासंग रिसाएकी थिई, त्यसैले आफ्ना सहयात्रीसंग उतिसारो बोलिन। उनले भने बताए–उनको नाम गेओर्गी, थर गारायेभ हो र उनी मोटर कारखानामा इन्जिनियर-कालिगढको काम गर्छन्।

भेन्यालाई पर्खंदापर्खंदै उनीहरूले दुईवटा रेल छोडिसके। बल्ल तेस्रो र अन्तिम रेल पनि आइपुग्यो।

“यो बेकम्मा केटीले दुःख दिनेसिवाय केही गर्दिन।”–ओल्गाले निकै पीर मानेर भनी।–“मेरो उमेर चालीस वर्षको नभए तीसै वर्षको मात्र भए पनि हुँदो हो। ऊ जम्मा तेह्र वर्षकी भई, म अठार वर्षकी। भनेको पटक्कै मान्दिन।”

"किन चालीस चाहियो।" – गेओर्गीले भने। – "अठार वर्ष कता हो कता राम्रो। बेकारमा किन पीर मान्नुहुन्छ ? तपाईंकी बहिनी बिहान सबेरै आउनेछिन्।"

प्लेटफार्म रित्तियो। गेओर्गीले चुरोटको बट्टा झिके। आगो पर्खेर बसेका दुईजना भर्खरका ठिटाहरू तुरुन्तै आ-आफ्नो चुरोट झिक्दै उनीनेर आइपुगे।

"सुन् ठिटा !" – सलाई कोरेर ठूलोचाहिंको मुखमा उज्यालो पार्दै गेओर्गीले भने। – "चुरोट लिएर मतिर लम्कनुभन्दा अघि नमस्ते गर्नुपर्छ। यहाँसंग परिचय गर्ने सौभाग्य त मैले पार्कमा नै पाइसकेको छु क्यारे ? त्यहाँ तपाईं जोडतोडकासाथ नयाँ बारको फलेक भाँच्दैहुनुहुन्थ्यो। मिखाइल क्भाकिन तपाईंकै नाम होइन त ?"

ठिटो लामो सास फेरेर पछिल्तिर हट्यो, तर गेओर्गी भने सलाई निभाएर ओल्गाको हात समाउँदै उनको घरतिर लागे।

उनीहरू हिंडेपछि अर्को ठिटाले मैलो चुरोट कानमा सिउँन्यो र लापरवाही ढङ्गले सोध्यो: "यो कुन महानुभाव निस्क्यो फेरि ? रैथाने हो ?"

"रैथाने हो।" – क्भाकिनले नचाहेरै जवाफ दियो। – "तिमुर गारायेभको काका हो। तिमुरलाई फेला पार्न पाए छाला काढ्न हुन्थ्यो। त्यसले आफ्नो दल बनाएको छ। मानौं, उनीहरू सबै हाम्रो खेदो खन्दैछन्।"

दुबै मित्रले प्लेटफार्मको छेउमा बत्तीको उज्यालोमुनि सेतै फुलेका भलाद्मीलाई देखे। उनी लौरो टेकेर सिंढीबाट झर्दैथिए।

ती मानिस स्थानीय बासिन्दा डाक्टर फ० ग० कोलोकोल्चिकोभ रहेछन्। उनीहरू हुर्रिएर तिनको पछि लागे र चर्को स्वरले सलाई छ कि भनेर सोधे। तर ती भलाद्मी-लाई उनीहरूको रूप र स्वर पटक्कै मन परेन। त्यसैले पछिल्तिर फर्केर लौरो उजाए र बिस्तारै उनी आफ्नो बाटो लागे।

... मास्कोको जंक्सनबाट झेन्याले बुवालाई तार पठाउन भ्याइन। त्यसैले दाचाको रेलबाट निस्कनासाथ उसले बस्तीको हुलाक खोज्न थाली। पुरानो पार्क भएर फूल टिप्दै जाँदा कतिखेर चारैतिर बगैंचा भएको चौबाटोमा पुगी, उसलाई पत्तै भएन। त्यहाँको सन्नाटा देखेपछि आफूले बाटो बिराएको कुरा उसलाई पक्का भयो।

अलिक पर उसले अटेरी बाख्रीको सिङ्ग समातेर गाली भट्भटाइरहेकी सानी फुर्तिली केटीलाई देखी।

"भन त नानी !" – झेन्याले उससित सोधी। – "हुलाक जाने बाटो कुन हो ?"

तर त्यही वेला बाख्री फुत्कियो र सिङ्ग बटार्दै र उफ्रँदै पार्कतिर लाग्यो। केटी पनि दौड्दै त्यस्को पछि लागी। झेन्याले चारैतिर हेरी, झमक्क भइसकेको थियो। वरिपरि कोही थिएन। उसले कसको हो कुन्नि खैरो दुईतले दाचाको फाटक खोली र गोरेटोबाट खड्गेलीतिर लागी।

ढोका नखोलेरै झेन्याले चर्को स्वरमा तर नम्र भएर सोधी। – "यहाँबाट हुलाक-सम्म मलाई कसरी जानुपर्ला, बताइदिनुहुन्छ कि?"

उसलाई कसैले जवाफ दिएन। ऊ उभिइराखी, अनि केही विचार गर्दै ढोका खोलेर बरण्डा हुँदै कोठासम्म पुगी। घरमा मालिक थिएनन्। अलमल्ल भएर ऊ बाहिर निस्कन लागेकी थिई, तर त्यही वेला टेबुल मुन्तिरबाट ठूलो कैलो कुकुर चुपचापसित निस्क्यो। अत्तासिएकी केटीलाई उसले खुबै ध्यान दिएर हेऱ्यो, सुस्तरी भुक्यो र संघारैमा पल्टियो।

"तँ, मूर्ख!" – झेन्याले डराउँदै हात बढाएर भनी। – "म चोर होइन। मैले तिमीहरूको केही पनि लिएकी छैन। यो बुवालाई टेलिग्राम हो। मेरा बुवा कमाण्डर हुनुहुन्छ। बुझिस् त तैंले?"

कुकुर चुप लाग्यो र नचल्मलाईकन बस्यो। झेन्या चाहिं बिस्तारै ह्वाङ्ङ खुलेको झ्यालतिर लागी र भन्दैगरी:

"लौ हेर्! तँ पल्टिराख्छस्? पल्टिराख्... साह्रै असल कुकुर रहेछ। हेर्दैमा बुद्धिमान् र राम्रो लाग्छ।"

झेन्याले झ्यालको तख्तामा हात पुऱ्याएकी मात्रै के थिई, राम्रो भनेको कुकुर जोडले गर्जंदै उफ्रयो। झेन्या डरले सोफामाथि उफ्री र खुट्टा खुम्च्याएर बसी।

"अनौठै रहेछ।" – रुँला जस्तै गरेर उसले भन्न लागी। – "तँ डाँका र जासुस-हरूलाई समात्, म त मान्छे हुँ। बुझिस्!" – जिब्रो काढेर कुकुरलाई खिस्याउँदै उसले भनी। – "मूर्ख!"

झेन्याले टेबुलको छेउमा साँचो र टेलिग्राम राखी। घरधनीलाई पर्खनुपर्ने भयो।

घण्टौं बित्यो। अँध्यारो पनि भयो। खुला झ्यालबाट टाढा रेलगाडीको सिट्टी बजेको, कुकुर भुकेको र भलिबल खेलेको आवाज आउँथ्यो। कता हो कुन्नि, गितार बजिरहेको थियो। यहीं खैरो दाचावरिपरि मात्र शून्य र सुनसान थियो।

सोफाको साह्रो बालिष्टमा टाउको अडचाएर झेन्या सुस्तरी रुन थाली। अन्त्यमा ऊ मस्त निदाई।

ऊ बिहान मात्र बिउँझी।

झ्यालबाहिर पानीले भिजेका लहलहाउँदा पातका झुप्पाहरू सुसाएका थिए।

अलिक टाढा इनारको पानी तान्ने पाङ्ग्रो चुँइ-चुँइ गर्दथ्यो। कता हो दाउरा चिरिंदै थियो, तर दाचामा पहिले जस्तै सुनसान थियो।

झेन्याको टाउकोमुनि कमलो छालाको सिरानी थियो र पातलो च्यादरले खुट्टा छोपेको थियो। भुईंमा कुकुर थिएन।

पक्का पनि राति कोही आएको थियो।

झेन्या जुरूक्क उठी, कपाल झड्काई, खुम्चिएको जामा तानी, टेबुलबाट साँचो र टेलिग्रामको फाराम लिई र भाग्ने विचार गरी।

त्यसै वेला उसले टेबुलमा नीलो शिशाकलमले ठूलठूला अक्षरमा यस्तो लेखेको कागज देखी।

"नानी, निस्कँदाखेरि ढोका बलियोसंग बन्द गरे है।" – त्यस्को तल हस्ताक्षर थियो। – "तिमुर"।

"तिमुर? तिमुर भन्ने को हो? यस मानिसलाई भेटेर धन्यवाद दिनुपर्ने थियो।"

उसले बगलको कोठामा हेरी। त्यहाँ लेख्ने टेबुल र त्यसमाथि मसीदानी, एश्ट्रे, सानो ऐना थियो। दाहिनेपट्टि छालाको पञ्जानजिकै पुरानो खुइलिसकेको रिभल्भर थियो। त्यहीं झुत्रिएको थोत्रो दापमा तुर्केली घोप्टे तरवार ठड्याइएको थियो। झेन्याले साँचो र टेलिग्राम राखी, तरवार छोई र त्यसलाई दापबाट झिकी, अनि टाउकोमाथि धार पारेर ऐना हेरी।

दृश्य भयानक र डरलाग्दो भयो। यसरी फोटो खिंचेर स्कूलमा देखाउन लैजान पाए गजब हुन्थ्यो। बुवाले एकपटक उसलाई लडाईंमा साथै लगेका थिए भनेर झु-क्याउन पाइन्थ्यो। देब्रे हातले रिभल्भर समातेर सोची : हो, यसरी। यसरी झन् गजब देखिन्छ।

झेन्याले सकुन्जेल आँखीभौं तन्काई, ओठ टम्म बन्द गरी र ऐनामा तारो लगाएर घोडा दबाई।

कोठा नै गर्ज्यो। धुँवाले झ्याल ढाक्यो। टेबुलको ऐना एश्ट्रेमा खस्यो। कानै नसुन्ने भएकी झेन्या टेबुलमा साँचो र टेलिग्राम छोडेर कोठाबाट निस्की र अचम्मको र डरलाग्दो त्यस घरबाट टाप कसी।

कसरी-कसरी ऊ खोलाको किनारामा पुगी। अब ऊसंग न मास्कोको फ्ल्याटको साँचो, न टेलिग्रामको रसीद, न त टेलिग्राम नै थियो। ओल्गालाई भने कुकुरको मात्र होइन, रित्तो दाचामा बास बसेको, गोली चलाएको र अन्त्यमा तुर्केली तरवारको कुरासम्म पनि बताउनुपर्ने भयो। बुवा हुनुहुँदो हो त सबै कुरा बुझ्नुहुन्थ्यो। ओल्गाले बुझ्नेछैन। ओल्गा रिसाउँछे अर्थात् दया नै गरी भने पनि रुन्छे। यो त झन् नराम्रो

हुन्छ। रुन त भेन्या पनि जान्दथी। तर ओल्गाले आँसु खसालेको देख्दा उसलाई सधैं के गरूँ के गरूँ भएर टेलिफोनतारको लट्ठा, अग्लो रूख अथवा घरको छानाको चिमनी अँगाल्न मन लाग्थ्यो।

साहसको निम्ति भेन्याले खोलामा नुहाई र बिस्तारै आफ्नो दाचा खोज्न थाली।

ऊ सिंढीबाट उक्लँदा ओल्गा भान्सामा उभिएर स्टोभमा दम दिंदैथिई। पैतालाको आवाज सुनेर ओल्गा पछिल्तिर फर्की र नबोलीकन भेन्यातिर कर्के नजर लगाई।

"ओल्गा, नमस्ते!" – माथिल्लो खुड्किलामा अडिएर मुस्कुराउने प्रयास गर्दै भेन्याले भनी। – "ओल्गा, तिमी गाली गर्नेवाला छैनौ?"

"छु!" – बहिनीसंग आँखा नजुधाईकन ओल्गाले जवाफ दिई।

"ल, गाली गर।" – भेन्याले नम्र भएर स्वीकार गरी। – "थाहा छ, कस्तो अचम्म भयो। असाधारण घटना! ओल्गा, म तिमीसित अनुरोध गर्छु, आँखीभौं नतर्काऊ! त्यस्तो केही भाछैन। के भने मैले फ्ल्याटको साँचो हराएँ र बुवालाई टेलिग्राम पनि पठाइनँ...।"

भेन्याले आँखा चिम्स्याई र भएभरको कुरा पोख्ने साहस बटुली। तर त्यत्तिकैमा घरअगाडिको फाटक जोडले खुल्यो। भुसैभुस भएको झ्यापुल्ले बाख्री आँगनमा पस्यो र सिङ्ग थाप्दै बगैंचाभित्र हानियो। त्यसको पछिपछि भेन्याले चिनिसकेकी केटी पनि कराउँदै पसी। त्यही मौका छोपेर भेन्याले सङ्कटमय कुराकानी छोडी र बाख्री खेद्न बगैंचातिर दौडी।

उसले भेट्टाउँदा त केटीले स्वाँ-स्वाँ गर्दै बाख्रीलाई सिङ्गमा समातिसकेकी थिई।

"तिम्रो केही हराएको छैन?" – बाख्रीलाई लात्तले हान्न नछोडेर केटीले ठाड-ठाडै भेन्यालाई सोधी।

"अहँ!" – भेन्याले बुझ्न सकिन।

'कस्को हो त यो? तिम्रो होइन?" – केटीले उसलाई मास्कोको फ्ल्याटको साँचो देखाई।

डराउँदै बरण्डातिर आँखा लगाएर भेन्याले एकै सासले भनी। – "मेरो हो।"

"ल, साँचो, चिट्ठी र रसीद लेऊ, टेलिग्राम पठाइसकेको छ।" – केटीले त्यसरी नै छिटोछिटो भनी।

कागजको पोको भेन्याको हातमा थमाइदिएर उसले बाख्रीलाई मुड्कीले हानी।

बाख्री बुरूक्क उफ्रेर फाटकतिर लाग्यो। खाली खुट्टा हिंड्ने केटी काँढा र सिस्नो हुँदै छाया झैं पछि लागी। फाटकबाट निस्कनासाथ उनीहरू बेपत्ता भए।

बाख्रीको साटो उसैलाई पिटेजस्तो गरी झेन्याले कुम हल्लाई र पोको खोली।

"यो साँचो, यो टेलिग्रामको रसीद। यसको मतलब बुवालाई कसैले टेलिग्राम पठाइदियो। तर को होला त्यो? अँ, साँच्चै चिट्ठी। के होला यस्तो?"

चिट्ठीमा नीलो शिशाकलमले ठूलठूला अक्षरमा लेखिएको थियो:

"घरमा कसैसंग डराउनुपर्दैन, नानी! सब ठिक छ, मबाट कसैले पत्तो पाउने-छैन।" त्यसको तल हस्ताक्षर–"तिमुर"।

झेन्याले ट्वाल्ल परेर चिट्ठी खल्तीमा हाली। अनि कुम सोझ्याई र शान्त भएर ओल्गातिर लागी। ओल्गा त्यहीं अझसम्म नसल्केको स्टोभछेउ उभिइरहेकी थिई र उसको आँखा आँसुले भरिएको थियो।

"ओल्गा!"–झेन्याले त्यस वेला चिन्तित भएर पुकार्न थाली।–"मैले ठट्टा पो गरेकी। तिमी किन रिसाउँछ्यौ? मैले फ्ल्याट पूरै सफा गरें, झ्याल पुछें, सकेसम्म गरें, सबै भुम्राहरू धोएँ, भुईं बढारें। ल, तिमीलाई साँचो। यो बुवालाई पठाएको टेलिग्रामको रसीद। बरू मलाई तिम्रो म्वाइँ खान देऊ। थाहा छ, म तिमी-लाई कस्तो माया गर्छु। चाहन्छ्यौ भने म तिम्रो निम्ति छानाबाट सिस्नाको झ्याङमा हाम्फाल्छु।"

ओल्गाको कुनै जवाफ नपर्खेरै झेन्याले उसको घाँटीमा अङ्गालो मारी।

"जे भए पनि त... मलाई पीर लाग्यो।"–चिन्तित भएर ओल्गाले भनी।–"तिम्रा ठट्टाहरू सधैं उटपटयाङ्गलाग्दा हुन्छन्। मलाई भने बुवाले भन्नुभाथ्यो... झेन्या, नचल भन्या! झेन्या, मेरो हातमा मट्टीतेल लाग्याछ। बरू डेक्चीमा दूध खन्याएर स्टोभमा बसाल!"

"ठट्टा नगरी त म बस्नै सक्तिनँ।"–ओल्गा मुख धुने टबनेर उभिएको वेलामा झेन्याले भनी।

दूधको डेक्ची स्टोभमा थपक्क राखेर झेन्याले खल्तीको चिट्ठी छामी र सोधी:

"ओल्गा, ईश्वर छन्?"

"छैनन्।"–ओल्गाले जवाफ दिएर टबमा टाउको थापी।

"को छ त?"

"नकराऊ!"–ओल्गाले दिक्क मानेर जवाफ दिई।–"कोही छैन!"

झेन्या चुप लागी र फेरि सोधी:

"ओल्गा तिमुर भन्ने को हो?"

"ऊ त ईश्वर हैन; राजा हो एउटा।" – मुख र हातमा साबुन लगाउँदै ओल्गाले झर्को मानेर भनी। – "क्रुर, लँगडो, मध्ययुगीन इतिहासको।"

"यदि क्रुर पनि छैन र मध्ययुगीन पनि नभए को हो नि?"

"त्यसो भए थाहा छैन। नकराऊ! तिमीलाई किन यो तिमुर चाहियो फेरि?"

"किनभने, मलाई लाग्छ, यो मानिसलाई म असाद्धै माया गर्छु।"

"के रे?" – ओल्गाले साबुनको फिंजले ढाकेको मुन्टो उठाई। – "तिमी किन त्यहाँ मनपरी बर्बराउँछ्यौ? आनन्दसंग मुख धुन पनि दिन्नौ। पर्ख, बुवा आउनुहुनेछ र तिम्रो मायापीर्तिको छिनाफाना गरिदिनुहुनेछ।"

"बुवा आएर के त!" – चिन्तित हुँदाहुँदै पनि झेन्याले गर्वसाथ भनी। – "यदि आउनु नै भयो भने पनि धेरै दिनको लागि आउनुहुन्न। फेरि उहाँ एकलो र असहाय मानिसको चित्त अवश्य नै दुखाइदिनुहुन्न।"

"तिमी नै हौली एकली र असहाय! होइन?" – ओल्गाले पत्यार नगरेर सोधी। – "ओई, झेन्या! थाहा छैन मलाई – कस्ती हौ तिमी र कस्को गोत गएकी हौ!"

झेन्याले त्यस वेला शिर निहुर्‍याई र पालीश टल्केको चियादानीमा प्रतिबिम्बित भएको आफ्नो अनुहार हेर्दै नअन्कनाईकन गर्वका साथ जवाफ दिई:

"बुवाको। उहाँ एकजनाको मात्रै। यो संसारका अरु कसैको पनि होइन!"

वृद्ध भलाद्मी डाक्टर फ० ग० कोलोकोल्चिकोभ बगैंचामा बसेर भित्तेघडीको मरम्मत गर्दैथिए।

डाक्टरको नाति कोल्या उदास अनुहार लिएर उनकै अगाडि उभिएको थियो।

उसले बाजेलाई काममा सघाएको छ भन्ने ठानिएको थियो। वास्तवमा भने बाजेलाई चाहिएला भनेर ऊ पेचकस समातेर त्यहाँ उभिएको पूरै एक घण्टा बितिसकेको थियो।

इस्पातको स्प्रिङ्ग, जसलाई आफ्नो ठाउँमा घुमार्नुपरेको थियो, ठर्रो थियो। तैपनि बाजे धैर्यशाली थिए। यस्तो लाग्थ्यो कि यो प्रतीक्षाको कुनै अन्त्य छैन। अझ खेदको कुरा त के थियो भने असाद्धै चकचके र जान्ने हुनुपर्ने सिमा सिमाकोभले छेवैको पर्खालबाट भुँवरे टाउको देखाएको पनि धेरैपटक भइसकेको थियो। त्यही सिमा सिमाकोभले कोल्यालाई जिब्रोले, टाउकाले र हातले अनेकौं इसारा गरेको थियो। उसका

इसारा कतिसम्म अचम्मलाग्दा र रहस्यजनक थिए भने लाइमको फेदमा अल्छी मानेर पल्टिरहेको कुकुरको मुखमा कुरोले हिर्काउने ध्याउन्नमा लागेकी कोल्याकी पाँचवर्षे बहिनी तात्यान्कासमेत अकस्मात् बाजेको पतलून भट्कार्दै कराउन थाली। त्यसपछि सिमा सिमाकोभले तुरुन्तै मुन्टो लुकायो।

अन्त्यमा स्प्रिङ्ग ठाउँमा जडियो।

"मानिसले मेहनत गर्नुपर्छ।" – सेतै फुलेका भलाद्मी फ० ग० कोलोकोल्चिकोभले भिजेको निधार ठाडो पार्दै कोल्यातिर फर्केर उपदेश दिन थाले। – "तेरो अनुहार त नून खाएको कुखुराको जस्तो छ। पेचकस दे र सनासो समात्। श्रमले मानिसको प्रतिष्ठा बढाउँछ। तँलाई त्यही आत्मीय सहृदयता पुग्याछैन। उदाहरणको निम्ति हिजो तैंले चार भाग आइसक्रीम खाइस्, तर बहिनीलाई भने दिइनस्।"

"त्यसले ढाँटी, लाज पचाएकी!" – तात्यान्कातिर क्रोधित दृष्टि लगाएर कोल्या करायो। – "दुई-दुई पटकको दरले मैले उसलाई तीनपल्टसम्म टोक्न दिएको थिएँ। झन् उही मेरो चुक्ली लाउनेभएकी। अझ उसैले आमाको टेबुलबाट चार कोपेक पनि सट्काई।"

"तिमी झन् राति डोरी समातेर झ्यालबाट पस्यौ।" – मुन्टो नफर्काएरै तात्यान्काले एकसुरले भट्भटाई। – "तिमीले सिरानीमुनि टर्च राखेका छौ। हिजो हाम्रो सुत्ने कोठामा कुन बदमाशले हो ढुङ्गा हानेको थियो। घरि हान्ने घरि सुसेल्ने गर्‍यो, अनि फेरि हान्यो र फेरि सुसेल्यो।"

तात्यान्काले निर्लज्ज भएर बकेका घृष्ट कुराहरूले कोल्या कोलोकोल्चिकोभको मन भत्भती पोल्यो। उसको शिरदेखि पैतालासम्म कम्प छुट्यो। तर भाग्यवश, काममा तल्लीन भएका बाजेले त्यस्तो भयानक आरोपप्रति ध्यान दिएनन्, या त सुन्दै सुनेनन्। ठ्याक्कै त्यही मौकामा दूधको बाल्टिन बोकेर दूध बेच्ने बुढी बगैंचामा आइपुगिन् र मगले दूध भर्दै दुःख पोख्न थालिन्। – "बुवा फ्योदोर ग्रिगोरिभिच, बदमाशहरूले मेरो घरमा राति झण्डै बज्रआँठको पीपा नघस्काएका। आज पो त मानिसहरू भन्छन्, उज्यालो हुने वेलासम्म दुईजना मान्छे मेरो घरको छानामा थिए रे। बजियाहरू चिमनीमा बसेर गोडा हल्लाउँदै थिए रे।"

"कस्तो चिमनीमा बस्नु नि? के गर्ने बिचारले होला, भन त?" – भलाद्मीले आश्चर्य मान्दै सोध्न थाले।

त्यही वेला कुखुराको खोरतिरबाट कुनै झन्काइको आवाज आयो। कपाल फुलेका भलाद्मीको हातको पेचकस हल्लनाले तन्किएको स्प्रिङ्ग छन्द्रङ्ग गर्दै फलामको बिर्कोसंगै प्वालबाट फुत्कियो। के तात्यान्का र के अल्छी कुकुर सबैले कहाँबाट आवाज आयो र के भयो भन्ने कुरा नबुझेर मुन्टो फर्काए। कोल्या कोलोकोल्चिकोभ भने एक शब्द

पनि नबोलेर गाजरको ड्याङ हुँदै खरायो जस्तै दौडयो र पर्खाल नाघेर बेपत्ता भयो।

गाईको गोठनजिक पुगेर ऊ रोकियो। त्यहाँ पनि कुखुराको खोरबाट जस्तै अनेक किसिमको आवाज आइरहेको थियो, मानौं कोही घनले फलामको लीगमा जोडले हान्दैछ। यहीं नै सिमा सिमाकोभसंग उसको भेट भयो। कोल्याले आत्तिएर ऊसंग सोध्यो :

"मैले त बुझ्नै सकिनँ, सुन् त! के भयो? खतराको घण्टी हो ...?"

"होइन! शायद यो सामान्य भेलाको निम्ति एक नम्बरको सङ्केत हो।"

बार फड्केर पर्खालको छिद्रबाट उनीहरू पार्कभित्र पसे। त्यहाँ उनीहरूको फराकिलो काँध भएको बलियो ठिटो गेइकासंग भेट भयो। भासिली लादीगिन र केही अरू केटाहरू पनि पछि लागे। हल्ला नगरीकन आफ्नै सुरमा उनीहरू कुनै निश्चित दिशातिर फूर्तिका साथ जाँदैथिए र दगुर्दादगुर्दै संक्षेपमा कुराकानी पनि गर्दैथिए :

"यो खतराको सङ्केत हो?"

"होइन, यो सामान्य भेलाको निम्ति एक नम्बरको सङ्केत हो।"

"यो कुन सङ्केत हो? यो "टिङ-टिङ-टिङ", "टिङ-टिङ-टिङ"... सङ्केत त होइन। यो त कुनै बदमाशले पाङ्ग्रामा एकैचोटी दशपल्ट प्रहार गरेको हो।"

"त्यहीं हेरौंला!"

"हुन्छ, जाचौंला!"

"बिजुली बेगले बढौं!"

त्यतिखेरै भेन्या बास बसेको दाचाको त्यसै कोठामा तेह्र वर्ष जतिको कालो कपाल भएको अग्लो ठिटो उभिइरहेको थियो। त्यसले पातलो कालो पतलून र लालतारा सिएको गाढा नीलो रङ्गको खगाले कमिज लगाएको थियो।

कपाल सेतै फुलेको एक जना झ्यापुल्ले बुढो ऊनेर आयो। उसले लगाएको घरबुनाको कमिज गरीबीको प्रतीक थियो। उसको ह्वार्लाङ्गे पतलून टालैटालाले ढाकिएको थियो। देब्रे खुट्टाको घुँडामा पेटीले काठको भद्दा फल्याक बाँधिएको थियो। उसले एउटा हातले कागजको टुक्रो र अर्को हातले पुरानो पालिश खुइलिसकेको रिभल्भर समातेको थियो।

"नानी, निस्कँदाखेरि ढोका बलियोसंग बन्द गरे है।"—ठटेउलो स्वरमा बुढाले पढ्यो।—"हाम्रो सोफामा राति को सुतेको थियो? आखिर त मलाई बताउँछस् होला नि?"

"एक जना परिचित केटी।" – ठिटाले नचाहेरै जवाफ दियो। – "उसलाई म नभएको वेलामा कुकुरले रोकेर राखेको थियो।"

"हेर् ढाँटेको।" – बुढो रिसायो। – "यदि तैंले उसलाई चिन्हेको हुँदोहोस् त चिट्ठीमा किन उसको नाम लेखिनस्?"

"चिट्ठी लेख्दा चिन्हेको थिइनँ, तर म अहिले उसलाई चिन्छु।"

"चिन्याथिइनस्! तैपनि तैंले बिहान उसलाई दाचामा एकलै छोडिस्? तँ, हेर बाबु, रोगी रहेछस् र तँलाई पागलखाना पठाउन पर्ने! त्यो नकच्चरीले ऐना फुटाई, एश्ट्रे टुक्राटुक्रा पारी। रिभल्भरमा भरूवा गोली थियो। यदि साँच्चैको गोली भएको भए?"

"तर काका... तपाईंसंग साँच्चैको गोली कहिल्यै पनि हुन्न, किनभने तपाईंका शत्रुहरूको बन्दूक र तरवार... पनि काठकै मात्र हुन्छन्।"

बुढो मुस्कुराएको जस्तो लाग्थ्यो। तर झ्यापुल्ले टाउको झड्कारेर उसले कडा शब्दमा भन्यो। – "होस् गर्! म सबै कुराको विचार राख्छु। मैले बुझेअनुसार तेरा कामकुरा ठिक छैनन्। यस्तो नहोस् कि तँलाई आमाकहाँ नै फर्काइदिन परोस्।"

लौरो टेक्दै भऱ्याङ्ग चढेर बुढो माथितिर लाग्यो। ऊ ओझेल हुनासाथ ठिटो उफ्रियो र कोठातिर दौडेको कुकुरका पञ्जा समातेर त्यसको थुतुनोमा म्वाइ खायो।

"हेर, रीता! आज हामी फेला पऱ्यौं। केही छैन, आज उनी दयालु छन्। अब उनी गीत गाउनेछन्।"

साँच्चै नै! माथि कोठाबाट खोकेको आवाज आयो? अनि, ल-ल-ल-ल... र अन्त्यमा मधुर स्वरले गीत गाएको सुनियो।

तीन रात अनिंदो नै काटें।
याद त्यसैको आउँछ झल्झल॥
उराठलाग्दो सन्नाटामा,
रहस्यमय क्यै गर्दछ चल्मल॥

"पख्! पागल कुकुर!" – तिमुर चिच्च्यायो। – "किन तँ मेरो पतलून तान्छस्, मलाई कता लैजाँदैछस्?"

अकस्मात् उसले जोडले माथि काकाको कोठामा जाने ढोका बन्द गऱ्यो र त्यहींबाट दलान भएर कुकुरको पछि लाग्दै ऊ बरण्डामा निस्क्यो।

बरण्डाको कुनामा टेलिफोनको सानो बुथनजिकै डोरीले बाँधेर झुण्ड्याएको काँसको घण्टी हल्लिरहेको थियो र भित्तामा ठोकिइराखेको थियो।

ठिटाले घण्टी हातमा लियो र डोरी कीलामा बेऱ्यो। तर हल्लिएको डोरी खुकुलो भयो, पक्कै पनि कतै चुँडियो होला। चकित हुँदै र झर्किंदै उसले टेलिफोनको रिसिभर उठायो।

यो सबै घटना घट्नुभन्दा एक घण्टाअघि ओल्गा टेबुलनेर बसेकी थिई। उसको अगाडि भौतिकविज्ञानको पाठ्यपुस्तक थियो।

झेन्या भित्र पसी र आइडीनको शीशी झिकी।

"झेन्या!" – ओल्गाले असंतुष्ट भएर सोधी। – "तिम्रो काँधमा केले चिथोरे-को?"

झेन्याले निश्चिन्त भएर जवाफ दिई। – "म जाँदैथिए, बाटोमा काँढा हो या कुनै तीखो र धारिलो कुरा रहेछ क्यारे। अनि त यस्तो भयो।"

"म हिंड्ने बाटोमा त्यस्तो काँढा या धारिलो केही किन हुँदैन नि?" – ओल्गाले उसलाई जिस्क्याउँदै भनी।

"झूठ! तिम्रो बाटोमा हिसाबको जाँच तेर्सिएको छ। त्यो तीखो र धारिलो छ। होश गर, कोपरिएला। ... ओल्गा इन्जिनियर नबन, डाक्टर बन!" – टेबुलको ऐना ओल्गाको अगाडि सारेर झेन्याले भन्न थाली। – "ल हेर! तिमी केको इन्जि-नियर बनौली? इन्जिनियर त यस्तो ... यस्तो ... र यस्तो हुनपर्छ। (उसले अनुहारमा झटपट तीन प्रकारका भावभंगिमा देखाई।) तिमी त यस्ती ... यस्ती ... र यस्ती छौ!" – झेन्याले अहिले आँखा चिम्स्याई, आँखीभौं तन्काई र नम्र भएर मुसुमुसु हाँसी।

"धूर्त!" – ओल्गाले, उसलाई अङ्गालो मारेर म्वाइँ खाई र सुस्तरी धकेल्दै भनी। – "झेन्या, जाऊ! मलाई नबिथोल! बरू तिमी इनारमा पानी लिन गए हुन्थ्यो।"

झेन्याले थालबाट स्याउ झिकी, कुनातिर लागी र झ्यालनेर उभिई, त्यसपछि आकर्डियनको खोल निकाल्दै भन्न थाली:

"ओल्गा! तिमीलाई थाहा छ, आज एक जना मनेर आए। हेर्दा राम्रै देखिन्थे – गोरा, सेतो सुट लगाएका। मलाई सोधे: 'तिम्रो नाम के हो, नानी? मैले जवाफ दिए: झेन्या ...।'"

"झेन्या, नकराऊ भनेको! बाजा पनि नचलाऊ!" –पुस्तकमै तल्लीन रहेर ओल्गाले मुन्टो नफर्काईकन भनी।

आकर्डियन झिकेर झेन्याले भन्दै गरी। – 'तिम्रो दिदीको नाम, शायद, ओल्गा हो क्या रे?'

उसको कुरा सुनेर ओल्गाले अनायासै दोहऱ्याई। – "झेन्या, नकराऊ र बाजा पनि नचलाऊ!"

"उनी भन्छन्: 'तिम्रो दिदी असाद्धै राम्रो बजाउँछिन्। उनी सङ्गीत विद्यालय-मा पढ्न चाहन्नन्?' (झेन्याले आकर्डियन झिकी र काँधमा फित्ता हाली।) 'अहँ!' – म भन्छु। – 'उनले लौहकन्क्रट विषयमा पढ्न थालेकी छन्।' त्यसो भनेपछि उनले 'ए!' भने। (झेन्याले बाजाको एउटा पर्दा थिची) मैले उनलाई बी!' भनें।" (झेन्याले अर्को पर्दा थिची।)

"बेकम्मा केटी! बाजा ठाउँमा राख!" –ओल्गा उठेर फतफताउन थाली। – "जो पायो त्यहीसंग कुरा गर्न तिमीलाई कसले पठायो?"

"ल, राख्दिन्छु।" –झेन्याले चित्त दुखाई। – "कुरा गर्न मैले थालेकी होइन, उनैले थालेका हुन्। तिमीलाई भन्न चाहेकी थिएँ, अब भन्दिनँ। पर्ख, बुवा आएपछि तिमीले देखौली!"

"मैले? तिमीले नै देखौली नि! तिमी मलाई पढ्न पनि दिन्नौ।"

"होइन, तिमीले नै देखौली!" –रित्तो बाल्टिन समातेर सिंढीबाटै झेन्या कराई। – "घरि मट्टितेल किन्न, घरि साबुन लिन, घरि पानी भर्न भनेर दिनको सयपल्ट तिमीले मलाई लखेटेको कुरा उहाँलाई भन्दिन्छु। म तिम्रो ट्रक होइन, घोडा होइन, ट्र्याक्टर होइन!"

उसले पानी ल्याई र बाल्टिन बेन्चमा राखी। तर ओल्गा कुनै वास्ता नगरेर किताबमाथि नै निहुरिरहेकी हुनाले झेन्या ठुस्स परेर बगैंचातिर लागी।

पुरानो दुईतले कटेराअगाडिको चहुरमा निस्केपछि झेन्याले खल्तीबाट गुलेली निकाली र रबर तन्काएर कागजी प्यारासुटिष्टलाई आकाशमा छोडी।

उल्टो पारेर छोडेको प्यारासुटिष्ट सुल्टो फर्क्यो। त्यसमाथि आकाशी रङ्गको कागजी छाता खुल्यो, तर त्यही वेला ठूलो वतास चल्नाले छाताधारी हुत्तिन थाल्यो र कटेराको अँध्यारो बुईंगलपछिल्तिर हरायो।

दुर्घटना! कागजी मान्छेलाई बचाउनुपऱ्यो। झेन्याले कटेराको चक्कर लगाई। त्यसको प्वालैप्वाल परेको छानाको चारैतिर मसिना डोरीका तारहरू तन्किरहेका थिए। उसले झ्यालमा मक्किएको लिस्नो लगाई र त्यसैबाट माथि पुगेर बुईंगलको भुईंमा हामफाली।



साह्र अचम्म! यहाँ मान्छे बस्दा रहेछन्। भित्तामा धागोका लच्छा, लालटिन, दुईपट्टि फर्काएर राखिएका साङ्केतिक झण्डाहरू, नबुझिने चिन्हहरू कोरिएको बस्तीको नक्सा झुण्ड्याइएको थियो। कुनामा भाङ्ग्राले ढाकेर परालको बिटो राखिएको थियो। त्यहीं नै काठको बाकस उल्ट्याएर राखिएको थियो। प्वालैप्वाल भएको छानानजिकै जहाज चलाउने जस्तै ठूलो पाङ्ग्रो ठडिएको थियो। पाङ्ग्रामाथि स्वनिर्मित टेलिफोन झुण्डिएको थियो।

झेन्याले प्वालबाट चियाएर हेरी। उसको सामु घना बगैंचाका पातका झुप्पाहरू समुद्रका लहर जस्तै लहलहाइरहेका थिए। आकाशमा परेवाहरू खेल्दैथिए। झेन्याले कल्पना गर्न थाली: मानौं यी परेवाहरू जलेवा हुन् र यो तारैतारको छाना तथा बत्ती र झण्डा भएको पुरानो कटेरो ठूलो पानीजहाज हो, अनि ऊ स्वयम् त्यसको कप्तान हो।

उसलाई रमाइलो लाग्यो। उसले जहाजको पाङ्ग्रो घुमाउन थाली। तन्किएका तारहरू हल्लन र बज्न थाले। बतास चल्यो र हरित लहरहरू तेजिला भए। उसलाई आफ्नो कटेरोरूपी जहाज बिस्तारै र शान्तसंग लहरहरूमा ढलपलाइरहेको जस्तो लाग्यो।

"बायाँ घुम!" – झेन्याले चर्को स्वरमा आदेश दिई र बलैसंग गह्रुङ्गो पाङ्ग्रो घुमाउन थाली।

छानाका छिद्रहरूबाट सूर्यका स-साना र सोझा किरणहरू उसको अनुहार र जामामा परेका थिए। तर झेन्याको कल्पनामा त्यो दुश्मनको जहाजबाट आएको ज्योति थियो। उसले उनीहरूविरुद्ध लडाईं गर्ने निर्णय गरी।

निकै बल लगाएर उसले चुँई-चुँई गर्ने पाङ्ग्रो चलाउन थाली। दायाँ-बायाँ घुमाउँदै ऊ गर्जेर आदेश दिन्थी।

अनि ज्योतिका तेजिला र सोझा किरणहरू मलिन भए र निभे। अवश्य नै बादल लागेर त्यस्तो हुन गएको थिएन, दुश्मनको जहाज ध्वस्त भएर डुबेको हो।

लडाईं सिद्धियो। झेन्याले धुलैधुलो भएको हातले निधार पुछी। अकस्मात्

भित्ताको टेलिफोनको घण्टी बज्यो। झेन्याले यस्तो होला भन्ने ठानेकी थिइन। उसले त्यस टेलिफोनलाई खेलौना सम्झेकी थिई। उसलाई आफैलाई विश्वास लागेन। उसले रिसीभर उठाई।

चर्को र कडा स्वरमा कोही सोध्दैथियो:

"हेलो! हेलो! जवाफ देऊ! कुन गधा हो त्यो, तार चुँडालेर सङ्केत दिने? मूर्ख र अबूझहरू!"

"म गधा होइन।"—अलमल्ल भएर झेन्या भटभटाई।—"म झेन्या हुँ।"

"पागल केटी!"—कडा र आत्तिएको स्वरमा उही मानिस करायो।—"पाङ्ग्रो नचलाऊ र त्यहाँबाट भाग! अहिले नै दौडेर... मानिसहरू आइपुग्छन् र तिमीलाई ठटाउँछन्।"

झेन्याले रिसीभर फाली, तर ढिलो भइसकेको थियो। त्यहाँ उज्यालोमा टाउकैटाउका देखिन थाले—तिनीहरू गेइका र उसका पछाडि सिमा सिमाकोभ, कोल्या कोलोकोल्चिकोभ थिए र उनीहरूको पछि लागेर अरू थुप्रै केटाहरू आउँदैथिए।

"को हौ तिमीहरू?"—झ्यालबाट पर सरेर झेन्याले डराई-डराई सोधी।—"जाओ यहाँबाट! यो हाम्रो बगैंचा हो। तिमीहरूलाई यहाँ मैले बोलाएकी थिइनँ।

तर केटाहरू काँधमा काँध मिलाएर टम्म घेरा लगाउँदै झेन्यातिर लम्के। कुनामा थुनिंदैगएकी झेन्या चिच्याई।

ठिक त्यसै वेला उज्यालोमा अर्को एउटा छायाँ पनि देखियो। सबै जनाले मुन्टो बटारे र बाटो छोडे। झेन्यासामु कालो कपाल भएको अग्लो ठिटो उभियो। उसले छातीमा लालतारा सिएको नीलो खगाले कमीज लगाएको थियो।

"चुप लाग, झेन्या!"—उसले चर्को स्वरमा भन्यो।—"चिच्च्याउनुपर्दैन। तिमीलाई कसैले छुँदैन। तिम्रो-हाम्रो चिनजान छ। म तिमुर हुँ।"

"तिमी तिमुर?!"—आँसुले भरिएका आँखा पूरै खोलेर झेन्या विश्वासै नमानी उत्तेजित भई।—"मलाई राति च्यादर ओडाइदिने तिमी नै हौ? बुवालाई मोर्चामा टेलिग्राम पठाइदिने र मलाई साँचो र रसीद ल्याइदिने पनि तिमी नै हौ? तर किन? के को निम्ति? तिमीले मलाई कसरी चिन्यौ?"

त्यतिखेर ऊ झेन्यानेर गयो र उसको हात समातेर भन्न थाल्यो।—"हामीसंगै रहू! बस र सुन। तिमीलाई सबै कुरा थाहा हुनेछ।"

परालमाथि बिछ्याएको बोरामा तिमुरको वरिपरि सबै जना बसे। उसले आफ्नो सामु बस्तीको नक्सा फिंजायो।

खिड्कीमाथिको प्वालनजिकै डोरीको पिङ्गमा रखवारे बसेको थियो। उसको घाँटीमा झुण्डिएको किच्चिएको फित्तामा नाचघरवाला दूरबीन थियो।

तिमुरको नजिकै भेन्या बसेकी थिई र यो कसैलाई अत्तोपत्तो नभएको दलको बैठकमा भएका गतिविधि चनाखो दृष्टि लगाएर हेर्दथी र ध्यान दिएर कुरा सुन्दथी। तिमुर बोल्दैथियो :

"भोलि बिहान सवेरै मानिसहरू नबिउँभदै म र कोलोकोल्चिकोभ भएर उसले (तिमुरले भेन्यातिर देखायो) चुँडाएका तारहरू मिलाउनेछौं।"

"त्यो उठ्दैन।" – जहाजीहरूको जस्तो गन्जी लगाएको गेइकाले उदास भएर भन्यो। – "ऊ बिहान र दिउँसो खाने वेलामा मात्र बिउँभन्छ।"

"भूठ!" – कोल्या कोलोकोल्चिकोभ कराउँदै र लर्खराउँदै उफ्रयो। – "म सूर्यको पहिलो किरणसंगै बिउँभन्छु।"

"मलाई थाहा छैन, सूर्यको कुनचाहिं किरण पहिलो र कुन दोस्रो हो, तर ऊ पक्का उठ्दैन।" – गेइकाले ठोकेर भन्यो।

त्यही वेला डोरीको पिङ्गमा हल्लिरहेको रखवारेले सुसेल्यो। केटाहरू जन्याक-जुरूक उठे।

बाटोमा धूलोको मुस्लो उडाउँदै घोडचढीहरूको तोपधारी पल्टन गइरहेको थियो। पेटी र लगाम लागेका बलिया घोडाहरू बेगले गोलीगट्ठाका बाकसहरू र खैरो खोलले ढाकिएका तोपहरू तान्दैथिए।

बतास र घाम सहेका घोडचढीहरू नहल्लीकन काठीमा बसेका थिए र फुर्तीका साथ मोडिएर एकपछि अर्को गर्दै भाडीमा बिलाउँदैगएका थिए।

पल्टनले बस्ती काट्यो।

"उनीहरू सामान लाद्न जंक्सन गएका हुन्।" – कोल्या कोलोकोल्चिकोभले गम्भीर भएर बतायो। – "कहिले उनीहरू अभ्यासमा गएका हुन्, कहिले परेडमा र अन्त कतै, म सबै कुरा उनीहरूको पोशाक देखेरै बुझिहाल्छु।"

"बुझ्छस् भने चुप लाग्!" – गेइकाले उसलाई रोक्यो। – "हाम्रो पनि आँखा छ। तिमीहरूलाई थाहा छ, केटा हो! यो गफी लाल सेनामा जान चाहन्छ।"

"हुँदैन!" – तिमुरले आपत्ति जनायो। – "यो बेकारको कुरा हो।"

"किन हुँदैन?" – कोल्याले मुख रातो पारेर सोध्यो। – "उसो भए उहिले किन भर्खरका ठिटाहरू भागेर सेनामा भर्ती हुन जान्थे त?"

"उहिलेको कुरा खुइले। तर अहिले सबै प्रमुख र कमाण्डरहरूले हामी जस्ता ठिटाहरूलाई कठालोमा समातेर त्यहाँबाट निकाल्ने आदेश पाएका छन्।"

"कस्तो निकाल्ने भनेको?" – कुरा बुझेपछि कोल्या कोलोकोल्चिकोभ भन् रातो भएर कराउन थाल्यो। – "आफ्नैहरूलाई … निकाल्ने?"

"हो त नि!" – अनि तिमुरले लामो सास फेर्‍यो। – "आफ्नैहरूलाई! ल,

केटा हो, अब कामको कुरा गरौं!"

सबैजना आ-आफ्नो ठाउँमा बसे।

"क्रिभोइ सडकको चौंतीस नम्बरको घरमा अज्ञात केटाहरूले स्याउको बोट भाँचे।" – मन दुखाएर कोल्या कोलोकोल्चिकोभले सूचना गऱ्यो। – "उनीहरूले दुइटा हाँगा भाँचे र डचाङ पनि बिगारिदिए।"

"कसको घर हो?" – तिमुरले मोटो कापी पल्टायो। – "यो घर लाल सैनिक क्रयुकोभको हो। अरूको बगैंचा र स्याउका बोटहरूसम्बन्धी हाम्रो पुरानो विशेषज्ञ को हो?"

"म!" – कसैको व्यग्र स्वर सुनियो।

"यो कसको काम हो?"

"यो मिखाइल क्भाकिन र 'फिगुरा' नामक उसको सहायकको काम हो। असल 'सुनौला' जातको स्याउ हो। अवश्य नै छानेर लिएको हो।"

"फेरि क्भाकिन नै!" – तिमुर विचारमग्न भयो। – "गेइका, तिम्रो ऊसंग कुरा भयो?"

"भयो।"

"के भयो त?"

"गर्धनमा दुई झापू मारें।"

"अनि ऊ?"

"उसले पनि मलाई दुई दनक लगायो।"

"तिम्रा कुरा त्यस्तै हुन्छन्... 'झापू', 'दनक'... बेमतलबका। ल, भैहाल्यो! क्भाकिनबारे विशेष छलफल गर्नुपर्ला। अरू कुरा गरौं।"

"पच्चीस नम्बरको घरमा बस्ने दूध बेच्ने बुढीको छोरालाई रिसल्ला फौजमा लगे।" – कुनाबाट कसैले सूचना दियो।

"लौ, फेला पऱ्यो।" – तिमुरले तिरस्कार गर्दै टाउको हल्लायो। – "त्यहाँ तेस्रो दिन नै ढोकामा हाम्रो चिन्ह राखिएको थियो। कसले राखेको हो? तैंले होइन, कोलोकोल्चिकोभ?"

"मैले हो।"

"उसो भए ताराको देब्रेपट्टिको माथिल्लो चुच्चो किन त जुकाजस्तो टेढो? काम लिएपछि राम्रोसंग गर्! देखे भने पनि मान्छे हाँस्छन्। ल, अरू के छ?"

सिमा सिमाकोभ जुरुक्क उठ्यो र नअडीकन उसले भटाभट भन्यो:

"पुश्काऱ्योभा सडकको चवन्न नम्बरको घरको बाख्री हरायो। म जाँदैथिए, देख्छु – बुढीले केटीलाई पिटिरहेकी। म कराएँ – 'काकी, त्यसरी पिट्न हुँदैन।'

उनले भनिन् – 'बाख्री हरायो। तेरो सर्वनाश होस्।' – 'कहाँ हरायो र?' – 'उसले त्यहाँ झाडीउताको गहिरीमा पट्वा चपायो, त्यहीं ब्वासोले खाए झैं हरायो।' "

"पर्ख त! त्यो घर कसको हो?"

"लाल सैनिक पाभेल गुन्येभको। केटी उनकै छोरी हो, नाम न्युर्का हो। उसलाई पिट्ने बज्यै हुन्। नाम थाहा छैन। बाख्री खैरो छ र ढाडमा कालो पाटो छ। नाम मान्का हो।

"बाख्री खोज्नू!" – तिमुरले कडा स्वरमा आदेश दियो। – "चार जनाको टोली खट्नेछ। तिमी... तिमी र तिमी। ल त, यत्ति नै हो, केटा हो?"

"बाइस नम्बरको घरमा बच्ची रुन्छे।" – गेइकाले नचाही-नचाही खबर गर्‍यो।

"किन रुन्छे?"

"सोधेको हो, भन्दिन।"

"तिमीले राम्रोसंग सोधेको भए हुन्थ्यो। कसैले पिट्यो कि, चित्त दुखाइदियो कि?"

"सोधेको हो, भन्दिन।"

"बच्ची ठूलै छे?"

"चार वर्षकी।"

"ल, बर्बाद छ। भर्खर चार वर्षकी! पर्ख त, कसको घर हो?"

"लप्टन पाभ्लोभको घर हो, जसलाई हालै सिमानामा मारे।"

"सोधेको हो – भन्दिन।" – चिन्तित भएर तिमुरले गेइकालाई गिज्यायो। ऊ मलीन भयो र विचार गर्‍यो। – "ल, भैहाल्यो, म आफै जाउँला। तिमीहरूले यसको सरोकार राख्नुपर्दैन।"

"क्षितिजमा मिखाइल क्भाकिन देखापर्‍यो।" – रखवारेले चर्को स्वरमा सूचना दियो। – "सडकको पल्लो छेउमा जाँदैछ। स्याउ ढाडिंदैछ। तिमुर, टोली पठाऊ! त्यसलाई लपेटो लगाउन् अथवा घिच्याइदिउन्।"

"पर्दैन। सबै जना आआफ्नो ठाउँमा बस! म चाँडै नै फर्कन्छु।"

ऊ झ्यालबाट उफ्रेर भऱ्याङ्गमा झर्‍यो र झाडीमा पसेर नदेखिने भयो। रखवारेले फेरि सूचना दियो। –

"फाटकनजिकै भुड्को लिएर दूध किनिरहेकी राम्री अज्ञात तरूनी मेरो नजरमा परेकी छे। शायद, दाचाकी मालिक्नी होली।"

"तिम्री दिदी हुन्?" – झेन्याको बाहुला तानेर कोल्या कोलोकोल्चिकोभले सोध्यो। कुनै उत्तर नपाएर उसले चित्त दुखायो र गजक्क परेर सावधान गरायो। –

"तँ उनलाई बोलाउने चेष्टा नगरेस् नि फेरि।"

"बस!" – बाहुला सारेर झेन्याले व्यङ्ग हान्दै उसलाई जवांफ दिई। – "बडो मालिक बन्नुपरेको।"

"नछो त्यसलाई!" – गेइकाले कोल्यालाई जिस्कायो। – "नत्र उसले तेरो दुर्दशा देखाइदिन्छे।"

"मेरो?" – कोल्या रन्क्यो। – "यसका नङ्ग्रा होलान्, होइन? मेरो मस्सल छ। यो... हातका र यो खुट्टाका।"

"तँलाई उसले हात-खुट्टाको मस्सलसमेत ठिक गरिदिन्छे। केटा हो, होशियार होऊ! तिमुर क्भाकिननेर पुग्दैछ।"

हाँगो भाँचेर बिस्तारै हल्लाउँदै तिमुर क्भाकिनसंग टक्कर लिन जाँदैथियो। यसको पत्तो पाएर क्भाकिन रोकियो। त्यसको थेप्चे अनुहारमा कुनै आश्चर्य तथा त्रास देखिंदैनथ्यो।

"नमस्ते, कमिस्सार!" – टाउको बङ्ग्याएर उसले सानो स्वरमा भन्यो। – "कता हतारिंदै छौ।"

"नमस्ते, सरदार!" – तिमुरले त्यस्तै ढङ्गले जवाफ दियो। – "तिमीलाई नै भेट्न!"

"अतिथि देखेर खुशी छु, तर सत्कार गर्ने केही छैन। यस्तोले होला र?" – खोकिलाबाट स्याउ झिकेर उसले तिमुरलाई दियो।

"चोरेको?" – तिमरले स्याउ टोक्दै सोध्यो।

"यी नै हुन्। 'सुनौला' जातका।" – क्भाकिनले बतायो। – "तर दुःखको कुरा! राम्रोसंग पाक्न पाएका छैनन्।"

"अमिलो रहेछ।" – स्याउ फालेर तिमुरले भन्यो। – "सुन त! चौंतीस नम्बरको घरको पर्खालमा तिमीले यस्तो चिन्ह देखेका छौ।" –

तिमुरले आफ्नो नीलो कमीजमा सिएको तारा देखायो।

"अँ, देख्याछु।" – क्भाकिन सावधान भयो। – "म, हेर भाइ, दिउँसो पनि, राति पनि सबै कुरा देख्छु।"

"त्यसो भए, यदि दिउँसो अथवा राति कतै यस्तो चिन्ह देख्यौ भने तिमीलाई तातो पानीले छ्यापे जस्तै त्यहाँबाट भागिहाल।"

"ए, कमिस्सार! तिमी कति तातेका!" – क्भाकिनले लेग्रो तान्दै भन्यो। – "ल भयो, कुरा गर्‍यौं।"

"ए, सरदार! तिमी किन त्यस्तो जिद्दी गर्छौ!" – स्वर नचर्काएरै तिमुरले जवाफ दियो। – "अबदेखि आफै पनि याद राख र जमातलाई पनि भन्देऊ कि तिमीहरूसंग यो कुराकानी अन्तिम हुनेछ।"

टाढाबाट देख्ने कसैले पनि ती कुरा गर्नेहरू शत्रु हुन्, नजिकका मित्र होइनन् भनेर ठान्दैन थियो होला। त्यसैले हातमा घैंटो समातेकी ओल्गाले त्यो बदमाश क्भाकिनसंग बात गर्ने केटो को हो भनेर दूध बेच्ने बुढीलाई सोधी।

"थाहा छैन।" – दूध बेच्ने बुढीले विनम्र भएर जवाफ दिइन्। – "होला नि त्यस्तै बदमाश र उपद्रयाहा। किन हो कुन्नि, अक्सर ऊ तपाईंहरूकै घर वरिपरि चियो गर्दछ। हेर है नानी, कतै फेरि तिम्री बहिनीलाई नठटाउन्।"

ओल्गा चिन्ताले ग्रस्त भई। यी दुबै केटाहरू-लाई उसले घृणाको दृष्टिले हेरी। बरण्डामा गएर उसले घैंटो राखी र ढोका थुनेर दुई घण्टादेखि घरमा नाक-मुख नदेखाएकी झेन्यालाई खोज्न ऊ बाटोमा निस्की।

बुईंगलमा फर्केपछि तिमुरले केटाहरूलाई आफ्नो भेटको कुरा बतायो। भोलिपल्ट उनीहरूको पूरै जमातलाई लिखित अल्टिमेटम पठाउने निर्णय भयो।

केटाहरू बुईंगलबाट ओर्लेर चुपचापसित पर्खालका छिद्रहरूबाट निस्के। अक्सर उनीहरू जहाँ-तहींबाट पर्खाल नाघ्दै आ-आफ्नो घरतिर दगुर्थे। तिमुर झेन्यानेर गयो।

"कसो?" – उसले सोध्यो। – "तिमीले सबै कुरा बुझ्यौ?".

"अँ।" – झेन्याले जवाफ दिई। – "तर त्यति राम्रोसंग बुझिनँ। तिमीले राम्रोसंग बुझाइदेऊ न।"

"त्यसो भए तल आऊ र मसंग हिंड। जे भए पनि तिम्री दिदी अहिले घरमा छैनन् क्यारे।"

उनीहरू बुईंगलबाट ओर्लेपछि तिमुरले लिस्नो निकाल्यो। अँध्यारो भइसकेको थियो, तर पनि झेन्या निर्धक्कसित उसको पछि लागी।

दूध बेच्ने बुढिया बस्ने कटेरामा पुगेर उनीहरू रोकिए। तिमुरले चारैतिर हेऱ्यो। वरिपरि कोही थिएन। खल्तीबाट तेलरङ्गले भरिएको टयुब निकालेर ऊ ढोकातिर लाग्यो। त्यहाँ ताराको माथिल्लो पट्टिको देब्रे चुच्चो साँच्चै नै जुकाजस्तै बाङ्गो थियो।

उसले निर्धक्कसंग कुना मिलायो, चुच्चो तिखो बनायो र सोझ्यायो।

"किन त्यसो गरेको? भन न!" – झेन्याले उसलाई सोधी। – "यसको अर्थ के हो, तिमी मलाई राम्रोसंग बताऊ!"

तिमुरले टयुब खल्तीमा हाल्यो, लोपुखको पात चुँडाल्यो र रङ्ग लागेको हात पुछ्दै झेन्याको मुख हेरेर भन्यो:

"यसको अर्थ के हो भने यस घरका मानिस लाल सेनामा गएका छन्। यस दिनदेखि यो घर हाम्रो रेखदेख र पहरामा रहन्छ। तिम्रो बुवा सेनामा हुनुहुन्छ, होइन?"

"हो।" – झेन्याले आँत्तिंदै गर्वका साथ जवाफ दिई। – "उहाँ कमाण्डर हुनुहुन्छ।"

"यसको मतलब तिमी पनि हाम्रो रेखदेख र पहरामा रहन्छयौ।"

उनीहरू अर्को दाचाको ढोकाअगाडि रोकिए। यहाँ पनि पर्खालमा ताराको चित्र थियो, तर सोझा उज्यालाा कोणहरूलाई मोटो कालो धर्सोले घेरिएको थियो।

"ऊ, हेर!" – तिमुरले भन्यो। – "यस घरका मानिस लाल सेनामा गएका थिए। तर उनी जीवित छैनन्। यो लप्टन पाभ्लोभको दाचा हो। उनी हालै सिमानामा मारिए। यहाँ उनकी पत्नी र त्यही सानी बच्ची बस्छन्, जो किन रोइराख्छे भन्ने कुरा दयालु गेइकाले कसै गरी पनि बुझ्न सकेन। झेन्या, यदि तिमीले कुनै राम्रो मौका पायौ भने उसलाई केही मद्दत गर्देऊ है!"

उसले कत्ति अप्ठेरो नमानीकन यो कुरा गऱ्यो, तर झेन्याका भने आङ र हात

जिरिङ्ग भए, यद्यपि त्यो साँझमा न्यानो मात्र होइन, गर्मी नै थियो।

ऊ शिर निहुऱ्याएर मौन रहेकी थिई। केही न केही भए पनि भनौं भनेर मात्र उसले सोधी:

"गेइका दयालु छ र?"

"अँ!" – तिमुरले जवाफ दियो। – "ऊ जहाजी नौसैनिकको छोरो हो। कोलोकोल्चिकोभको केटाकेटीपन र शेखीले गर्दा गेइका उसलाई अक्सर हप्काउँछ, तर आफू भने जहिले पनि र जहाँ पनि उसैको पक्षमा हुन्छ।

चर्को र झण्डै क्रोधित चिच्च्याहटले गर्दा उनीहरू फर्केर हेर्न वाध्य भए। अलिक टाढा ओल्गा उभिइराखेकी थिई।

झेन्याले तिमुरको हात समाती, ऊ तिमुरलाई लगेर ओल्गासंग चिनजान गराउन चाहन्थी।

तर अर्को पनि त्यस्तै कडा र चिसो चिच्च्याहटले गर्दा झेन्या आफ्नो यो मनसाय त्याग्न बाध्य भई।

आफैलाई दोषी ठान्दै झेन्याले तिमुरलाई हेरेर टाउको र कुम हल्लाई र ओल्गातिर लागी।

"झेन्या!" – लामो सास फेर्दै ओल्गाले रुन्चे स्वरमा भनी। – "तिमीलाई म यो केटासंग बोल्न दिन्नँ। बुझ्यौ तिमीले?"

"तर ओल्गा, के भएको तिमीलाई?" – झेन्याले गुनगुनाउँदै भनी।

"तिमीलाई म यो केटासंग सङ्गत गर्न दिन्नँ।" – ओल्गाले कडिकडाउसंग भनी। – "तिमी तेह्र वर्षकी भयौ, म अठार वर्षकी। म तिम्री दिदी...। म जेठी...। बुवाले जाने वेलामा भन्नुभाथ्यो...।"

"ओल्गा, तिमीले ठ्याम्मै केही पनि बुझिनौ!" – दुःख मानेर झेन्या कराई।

उसलाई कम्प छुटचो। ऊ बताउन चाहन्थी, सफाई दिन चाहन्थी, तर उसले सकिन। भेद खोल्न पनि त हुँदैनथ्यो। अन्त्यमा भैहाल्यो भनेर उसले दिदीलाई एक शब्द पनि भनिन।

तुरून्तै ऊ बिछ्यौनामा पल्टी। तर निदाउन भने धेरै बेरसम्म सकिन। जब निदाई त कति मस्तसंग निदाई भने राति झ्याल ढक्ढकाएर बुवाको टेलिग्राम छोडेको समेत अत्तो-पत्तो पाइन।

उज्यालो भयो। गोठालोले काठको सिट्टी बजायो। दूध बेच्ने बुढियाले फाटक खोलेर गाईलाई बथानतिर छोडिदिइन्। बुढिया घुम्तीनेर मोडिन पनि भ्याएकी थिइनन्, बबुरको झाडीबाट पाँच जना ठिटाहरू निस्के र रित्ता बाल्टी समातेर

खिटिक्क पनि आवाज आउन नदिई इनारतिर लागे।

"कल चला!"

"बाल्टी दे!"

"लैजा!"

"समात्!"

चिसो पानीमा नाङ्गा खुट्टा भिजाउँदै ठिटाहरू आँगनतिर दगुर्थे र बाल्टीको पानी बज्राँठको पीपामा खन्याएर लगत्तै इनारतिर फर्कन्थे। सास फेर्ने फुर्सद पनि नलिएर इनारको पम्प चलाइरहेको सिमा सिमाकोभ निथ्रुक्क भएको थियो। तिमुरले दौड्दै ऊनेर आएर सोध्यो:

"तिमीहरूले कोलोकोल्चिकोभलाई देखेनौ, हँ? यसको मतलब त्यो उठेन। हतार छ, छिटो गर! बुढिया अहिले नै फर्कन्छिन्।"

कोलोकोल्चिकोभ-परिवारको दाचाअगाडिको बगैंचामा पुगेपछि तिमुरले रूखमुनि उभिएर सुसेल्यो। कुनै उत्तर नपर्खेर रूखमा चढ्यो र कोठातर्फ हेर्न थाल्यो। रूखबाट हेर्दा उसले खिड्कीतिर पर्ने खाटको गोडारी र त्यसमा कम्बलले ढाकिएका खुट्टा मात्र देख्यो।

रूखको बोक्राका टुक्राहरू बिछ्यौनातिर फाल्दै तिमुरले सुस्तरी बोलायो।

"कोल्या, उठ्! कोल्या!"

सुत्ने मानिस हलचलाएन। केही नलागेपछि तिमुरले चक्कु निकाल्यो र एउटा लामो हाङ्गो काटेर त्यसको टुप्पामा अंकुसी बनायो, अनि खिड्कीबाट त्यो अंकुसे घुसारेर कम्बललाई त्यसमा अल्झाई आफूतिर तान्न थाल्यो।

पातलो कम्बल खिड्कीबाट खस्यो। कोठामा आश्चर्यजनक धोक्रे चिच्याहट सुनियो। भित्री लुगा मात्र लगाइराख्ने सेतै फुलेका भलाद्मी निद्रालु आँखा फार्दै खसेको कम्बल समात्न खिड्कीतिर दगुरे।

सम्माननीय बुढाबासंग मुखामुख हुनेबित्तिकै तिमुर एकै सासमा रूखबाट हुर्रिएर टाप भयो।

उता बुढा भलाद्मीले समात्न भ्याएको कम्बल बिछ्यौनातिर फाल्दै भित्ताबाट बन्दूक थुते, छिट्छिटो चश्मा लगाएर बन्दूक खिड्कीबाहिर तेर्स्याए, अनि नाल आकाशतिर फर्काउँदै आँखा चिम्लेर गोली चलाए।

थर्कमान भएको तिमुर इनारनेर पुगेर बल्ल रोकियो। गल्ती भयो। उसले त्यहाँ सुत्ने भलाद्मीलाई कोल्या भन्ठान्यो भने वृद्ध भलाद्मीले पनि उसलाई अवश्य नै चोर भन्ठाने।

त्यत्तिखेर दूध बेच्ने बुढिया बाल्टी र नोल लिएर पानी भर्न फाटकबाट निस्केको तिमुरले देख्यो। उसले बबुरको झ्याङपछाडि लुकेर हेर्न थाल्यो। इनारबाट फर्केर बुढियाले बाल्टी उचालिन् र पीपामा पानी खन्याउनासाथ पछि हटिन्। किनभने पानी टन्न भरिइसकेको पीपाबाट उनले खन्याएको पानी छलछलाउँदै सोझै उनकै खुट्टामा पोखियो।

कुरा बुझ्न नसकेर बुढियाले 'एहे' भन्दै चारैतिर हेरिन् र पीपाको वरिपरि एक चक्कर लगाइन्। उनले पानीमा हात चोभाइन् र नाकमा लगिन्। अनि ढोकामा ताल्चा जस्ताको तस्तै छ कि छैन भनेर हेर्न खड्गेलीतिर दौडिन्। केही भेउ पाउन नसकेपछि छिमेकीको झ्याल ढकढकाउन थालिन्।

तिमुर हाँस्यो र लुकेको ठाउँबाट निस्क्यो। हतारिनुपरेको थियो। घाम उदाइसकेको थियो। कोल्या कोलोकोल्चिकोभ देखा परेन, साथै तारहरूको मरम्मत अझै भएको थिएन।

...कटेरामा पुगेर तिमुरले बगैंचातिर फर्केको खुला झ्यालतिर दृष्टि लगायो।

बिछ्यौनानजिकै टेबुलनेर गन्जी र कट्टु लगाएकी झेन्या बसेकी थिई र निधार ढाकेको कपाल झट्कार्दै केही लेख्दैथिई।

तिमुरलाई देखेर ऊ हच्किन, न त आश्चर्य नै मानी। ओल्यालाई नबिउँझाइदेओस् भनेर उसले तिमुरलाई हात हल्लाएर सावधान मात्र गराई र लेख्न नसिद्धिएको चिट्ठी बाकसमा हालेर सुस्त चालले कोठाबाट निस्की।

आज तिमुरलाई कस्तो आपद् पर्‍यो भन्ने कुरा सुनेपछि उसले ओल्याका अर्तिउपदेश बिर्सी र आफैले चुँडाएका तारहरू जोड्न खुशीसाथ तिमुरलाई मद्दत गर्न राजी भई।

काम सिद्धिएपछि, जब तिमुर बारबाहिर उभिएको थियो, झेन्याले उसलाई भनी: "थाहा छैन, कुन्नि किन हो, मेरी दिदी तिमीलाई देखी सहन्निन्।"

"ल, हेर!" – तिमुरले दुःखी भएर जवाफ दियो। – "मेरा काका पनि तिमीलाई त्यस्तै गर्छन्।"

ऊ हिंड्नै लागेको थियो, झेन्याले रोकी:

"पर्ख, कपाल कोर! आज तिमी झाँक्री जस्तो देखिन्छौ।"

उसले काङ्गियो झिकेर तिमुरलाई दिन मात्र के लागेकी थिई, त्यही वेला पछि-

ल्तिर झ्यालबाट ओल्गा रीसले चिच्याएको सुनियो:
"झेन्या, तिमी के गर्दैछचौ?"

दुई दिदी-बहिनी बरण्डामा उभिएका थिए।
"तिम्रो निम्ति साथीहरू म छान्दिनँ।"–झेन्याले दुखित भएर सफाई दिंदै भनी।–"कस्ता? अत्यन्तै साधारण। सेतो सुट पहिरिएका। 'ओहो, तपाईंकी दिदी कति राम्रो बजाउनुहुन्छ।' क्या मजा! तपाईंले बरू सुन्नुभए हुन्थ्यो–कति मजासंग उनी गाली गर्छिन्। देखौली! यी सब कुराहरू म बुवालाई लेख्छु।"
"झेन्या! त्यो केटो बदमाश हो अनि तिमी मूर्ख।"–शान्त बन्ने प्रयास गर्दै तर चिसो ढङ्गबाट ओल्गाले भन्न थाली।–"बुवालाई लेख्छचौ भने लेख, तर फेरि एकपटक तिमीलाई त्यस ठिटासंग देखें भने म त्यही दिन दाचा छोड्छु र हामी यहाँबाट मास्को जानेछौं। तिमीलाई थाहा छँदैछ, मैले भनेपछि फरक पर्दैन।"
"अँ... पिराही!"–झेन्याले आँसु खसालेर भनी।–"यो त मलाई थाहा छ।"
"ल, अब यो पढ।"–ओल्गाले राति आएको बुवाको टेलिग्राम टेबुलमा राखी र निस्की।
टेलिग्राममा लेखिएको थियो:
"दुई-चार दिन भित्रैमा केही घण्टा मास्कोमा रोकिने गरेर यात्रामा जाँदैछु, मिति र समय अर्को टेलिग्राममा–बुवा।"
झेन्याले आँसु पुछी, टेलिग्राम ओठमा टाँसी र सुस्तरी गुनगुनाई:
"चाँडै आउनोस्, बुवा! मलाई, तपाईंकी झेन्यालाई साह्रै कठिन छ।"

जुन घरको बाख्री हराएको थियो र जहाँ त्यही फुर्तिली केटी न्युर्कालाई पिट्ने बूढी बस्थिन्, त्यसैको आँगनमा दुई भारी दाउरा आइपुग्यो।
निष्फिक्रीसंग आफ्नै सुरले भारी फाल्ने भरियाहरूलाई झपार्दै बूढीले दाउराको चाङ लगाउन थालिन्। तर यो काम बूढीको बलले भ्याउँदैनथ्यो। बूढी खोक्दै खुड्किलामा बसिन् र स्वाँ-स्वाँ गर्न थालिन्, त्यसपछि बिरूवालाई पानी हाल्न करेसातिर

गइन्। आँगनमा न्युर्काको तीनवर्षे भाइ मात्र रह्यो। ऊ निकै स्फूर्तिलो र जेहेन्दार देखिन्थ्यो, किनभने बूढी देखिन छोडेकी मात्र के थिइन्, उसले लट्ठी समातेर बेन्च र घोप्टचाएर राखिएको आरीमा मारसित ठटाउन थाल्यो।

त्यतिखेरै झाडी र खाल्डा-खुल्डीमा दगुर्न भारतीय बाघभन्दा कत्ति पनि कम नरहे-को भगुवा बाख्री समातेर सिमा सिमाकोभ आइपुग्यो। आफ्नो टोलीको एक जनालाई बनको छेवैमा छोडेर ऊ अरू चार जनासंग हुर्रिएर आँगनमा पस्यो। उसले केटाको मुखमा एक मुट्ठी ऐंसेलु हालिदियो, हातमा कागको टल्कँदो प्वाँख घुसारिदियो, अनि चारै जना मिलेर दाउराको चाङ लगाउन थाले।

सिमा सिमाकोभ आफू चाहिं एक छिन बूढीलाई करेसाबारीमा नै रोकिराख्न पर्खालको हाराहारी फन्को लगाएर छेउसम्म पुग्यो। पर्खालनजिकै स्याउ र चेरीको बोटले झ्वाम्म ढाकेको ठाउँमा उभिएर सिमाले अन्तर-कुन्तरबाट चियाउन थाल्यो।

बूढी पोल्टामा काँक्रो हालेर आँगनतिर लाग्दैथिइन्।

सिमा सिमाकोभले बिस्तारै बारको फलेक ढकढक्यायो।

बूढीले कान ठाडो पारिन्। त्यतिखेर सिमाले लट्ठी उचाल्यो र बिस्तारै स्याउको बोटको हाँगा हल्लाउन थाल्यो।

बूढीलाई कोही मान्छे स्याउ टिप्नलाई सुस्तरी पर्खाल चढिरहेजस्तो लाग्यो। बूढीले काँक्रो ड्याङ्गमा फालिन्, सिस्नोको ठूलो झुप्पो समातिन् र पर्खालमा लुकेर चियो बस्न थालिन्।

सिमा सिमाकोभले फेरि छिद्रबाट चियाएर हेऱ्यो, तर अहिले भने उसले बूढी-लाई देखेन। ऊ छटपटिंदै पर्खालको छेउमा समातेर बुरूक्क उफ्रयो र होशियार भएर घाँटी तन्काउन थाल्यो।

तर त्यही वेला बूढी निकै हर्षित भएर लुकेको ठाउँबाट निस्किन् र चलाकीपूर्वक सिमा सिमाकोभको हातमा सिस्नो लगाइदिइन्। सिस्नोले पोलेको हात सुमसुम्याउँदै सिमा फाटकतिर हानियो, जहाँबाट ती चारै जनाले आफ्नो काम सिद्धचाएर टाप कसिसकेका थिए।

आँगनमा फेरि त्यही एक जना बालक मात्र बाँकी रह्यो। भुईंबाट छेस्का उठाउँदै ऊ दाउराको चाङसंगै जोडेर जम्मा गर्दथ्यो र भोजपत्रका बोक्राहरू पनि त्यसैमा थप्दथ्यो।

करेसाबारीबाट फर्केकी बूढीले उसलाई त्यही काममा व्यस्त भएको फेला पारिन्। बूढी आँखा मिच्दै राम्रोसंग मिलाएको दाउराको चाङअगाडि उभिइन् र सोध्न थालिन्:

"को हो यहाँ म नभएको वेला काम गर्ने ? "

बालकले बोक्रा उठाएर चाङमा राख्यो र गम्केर भन्यो :

"बज्यै, देख्दिनौ कि क्या हो ? म हुँ काम गर्ने।"

आँगनमा दूध बेच्ने बुढिया आइन्, अनि दुबै बूढीहरू पानी र दाउरासंग सम्बन्धित आश्चर्यजनक घटनाहरूबारे रमाइलोसंग बात मार्न थाले।

उनीहरूले बालकबाट कुरा थुत्ने निकै प्रयास गरे, तर विशेष केही थाहा पाउनसकेनन्। बालकले उनीहरूलाई फाटकबाट केही मानिस पसेका, उसको मुखभरि ऐंसेलु हालिदिएका, प्वाँख दिएका र दुइटा कान र चारवटा खुट्टा भएको खरायो पक्रेर ल्याइदिने वचन दिएका कुराहरू बतायो। मानौं त्यसपछि दाउरा मिलाएर ती मानिसहरू हिंडे।

फाटकबाट न्युर्का पसी।

"न्युर्का !" – बूढीले सोधिन्। – "भर्खर हाम्रो आँगनमा को पसेको थियो, देखिनस् ? "

"म बाख्री खोज्दैथिएँ।" – न्युर्काले उदास भएर जवाफ दिई। – "मैले बिहानभरि वन र खाल्डा-खुल्डीतिर खोजें।"

"चोरियो ! " – बूढीले दुःख पोख्दै दूध बेच्ने बूढियालाई भनिन्। – "बाख्री फेरि कस्तो ! बाख्री हैन, परेवा जस्तो। परेवै थियो ! "

"परेवा !" – बूढीबाट पर सर्दै न्युर्का झर्की। – "सिङ्ग बटार्दै हान्न जाइलाग्यो भने कहाँ भागौं जस्तो बनाउँछ। परेवाका त सिङ्ग हुँदैनन्।"

"चुप लाग्, न्युर्का ! चुप लाग्, अबुझ हुस्सु !" – बूढी चड्किन्। – "कस्तो थियो बाख्री, बयानै गर्न नसकिने। बाख्रै भनेर मैले त्यसलाई बेच्दिन लागेकी थिएँ। अब त त्यही पनि रहेन।"

फाटक चुइकिंदै खुल्यो। सिङ्ग होचो पारेर बाख्री दौड्दै आँगनमा पस्यो र ठाडै दूध बेच्ने बूढीतिर हानियो। दूध बेच्ने बूढी गह्रौं टीन समातेर चिच्याउँदै सिंढीतिर दौडिन्। भित्तामा सिङ्ग ठोकेपछि बाख्री अडियो।

त्यतिखेर सबैले बाख्रीको सिङ्गमा बलियोसित बाक्लो कागतको पोष्टर बाँधिएको देखे। त्यसमा ठूलठूला अक्षरले लेखिएको थियो :

बाख्री हुँ म, बाख्री हुँ,
सबैभन्दा बलियो छु।
जसले न्युर्कालाई पिट्छ,
त्यसले ठूलो आपद भोग्छ ॥

पर्खालको कुनामा प्रसन्न मुद्रामा केटाहरू गललल हाँसे।

जमिनमा लट्ठी गाडेर त्यसको वरिपरि खाँद्दै सिमा सिमाकोभले गर्वका साथ गाउन थाल्यो :

चोर-डाँकू जत्था हैनौं
न त ठगकै टोली हौं।
रमाइलो दल छ हाम्रो,
प्रायोनियर-योद्धा हौं ।।
एहे ! हे-हे-हे !

अनि चराको बथान झैं केटाहरू शान्तसंग त्यहाँबाट हुर्रिएर गइहाले।

आज गर्नुपर्ने काम अझै कम थिएन, तर मुख्य चाहिं मिखाइल क्भाकिनलाई दिनुपर्ने अल्टिमेटमको बेहोरा तयार पार्नु र पठाउनु थियो।

अल्टिमेटमको बेहोरा कस्तो हुन्छ भन्ने कसैलाई थाहा थिएन र यसबारे तिमुरले काकालाई सोधेको थियो।

उनले तिमुरलाई के भनेर बताएका थिए भने हरेक देशले आ-आफ्नै ढङ्गबाट अल्टिमेटम पठाउँछन्, तर अन्त्यमा शिष्टाचारको लागि लेख्ने गरिन्छ :

"मंत्री महोदय, यहाँप्रति हाम्रो प्रगाढ सम्मानको आश्वासन ग्रहण गर्नुहोस्।"

त्यसपछि राजदूतमार्फत् शत्रु-देशको राष्ट्राध्यक्षलाई अल्टिमेटम हस्तान्तरण गरिन्छ।

तर यस्तो औपचारिकता न तिमुरलाई मन पऱ्यो, न उसको टोलीलाई नै। पहिलो कुरा त क्भाकिन जस्तो बदमाशलाई सम्मान व्यक्त गर्न कोही पनि राजी भएन, दोस्रो – बदमाशहरूको त्यस जमातमा न उनीहरूको स्थाई प्रतिनिधि थियो, न त कुनै दूत नै। छलफल गरेपछि उनीहरूले सामान्य ढङ्गले अल्टिमेटम पठाउने निर्णय लिए, अर्थात् जापारोझेका बासिन्दाले टर्कीको सुल्तानलाई पठाएजस्तो, जुन पढ्नासाथ तुर्क, तातार र ल्याखहरूसंग बहादुर कजाकहरूले कसरी लडेका थिए भन्ने कुरा हरेकले तस्वीरमा जस्तै देख्दथ्यो।

जुन दाचामा ओल्गा र झेन्या बस्थे, त्यसकै सामुन्नेमा पर्ने छहारीदार बगैंचामा रहेको घरको कालो-रातो रङ्गले अङ्कित ताराचिन्ह भएको खैरो फाटक पछिल्तिर बलौटे उद्यानपथमा सानी गोरी केटी जाँदैथिई। उसकी आमा भर्खरैकी र हिसी परेकी

थिइन् तापनि उनी चिन्तित र थकित अनुहार लिएर झ्यालनजिकै आराम-कुर्सीमा बसेकी थिइन्। झ्यालमा वनफूलहरूको ठूलो गुच्छा थियो। उनको अगाडि नाता-कुटुम्ब र इष्टमित्रहरू, परिचित र अपरिचितहरूसमेतले पठाएका चिट्ठी र टेलिग्रामहरूको थुप्रो लागेको थियो।

ती चिट्ठी र टेलिग्रामहरूमा न्यानोपन र आत्मीयता भरपूर थियो। यो सबै घन-घोर वनको त्यस्तो प्रतिध्वनि जस्तै लाग्दथ्यो जसले यात्रीलाई न कतै बोलाउँछ, न त बाटो नै देखाउँछ तैपनि अनकण्टार वनमा ऊ एकलै छैन, नजिकै कतै मानिस छन् भन्ने आभास दिलाएर उसलाई उत्साहित बनाउँछ।

काठको हात र पाटको चुल्ठो बालुवामा घिस्रिने गरी पुतलीलाई उधोमुन्टो पारेर हिंडिरहेकी गोरी केटी पर्खालअगाडि पुगेर रोकिई। पर्खालबाट रङ्गाइएको बाक्लो कागज काटेर बनाइएको खरायो झऱ्यो। ऊ पञ्जा फटफटाउँदै थियो र बालालाइका बाजाको चित्रमा अङ्कित तारहरू झङ्कार गर्दैथियो। त्यसको थुतुनो उदासीन तर ठटेउलो देखिन्थ्यो।

कहीं खोजेर पनि नपाइने त्यस्तो विचित्रको चमत्कार देखेर केटी पुतली फ्याँकेर पर्खालतिर लम्की। दयालु खरायो पनि उसको हातमा चढ्यो। खरायोको पछिल्तिर चञ्चल र प्रसन्न मुद्रामा झेन्याको अनुहार देखापऱ्यो।

झेन्यालाई देखेर केटीले सोधी:

"तिमी के मसंग खेल्दैछ्यौ?"

"अँ, तिमीसंग। तिमी भएको ठाउँमा उफ्रूँ है?"

"यहाँ सिस्नो छ।" – केटीले सावधान गराउँदै भनी। – "हिजो मैले यहाँ हात पोलें।"

"केही हुन्न।" – पर्खालबाट उफ्रेर झेन्याले भनी। – "म डराउन्नँ। तिमीलाई हिजो पोल्ने सिस्नो कुन हो, देखाऊ त! यो हो कि? ल, हेर! मैले त्यसलाई उखेलेर फाल्दिएँ र खुट्टाले मिचेर थुकिदिएँ। ल, मिलिजुली खेलौं। खरायो तिमी समात, म चाहिं पुतली लिन्छु।"

बरण्डाको छेउबाट ओल्गाले अर्काको पर्खालमा झेन्या चलमलाइरहेकी देखी, तर उसले बहिनीलाई रोक्न खोजिन, किनभने आज बिहान झेन्या धेरै रोएकी थिई। तर जब झेन्याले पर्खाल चढेर अर्काको बगैंचामा हाम फाली, ओल्गा छटपटिंदै घरबाट निस्की, पर्खालको ढोकामा गई र फाटक खोली। झेन्या र त्यो बच्ची झ्यालनेर आइमाईको छेवैमा पुगिसकेका थिए, आइमाई चाहिं छोरीले बालालाइका बजाइरहेको उदास र ठटेउलो खरायो देखाएकी हुनाले मुस्कुराइरहेकी थिइन्।

झेन्याको आत्तिएको अनुहार देखेर बगैंचामा पसेकी ओल्गालाई यो सब कुरो

मन परेको छैन भन्ने आइमाईले बुझिन्।

"तपाईं ऊसंग नरिसाइदिनोस्!"—आइमाईले सानो स्वरमा ओल्गालाई भनिन्।—"ऊ त्यत्तिकै मेरी छोरीसंग खेल्दैछ। हामी शोकमा छौं...।"—आइमाई चुप लागिन्।—"म रोइरहेकी छु, ऊ भने।"—आफ्नी सानी छोरीतिर देखाएर आइमाईले सुस्तरी भनिन्।—"उसलाई भने आफ्नो बुवा हालै सिमानामा मारिएको कुरा थाहै छैन।"

अब भने ओल्गा अलमल्ल परी, झेन्याले चाहिं टाढाबाट उसमाथि चिन्तित र तिरष्कृत दृष्टि फाली।

"म एकली छु।"—आइमाईले भन्दैगरिन्।—"मेरी आमा धेरै टाढा टाइगाको पहाडमा काम गर्छिन्, दाजुहरू सेनामा छन्। दिदी-बहिनी कोही छैनन्।"

उनीनेर आएकी झेन्याको कुममा हात राखेर झ्यालतिर देखाउँदै आइमाईले सोधिन्:

"राती यो गुच्छा मलाई खड्गेलीमां छोड्ने तिमी नै त हैनौ, नानी?"

"हैन।"—झेन्याले तुरून्तै जवाफ दिई।—"मैले होइन। तर हामीमध्ये नै कसैले राखेको हुनुपर्छ।"

"कसले?"—ओल्गा कुरा नबुझेर झेन्यातिर फर्की।

"मलाई थाहा छैन।"—झेन्याले हडबडाएर भनी।—"मैले होइन। मलाई केही पनि थाहा छैन। हेर्नोस् त, मानिसहरू यता आउँदैछन्।"

ढोकाबाहिर मोटरको आवाज सुनियो। दुई जना यानचालक कमाण्डरहरू फाटकबाट भित्र पसे।

"मलाई भेट्न आएका।"—आइमाईले भनिन्।—"उनीहरूले फेरि मलाई क्रिमिया, ककेशिया, स्वास्थ्यनगरी अर्थात् स्यानेटोरिअम जाने सल्लाह दिनेछन्।"

दुबै जना कमाण्डरले नजिकै आएर टोपीनेर हात पुऱ्याउँदै सलाम गरे र शायद आइमाईको पछिल्ला शब्दहरू सुने होलान् र कप्तानले भने:

"न क्रिमिया, न ककेशिया, न स्वास्थ्यनगरी, न त स्यानेटोरिअम। तपाईंले आमालाई भेट्न चाहनुभएको थियो। तपाईंकी आमाले आज इर्कुत्स्क शहरबाट रेलमा प्रस्थान गर्नुभयो। इर्कुत्स्कसम्म उहाँलाई विशेष विमानमा ल्याइएको थियो।"

"कसले?"—हर्षले विभोर भएर आइमाईले भनिन्।—"तपाईंहरूले ल्याइदिनुभएको?"

"होइन।"—विमानचालक कप्तानले जवाफ दिए।—"हाम्रा र तपाईंका साथीहरूले।"

सानी बच्ची दौडेर आइपुगी र निर्धक्कसंग आगन्तुकहरूलाई हेर्न थाली। यस्तो

लाग्थ्यो, उनीहरूको नीलो पोशाकसंग ऊ राम्ररी परिचित थिई।

"आमा।" – उसले भनी। – "मलाई एउटा झोलुङ्गो बनाइदिनोस् न, अनि म पनि उड्छु उताबाट यता, यताबाट उता। बुवा जस्तै टाढा-टाढा।"

"अहँ, पर्दैन!" – छोरीलाई समातेर तान्दै आमाले भनिन्। – "त्यति टाढा नउड ... बुवा झैं।"

मालाया ओभ्राझ्नायाको चर्चपछिल्तिर लामा-लामा कपाल भएका डरलाग्दा बूढाहरू र चिटिक्क परेका देवदूतहरूको चित्र कोरिएको थियो। त्यसको दाहिनेपट्टि भकभक खोटो उमालिएको खड्कुँलो र डरलाग्दा यमदूतहरू अङ्कित चर्चपछिल्तिरको चहुरमा मिखाइल क्भाकिनको जमातका केटाहरू तास खेल्दैथिए।

जुवाडेहरूसंग पैसा थिएन र उनीहरू 'मुक्का-मुक्की', 'चिमोटाचिमोट' र 'लाशमा सास' भन्ने दाउ थाप्दै खेलिरहेका थिए। हरुवालाई आँखामा पट्टी बाँधेर घाँसमा उत्तानो पारेर लडाइन्थ्यो र उसलाई हातमा मैनबत्तीको सट्टा लामो लट्ठी समात्न दिइन्थ्यो। यही लट्ठीको सहायताले उसले आफ्ना ती दयालु साथीभाइहरूबाट जोगिन सक्नुपर्दथ्यो जो लाशमा सास भर्ने उद्देश्यले उसका नाङ्गा घुँडा, पिडुँला र पैतालामा निकै जोशले सिस्नो लगाइदिन्थे।

पर्खालपछिल्तिरबाट बिगुल बजेको आवाज आउँदा खेल पराकाष्ठामा पुगेको थियो। बाहिरपट्टि पर्खालको आडैमा तिमुरको दलका प्रतिनिधिहरू उभिएका थिए।

बिगुले कोल्या कोलोकोल्चिकोभले हातमा तामाको टलकदार बिगुल समातेको थियो र प्रचण्ड गेइकाले बाक्लो कागजले बन्द गरिएको पत्र लिएको थियो।

"के को चटक हो यहाँ?" – पर्खालबाट मुन्टो निहुर्‍याएर फिगुरा नाम गरेको केटाले सोध्यो।

"मिश्का!" – पछि फर्केर करायो ऊ। तास छोड्! कुन्नि कस्तो शिष्टाचार दल हो, यहाँ तँलाई भेट्न आएका छन्।"

"म आएँ।" – बोलाउनासाथ क्भाकिन पनि पर्खालमाथि चढ्यो। – "ए, गेइका, नमस्ते! कुन पिन्चे लिएर आइस् फेरि?"

"ल, यो पत्र लेऊ।" – अल्टिमेटम दिंदै गेइकाले भन्यो। – "सरसल्लाहको निम्ति तिमीहरूलाई चौबीस घण्टा दिइएको छ। उत्तरको निम्ति भोलि ठीक यसै वेला आउनेछु।"

उसलाई पिन्चे भने भनेर रिसाएको बिगुले कोल्या कोलोकोल्चिकोभले बिगुल उठायो र गाला तन्किन्जेल फुकेर विसर्जनको सङ्केत दियो। त्यसपछि एक शब्द पनि

नबोलेर ती दुबै विशेष दूतहरू पर्खालमाथि उक्लेर आश्चर्यमा परेका ठिटाहरूसंग गर्वका साथ बिदा भए।

"के हो यस्तो?" – चारैतर्फबाट पत्रको खाम पल्टाएर अक्क न बक्क भएका केटाहरूतिर हेर्दै क्भाकिनले सोध्यो। – "यत्रो भइयो, केही भएन। अकस्मात्... बिगुल! चेतावनी! हेर, भाइ हो! साँच्चै मैले त केही बुझ्न सकिनँ।"

उसले चिट्ठी खोल्यो र पर्खालबाट नझरेरै पढ्न थाल्यो।

"'अरूका बगैंचाहरूमा उधुम मच्चाउने चोरहरूको सरदार मिखाइल क्भाकिन-लाई...।' यो त मलाई पठाएको रहेछ।" – क्भाकिनले चर्को स्वरमा भन्यो। – "पूरा दर्जा-सर्जा पनि खोलिएको रहेछ। '... र उसको कुख्यात सहायक प्योत्र प्याता-कोभ उर्फ 'फिगुरा' लाई...।' तँलाई पनि रहेछ।" – क्भाकिनले सन्तोषका साथ फिगुरालाई सुनायो। – "उनीहरूले 'कुख्यात' भनेर निकै राम्रो ढङ्गले लेखेका रहेछन्। किन त्यस्तो गर्नुपर्थ्यो र? बेवकुफ भन्दिएको भए त पुगीहाल्थ्यो नि। '...साथै यो कलङ्कित गठका सबै सदस्यहरूलाई अल्टिमेटम।' के भनेको यस्तो मलाई त थाहा छैन।" – क्भाकिनले हाँसोलाग्दो किसिमले बतायो। – "हुनसक्छ, यो कुनै गाली अथवा त्यस्तै नराम्रो शब्द होला।"

"यो त सबै भाषामा एकै अर्थ लाग्ने शब्द हो। हामीलाई पिट्ने होलान्।" – फिगुरासंग उभिएको मुडुले केटो आल्योशाले बतायो।

"त्यसरी नै लेखेको भए त भइहाल्थ्यो नि।" – क्भाकिनले भन्यो। – "अगाडि पढ्छु।" 'पहिलो दफा:

तिमीहरूले रातारात शान्तिपूर्ण बसोबास गर्नेहरूको बगैंचामा डँकैती गरिरहेको र यस अन्तर्गत हाम्रो लालताराको चिन्ह अङ्कित भएका तथा शोकसूचक चिन्हहरू टाङ्गिएका घरहरू पनि पर्न गएकाले तिमीहरूजस्ता कातर नीचहरूलाई निम्नलिखित आदेश दिन्छौं...'

"हेर त, कसरी कुकुर झैं भुक्न सकेका!" – छक्क परेर क्भाकिनले मुस्कुराउने प्रयास गर्दै भन्यो। – "अगाडि कस्ता शब्दांश र अर्धविराम राखिएका छन् हँ!"

'...आदेश दिन्छौं: मिखाइल क्भाकिन र कुख्यात व्यक्तित्व भएको फिगुरा तिमीहरूको कलङ्कित गठका सबै सदस्यहरूको नामावली लिएर हाम्रा दूतहरूले भनेको ठाउँमा भोलि विहानसम्ममा हाजिर होउन्।

अन्यथा हामी पूर्णतः स्वतन्त्र रूपले आफ्नो कारवाही चलाउनेछौं।'

"कुन अर्थमा यो स्वतन्त्र?" – क्भाकिनले फेरि सोध्यो। – "मेरो विचारमा हामीले तिनीहरूलाई थुनेर राखेका त छैनौं नि।"

"यो एउटा अन्तरराष्ट्रिय शब्द हो। हामीलाई पिट्ने होलान्।" – मुडुले आल्योशालै फेरि बतायो।

"त्यसरी नै लेखेको भए त भइहाल्थ्यो नि!" – झर्केर क्भाकिनले भन्यो। – "अफसोच, गेइगा गइहाल्यो। लाग्छ, त्यसले रुन नपाएको धेरै भइसक्यो।"

"त्यो रुँनेछैन।" – मुडुलेले भन्यो। – "उसको दाजु जहाजी हो।"

"भएर के त?"

"उसको बाउ पनि जहाजी नै थियो। त्यो रुनेछैन।"

"तँलाई के त?"

"के भने मेरा काका पनि जहाजी नै हुन्।"

"पटमूर्खै रहेछ। स्वाँठ!" – क्भाकिन रिसायो। – "घरि बाउ भन्छ, घरि दाजु, घरि काका! कुराको, छेउ-टुप्पै लाग्दैन। आल्योशा, अलि कपाल बढ्न दे! घामले त तेरो तालु नै पिल्सिएजस्तो छ। फिगुरा, तँ त्यहाँ के डुक्रँदैछस् हँ?"

"ती पत्रवाहकहरूलाई भोलि फेला पार्नुपर्छ र तिमुर र त्यसको जमातलाई खूब गोद्नुपर्छ।" – अल्टिमेटमले गर्दा रिसाएको फिगुराले संक्षेपमा कड्केर भन्यो।

निर्णय त्यही भयो।

चर्चको छहारीमा तिनै चित्रहरूनजिकै दुबै जना रोकिए जहाँ धम्मरधुस पहलवान जस्ता यमदूतहरू चिच्याइरहेका र डरले थर्थर कामिरहेका पापीहरूलाई अग्निकुण्डतर्फ घोक्र्याउँदै र घिसार्दै लगिरहेका थिए। क्भाकिनले फिगुरासित सोध्यो:

"सुन् त, जुन केटीको बाउ मारिए, त्यो बस्ने घरको बगैंचामा पस्ने तँ नै होस्?"

"म नै हुँ। अनि के त?"

"उसो भए...।" – हातले भित्ता कोटयाउँदै क्भाकिनले चिन्तित भएर भन्यो। – "हुन त तिमुरका चिन्हहरूसंग मलाई के मतलब? त्यसलाई ठटाउन पाए म छोड्दिनँ...।"

"ल, भैहाल्यो।" – फिगुराले सहमति जनायो। – "दैत्यहरूलाई कोटयाएर मलाई औंलाले के देखाउँदैछस् त?"

"तर के भने।" – क्भाकिनले उसलाई मुख बंग्याउँदै जवाफ दियो। – "तँ मेरो साथी होस् तापनि हेर् फिगुरा, बेहोरा भने तेरो मान्छेको जस्तो पटक्कै छैन। तँ त यो मोटो दैत्य जस्तो छस्।"

...विहान दूध बेच्ने बूढीले आफ्ना तीन जना सधैंका ग्राहकहरूलाई घरमा फेला पार्न सकिनन्। बजार जान पनि अबेर भइसकेको थियो। दूधको बाल्टी बोकेर बूढी घरघरै चहार्न थालिन्। धेरै बेरसम्म त्यत्तिकै हिंडेपछि अन्त्यमा उनी त्यही दाचा-नजिकै रोकिइन् जहाँ तिमुर बस्दथ्यो।

पर्खालबाहिर उनले सुरिलो मीठो स्वर सुनिन्। कसैले मधुरो स्वरमा गाइरहेको थियो। यसको मतलब त्यहाँ घरधनी थिए र बिक्रीको आशा गर्न सकिन्थ्यो। फाटक नाघेर बूढी भित्र पसिन् र कराउन थालिन्:

"दूध चाहिंदैन, दूध?"

"दुई गिलास देऊ!"—धोत्रो आवाजमा जवाफ आयो।

बाल्टी बिसाएर दूध बेच्ने बूढीले मुन्टो फर्काइन् र हातमा थोत्रिइसकेको घोप्टे तरवार समातेको झुत्रो पहिरन भएको लङ्गडो बूढालाई झ्याङपछिल्तिरबाट निस्की-रहेको देखिन्।

"दूध चाहिन्छ कि भनेको, बूढाबा?"—धक मान्दै बूढीले तर्सेर सोधिन्।—"बूढाबा, हेर्दा त तिमी बुज्रुकजस्तै लाग्छौ, तर तरवारले घाँस किन काट्छौ नि?"

"दुई गिलास। भाँडो टेबुलमा छ।"—बूढाले छोटो उत्तर दियो र जमीनमा तरवारको टुप्पो गाड्यो।

"घाँस काट्ने हँसिया एउटा त किने पनि हुन्थ्यो, बूढाबा।"—छिट्छिटो दूध भर्दै बूढीले थर्कमान भएर बूढालाई हेरिन् र भन्न थालिन्।—"बरू तरवार फाल। साधारण मान्छेलाई त त्यस्तो तरवारले तर्साएरै मार्न सकिन्छ।"

"कति तिर्नुपर्‍यो?"—भद्दा पतलूनको खल्तीमा हात घुसार्दै बूढाले सोध्यो।

"सबैलाई एउटै दर त हो नि।"—दूध बेच्ने बूढीले जवाफ दिइन्।—"एक गिलासको एक रूबल चालीस कोपेक, जम्मा दुई रूबल असी कोपेक। बढ्ता म लिन्नँ।"

बूढाले छामछुम गर्‍यो र खल्तीबाट बडेमानको थोत्रो रिभल्भर निकाल्यो।

"हेर, बूढाबा, म फेरि...।"—झ्वाट्ट बाल्टी समातेर निस्कने हतार गर्दै बूढीले भनिन्।—"भैहाल्यो दुःख नगर!"—लामोलामो पाइला सार्दै पछिल्तिर हेरेर बूढीले भन्दैगरिन्।—"पैसा लिन मलाई हतपत छैन।"

उनी छिटछिटो निस्किन् र फाटक लगाएर बाटोबाट रिसाउँदै कराइन्:

"तिमी जस्ता हरामी बूढालाई त पागलखानामा बन्द गरेर राख्नुपर्ने। अस्पतालमा थुन्नुपर्ने ताल्चा मारेर!"

बूढाले कुम हल्लायो, निकालेको तीन रूबलको नोट पनि खल्तीमै घुसार्‍यो र त्यसै मौकामा बगैंचाभित्र पसेका वयोबृद्ध डाक्टर फ० ग० कोलोकोल्चिकोभलाई देखेर रिभल्भर पिठ्यूँमा लुकायो।

गम्भीर र ध्यानमग्न भावले लठ्ठीको सहारा लिंदै सोभै पाइला सार्दै डाक्टर बलौटे उद्यानपथमा लम्किरहेका थिए।

अचम्मलाग्दो बूढालाई देखेर भलाद्मीले खोक्दै चश्मा मिलाएर र सोधे:

"यो दाचाको मालिक कहाँ हुनुहुन्छ, मलाई बताइदिन्छौ कि?"

"यो दाचामा म बस्छु।" – बूढाले जवाफ दियो।

"त्यसोभए।" – चोयाको टोपमा हात पुऱ्याउँदै भलाद्मीले भन्दैगरे। – "तिमुर गारायेभ भन्ने केटो तपाईंको कोही नाता पर्दछ?"

"हो, पर्दछ।" – बूढाले जवाफ दियो। – "तिमुर भन्ने केटो मेरो भतिजो हो।"

"मलाई ठूलो खेद छ।" – जमीनमा गाडिएको तरवारलाई जानी-नजानी चलाएर भलाद्मीले खोक्दै भन्न थाले। – "तपाईंको भतिजो हिजो बिहान हाम्रो घरमा डँकैती गर्न आएको थियो।"

"के रे?!" – बूढो छक्क पऱ्यो। – "मेरो भतिजो तपाईंको घरमा डँकैती गर्न गएको थियो?"

"अँ, आफै सोच्नोस्!" – बूढाको पिठचूँतिर हेरेर भलाद्मीले आत्तिदै भने। – "म निदाएको मौका पारेर उसले मैले ओढिरहेको भुवादारी कम्बल चोर्ने प्रयास गरेको थियो।"

"कसले? तिमुरले चोऱ्यो? भुवादारी कम्बल भिक्यो?" – बूढो चिन्ताले रन्थनियो। पिठचूँमा लुकाएको रिभल्भर समातेको उसको हात पनि फ्यात्त खस्यो।

वृद्ध भलाद्मी पनि आत्तिए, तर भद्र तवरले बाहिर निस्कने प्रयास गर्दै उनले भने:

"अवश्य नै म त्यसो भन्न सक्ने थिइनँ, तर तथ्य ... तथ्य त्यस्तो छ। महोदय, तपाईंलाई मतर्फ नबढ्ने अनुरोध गर्छु। अवश्य नै मलाई थाहा छैन, किन त्यसो गर्नुपरेको ..? तर तपाईंको चालामाला र व्यवहार अनौठोलाग्दो देखिन्छ ...।"

"सुन्नुहोस् त।" – भलाद्मीतर्फ बढ्दै बूढाले भन्यो। – "पक्का पनि यो कुनै दोठयाङ्ग परेको होला।"

"महोदय!" – रिभल्भरमा आँखा लगाउन नछोडेर भलाद्मीले पछि हट्दै भने। – "हाम्रो कुराकानी अवाञ्छनीय ढङ्गले चल्दैछ, अझ भनौं, हाम्रो उमेरको निम्ति अशोभनीय रूपले हुँदैछ।"

फाटकबाहिर निस्केर छिटछिटो हिंड्दै उनले दोहऱ्याए:

"यस्तो हुन सक्तैन। अवाञ्छनीय र अशोभनीय व्यवहार ...।"

जतिखेर बूढो ठिक फाटकनेर पुग्यो त्यसै वेला नुहाउन निस्केकी ओल्गाको पनि

ब्याकुल भएका भलाद्मीसंग जम्काभेट भयो। अचानक बूढाले हात हल्लायो र ओल्गा-लाई एक छिन पर्ख भनेर करायो। तर भलाद्मीले बाख्राले झैं बुरूक्क उफ्रेर नाली पार गरे र ओल्गाको हात समाते, अनि दुवै जना तुरून्तै गायब भए। त्यस वेला बूढो मरी-मरी हाँस्यो। बूढो खुशी र उत्तेजित थियो। फूर्तिसंग काठे-खुट्टो खटखटाउँदै ऊ गीत गाउन थाल्यो:

त्यति छिटो उड्ने तिम्ले
मेरो मर्म के पो बुझ्थ्यौ,
मिर्मिरेसम्म पर्खी बस्दा
आफ्नो दर्शन किन दिन्थ्यौ!

उसले घुँडामा बाँधेको पेटी फुकाल्यो, काठे-खुट्टो भुईंमा फाल्यो र तुरून्तातुरून्तै नक्कली दाह्री-जुँगा झिकेर ऊ घर दौड्यो।

रमाइला र नौजवान इन्जिनियर गेओर्गी गारायेभ दस मिनेटपछि खड्गेलीमा निस्के र कटेराबाट उनले मोटरसाइकल निकाले। कुकुर 'रिता' लाई घरको रक्षा गर्न लगाएर उनले मोटरसाइकल स्टार्ट गरे र सिटमा बसेर उनीबाट तर्सिएकी ओल्गा-लाई खोज्न नदीतिर हाँकिए।

...एघार बजे गेइका र कोल्या कोलोकोल्चिकोभ अल्टिमेटमको जवाफको निम्ति हिंडे।

"एकनासले हिंड्!"–गेइकाले कोल्यालाई भन्यो।–"फूर्तिसंग दरिलो कदम चाल्नुपर्छ। तँ त चल्लाले झैं पैताला घिसार्छस्। हेर्, भाई! तेरो सबै लुगा–पाइण्ट कमीज राम्रै छन्, तर रूप भने पटक्कै छैन। तँ चित्त नदुखा, भाइ! म कामको कुरा गर्दैछु। तँलाई हिंड्दाखेरि ओठमा किन जिब्रो दल्नुपर्छ? ल, भन् त! तेरो जिब्रो मुखैमा राख् न, त्यो आफ्नै ठाउँमा रहोस्...। तँ कहाँबाट निस्किस् फेरि?"–सामुन्ने परेको सिमा सिमाकोभलाई देखेर गेइकाले सोध्यो।

"मलाई सम्पर्कको निम्ति तिमुरले पठाएको।"–सिमाकोभ भट्भटायो।–"यस्तै हुनुपर्छ, तँ कुरै बुझ्दैनस्। तिमीहरूको आफ्नै, मेरो आफ्नै काम छ। कोल्या, खै ले त बिगुल बजाऊँ। तँ त आज ठूलो मान्छे भाछस्! गेइका, मूर्ख! कामले जाँदैछस् त जुत्ता लगाउन पर्दैनथ्यो! राजदूतहरू पनि कोही नाङ्गै गोडाले हिंड्छन्? ल त, तिमीहरू त्यता जाओ, म यता। फेरि भेटौंला।"

"महाको गफाडी!"–गेइकाले टाउको हल्लायो।–"चारवटा शब्द भने हुनेमा त्यसलाई सयवटा शब्द भन्नुपर्छ। कोल्या, पर्खाल आइपुग्यो। ल, बजा बिगुल!"

"मिखाइल क्भाकिनलाई यहाँ आइज भन्।" – गेइकाले माथि देखिएको केटालाई अह्रायो।

"दाहिनेतिरबाट भित्र पस!" – पर्खालउताबाट क्भाकिन चिच्यायो। – "त्यहाँ जानाजान तिमीहरूकै निम्ति ढोका खुला छ।"

"न जा।" – गेइकाको हात समातेर कोल्याले कानेखुसी गर्दै भन्यो। – "त्यहाँ हामीलाई समातेर ठटाउँछन्।"

"दुई जनाको लागि यत्तिको?" – गेइकाले घमण्ड गरेर सोध्यो। – "कोल्या, जोडले बजा बिगुल! हाम्रो दलको निम्ति बाटो जतातत्तै खुला छ।"

खिया परेको फलामको फाटक खोलेर उनीहरू भित्र पसे र केटाहरूको जत्थासामु आइपुगे। अघिल्तिर फिगुरा र क्भाकिन उभिएका थिए।

"चिट्ठीको जवाफ देऊ!" – गेइकाले कड्केर भन्यो।

क्भाकिन मुस्कुरायो, फिगुरा निन्याउरो भयो।

"कुरा गरौं न त ल!" – क्भाकिनले प्रस्ताव राख्यो। – "ल, बस! केको हतार हो?"

"चिट्ठीको जवाफ देऊ!" – गेइकाले रूखो भएर दोहऱ्यायो। – "कुरै गर्नेभए त्यसपछि हामी कुरा गरौंला।"

बुझ्नै नसकिने र अनौठो थियो – जहाजीको पहिरन गरेको त्यो दरिलो र हट्टाकट्टा केटाले जिस्केर ठट्टा गरेको हो कि के हो? उसको साथमा उभिएको बिगुलवादकको अनुहार भने फुस्रो भइसकेको थियो। अथवा आफ्ना कुइरे आँखा चिम्स्याउँदै त्यो नाङ्गै गोडाले हिंड्ने फराकिलो कुम भएको केटाले आफ्नो अधिकार र शक्तिको दाबी गरेर साँच्चै नै पत्रको जवाफ नै मागेको हो कि?

"ल, ले!" – कागज दिंदै क्भाकिनले भन्यो।

गेइकाले कागज खोल्यो। त्यसमा अपमानजनक बुढीऔंला देखाएको चित्र कोरिएको थियो र तल अपशब्दहरू लेखिएका थिए।

अनुहारमा कुनै परिवर्तन नगरेर गेइकाले सजिलै कागज च्यात्यो। त्यसै वेला उसलाई र कोल्यालाई कुम र हातमा बलियोसंग समातियो।

उनीहरूले कुनै प्रतिरोध गरेनन्।

"यस्ता अल्टिमेटमको निम्ति तिमीहरूको गर्धन भाँच्नुपर्ने थियो।" – गेइकानेर आएर क्भाकिनले भन्यो। – "तर... हामी दयालु छौं। भरेसम्म तिमीहरूलाई ऊ त्यहाँ थुनेर राख्छौं।" – उसले चर्चतिर देखाउँदै भन्यो। – "अनि राति हामी चौबीस नम्बरको घरको बगैंचा केही बाँकी नराखेर रित्याइदिनेछौं।"

"यस्तो हुनै सक्तैन।" – गेइकाले एकनाससंग भन्यो।

"होइन, त्यसै हुन्छ!" – फिगुरा जङ्गियो र गेइकाको गालामा थप्पड हान्यो।
"सयपल्टै हान्ने भए पनि हान्!" – आँखा चिमचिम गर्दै गेइकाले फेरि भन्यो। – "कोल्या!" – ढाडस दिंदै उसले भन्यो। – "तँ नडरा! मेरो अनुमानअनुसार आज हाम्रो एक नम्बरवाला सङ्केत दिइनेछ।"

बन्दी तुल्याइएकाहरूलाई फलामे खापाहरूले बलियोसंग बन्द गरिएका झ्याल भएको सानो चर्चभित्र हुलियो। दुबै ढोकाहरू बन्द भए, बाहिरबाट चुकुल लगाएर काठको आग्लो पनि हालियो।

"ल, भन् त!" – ढोकानेर गएर हत्केलाले आवाज छेक्दै फिगुरा करायो। – "अब के हुन्छ त? हामीले भनेजस्तो हुन्छ कि तिमीहरूले भनेजस्तो हुन्छ?"

ढोकाभित्रबाट मुश्किलले सुनिने गरी आवाज आयो:

"होइन, लफङ्गाहरू, तिमीहरूले भनेजस्तो कहिल्यै हुनेछैन र केही पनि हुनेछैन।"

फिगुराले थुक्क थुक्यो।

"उसको दाजु जहाजी हो।" – मुडुले आल्योश्काले बतायो। – "उनीहरू मेरो काकासंग एउटै जहाजमा नोकरी गर्छन्।"

"अनि के त।" – फिगुराले तर्साउँदै सोध्यो। – "तँ के कप्तान होस् र?"

"तँ उसलाई हात बाँधेर पिट्छस्। के राम्रो गरें भन्ठान्याछस् त?"

"ल, उसोभए तँलाई पनि दिउँ त!" – फिगुराले रिसले ढन्मनिएर आल्योश्कालाई पनि एक चडकन दियो।

अनि दुवै जना केटाहरू चहुरमा लड्न थाले। अरूहरूले हात र खुट्टा समातेर ताने र छुट्टयाउने प्रयास गरे...।

पर्खालनजिकैको झ्वाम्म परेको लाइमको रूखमा बसेको सिमा सिमाकोभको अनुहार भने त्यस वेला कसैले देखेन।

ऊ छिटछिटो रूखबाट ओर्ल्यो र सोभै अर्काको पर्खाल नाघ्दै खोलातिर हानिंदै गयो जहाँ तिमुर र अरू साथीहरू थिए।

तौलियाले टाउको बाँधेर ओल्गा किनारको तातो बालुवामा पल्टेर पढ्दैथिई। झेन्या नुहाउँदै थिई। अचानक कसैले उसको काँधमा अँगालो मान्यो।

झेन्याले मुन्टो फर्काई।

"नमस्ते!" – काला आँखा भएकी एउटी अग्ली केटीले उसलाई भनी। – "म तिमुरले पठाएर आएकी हुँ। मेरो नाम तान्या हो र म पनि उसकै दलकी हुँ। आफूले गर्दा तिमीले दिदीको गाली खान परेकोमा तिमुरले दुःख मानेको छ। तिम्री दिदी, शायद, रिसाही छन् क्यारे?"

"उसले दुःख नमानोस्।" – रातो मुख बनाएर झेन्याले भनी। – "ओल्गा पटक्कै रिसाही छैन, उसको स्वभावै त्यस्तो हो।" – अनि हात फिंजाउँदै झेन्याले चिन्तित भएर थपी। – "के गर्नु, दिदी भनेको दिदी नै हुन्। बुवा आउन्जेलसम्म पर्खिराखौं ...।"

उनीहरू पानीबाट निस्के र बलौटे किनारको देब्रेतिर लागे। यहीं नै उनीहरूको न्युर्कासंग भेट भयो।

"तिमीले मलाई चिनिनौ, नानी?" – सधैं झैं नै उसले टररर एकै सासले झेन्यालाई सोधी। – "मैले त तिमीलाई तुरुन्तै चिनें। ऊ तिमुर!" – जामा फालेर उसले केटाहरू छरिएर बसेको पारिपट्टिको चहुर देखाई। – "बाख्री खोजेर ल्याइदिने, हाम्रो घरमा दाउराको खलिया बनाउने र भाइलाई ऐंसेलु दिने को हो भन्ने कुरा मलाई जम्मै थाहा छ। म तिमीलाई पनि चिन्छु।" – तान्यातिर फर्केर उसले भनी। – "एकपटक तिमी डचाङ्गमा बसेर रोइरहेकी थियौ। तिमी नरोऊ। रोएर के पाइन्छ?.. गेई! बस्, भूतेग्रो! हैन भने पानीमा जाकिदिन्छु!" – झाडीतिर लागेको बाख्रीलाई उसले कराउँदै भनी। – "केटी हो, जाऊँ, पानीमा हामफालौं!"

झेन्या र तान्याले मुखामुख गरेर हेरे। घामले डढेर जिप्सेनी जस्तै देखिने त्यो सानी केटी न्युर्का असाद्धै हाँसोलाग्दी थिई।

एक अर्काको हात समात्दै उनीहरू भीरको छेवैमा आइपुगे। तल सफा र नीलो पानी टल्किरहेको थियो।

"ल त हामफालौं?"

"हामफालौं।"

अनि उनीहरू सबै जनाले एकैचोटि पानीमा डुबुल्की मारे।

तर उनीहरूले टाउको निकाल्न पनि नपाउँदै कुनै चौथो मानिसले पनि डुबुल्की मार्‍यो।

चप्पल, गंजी र कट्टुसमेत नै दौड्दै पानीमा हामफाल्ने सिमा सिमाकोभ थियो। पानीले भिजेको कपाल झटकार्दै र मुखबाट पिच्चपिच्च पानी फाल्दै ऊ लामोलामो गोता लगाएर अर्को किनारातर्फ पौड्दैथियो।

"आपद पर्‍यो झेन्या, आपद!" – पछिल्तिर फर्केर ऊ चिच्यायो। – "गेइका र कोल्या बन्धनमा परे।"

... किताब पढ्दापढ्दै ओल्गा डाँडामा चढ्दैथिई। त्यही नै घुमाउरो गोरेटोले बाटो काटेको ठाउँमा मोटरसाइकल लिएर उभिइराखेका गेओर्गीले उसलाई भेटे। उनीहरूले एक-अर्कालाई अभिवादन गरे।

"म जाँदैथिएँ।" – ग़ेओर्गीले ओल्गालाई भने। – "तपाईं आइरहनुभएको देखें। अनि यसो सोचें र बाटोमा पर्ने भए पुऱ्याइदिन्छु भन्ने विचारले पर्खने निर्णय गरें।"

"अँ होला?" – ओल्गालाई पत्यार लागेन। – "तपाईं जानाजान मलाई पर्खेर बस्नुभएको थियो।"

"ठिकै भन्नुभयो।" – गेओर्गीले स्वीकार गरे। – "झुक्याउन खोजेको थिएँ, तर सकिएन। बिहान तर्साएकोमा म तपाईंको सामु क्षमाप्रार्थी छु। फाटकनेर उभिएको खोरण्डो बुढो त मै हुँ। नाटकको तैयारीमा भएको हुनाले मेक-अप गरेको थिएँ। बस्नुहोस्, म तपाईंलाई मोटरसाइकलमा पुऱ्याइदिन्छु।

नकारात्मक जवाफ दिन ओल्गाले मुन्टो हल्लाई।

गेओर्गीले ओल्गाको किताबमाथि फूलको गुच्छा राखिदिए। गुच्छा राम्रो थियो। ओल्गाको अनुहार रातो भयो, ऊ आत्तिई र... फूलको गुच्छा बाटोमा फालिदिई।

यस्तो होला भन्ने गेओर्गीले ठानेका थिएनन्।

"सुन्नुहोस् त!" – उनले दुःख मानेर भने। – "तपाईं राम्रो बजाउनुहुन्छ, गाउनुहुन्छ। तपाईंका आँखा सरल र चम्किला देखिन्छन्। मैले तपाईंलाई कुनै नराम्रो गरेको छैन। तर मलाई लाग्छ, तपाईंले गर्नुभएको जस्तो व्यवहार त कसैले पनि गर्दैन... लौहकन्क्रट विषय पढ्ने मानिस नै किन नहोस्।"

"मलाई फूल चाहिंदैन!" – आफ्नो कर्तुत देखी आफै डराएर ओल्गाले भनी। – "म... फूलबिना पनि तपाईंसंग जान्छु।"

ऊ छालाको गद्दीमा बसी, मोटरसाइकल बाटोमा बेगले दौडयो।

दोबाटोमा पुगेपछि बस्ती जाने बाटो छोडेर मोटरसाइकल खेततिर लाग्यो।

"तपाईंले त अर्कै बाटोमा लैजानुभयो।" – ओल्गाले चर्को स्वरमा भनी। – "हामी दाहिने लाग्नुपर्छ!"

"यो बाटो राम्रो छ।" – गेओर्गीले जवाफ दिए। – "यहाँ रमाइलो छ।"

फेरि एकपटक मोडेर उनीहरू कोलाहलमय वनको छहारी हुँदै गए। गाईवस्तुको बथानबाट एउटा कुकुर निस्क्यो र उनीहरूलाई पिछा गर्न थाल्यो। हैन, कति टाढा जाने हो!

उनीहरूको सामुन्नेबाट आइराखेको लहरी तोप पड्केजस्तै गर्जेर गयो।

धुलाको मुस्लोबाट निस्केपछि गेओर्गी र ओल्गाले डाँडामुनि धुवाँ उडेको, चिम्नी, बुर्जा र कुनै अज्ञात शहरबाट ल्याएको शीशा र फलाम देखे।

"यो हाम्रो कारखाना हो।" – गेओर्गीले चिच्याएर ओल्गालाई बताए। – "तीन वर्षअघि म यहाँ च्याउ खोज्न र ऐंसेलु टिप्न आउँथें।"

मोटरसाइकल उत्तिकै बेगले पछाडि मोडियो।

"सोभै जाउँ!" – ओल्गा पहिल्यैदेखि सावधान भएर कराई। – "सोभै घर जाउँ।"

अचानक मोटरसाइकलको स्टार्ट बन्द भयो र उनीहरू रोकिए।

"पर्खनोस् है!" – मोटरसाइकलबाट झर्दै गेओर्गीले भने। – "सानो गडबडी।"

भोजपत्रको रूखमुनि जमीनमा मोटरसाइकल ढलाएर उनले पार्ट-पूर्जाको झोला झिके, अनि पेचकसले कतै कस्न र कतै घुमाउन थाले।

"ओपेरामा तपाईं कसको अभिनय गर्नुहुन्छ?" – चहुरमा बस्दै ओल्गाले सोधी। – "तपाईंको रङ्गभूषा किन त्यस्तो भयानक र डरलाग्दो हुनुपर्ने?"

"म एउटा पंगु बूढाको अभिनय गर्छु।" – मोटरसाइकलको काम नछोडेरै गेओर्गीले जवाफ दिन थाले। – "ऊ पहिलेको छापामार हो र अलिकति... दिमाग खुस्केको मानिस हो। ऊ सिमानानजिकै बस्दछ र जहिले पनि उसलाई शत्रुले चलाकी गरेर हामीलाई झुक्याउनेछन् भन्ने लाग्दछ। ऊ बूढो छ, तर सावधान छ। लाल सेनाका सिपाहीहरू भर्खरका छन्, उनीहरू हँसीठट्टा गर्छन्, पहरा दिएपछि भलिबल खेल्छन्। केटीहरू त्यहाँ थरीथरीका छन्... कात्युशाहरू!"

गेओर्गी मलिन भए र सुस्तरी गाउन थाले।

> बादलपारि ओझेल भयो मलिन चन्द्रमा।
> घिस्रँदै आउँछ शत्रुको दल सुन्सान रातमा।
> पहरा दिंदै छर्लङ्गै काटें तेस्रो यो रात है।
> नसुतोस् देश! म बूढो भएँ... लाग्दैन अब क्यै!!

अनि गेओर्गीले अर्कै स्वर निकालेर समुह-गानको नक्कल गर्दै गाए।

> निश्चिन्त होऊ, बूढाबा तिमी,
> निश्चिन्त भइद्यौ!

"के हो 'निश्चिन्त' भनेको?" – रूमालले ओठमा लागेको धूलो पुछ्दै ओल्गाले सोधी।

"यसको अर्थ हो।" – रेन्चीले रिङ्गमा हान्दै गेओर्गीले बताए। – "यसको अर्थ हो: शान्तसंग सुत, मूर्ख बूढा! सबै सिपाही र कमाण्डरहरू उहिल्यैदेखि आ-आफ्नो ठाउँमा पुगिसकेका छन्...। ओल्गा, तपाईंकी बहिनीले मसंग भेट भएको कुरा गरिन?"

"गरी, मैले उसलाई हप्काएँ।"

"बिनसित्तै! असाद्धे रमाइली केटी। मैले उसलाई 'ए' भनेको त उसले मलाई 'बी' भनी।"

"यो रमाइली केटीले गर्दा चिन्ताले पिल्सिनुपर्दछ।"–ओल्गाले फेरि भनी।–"ऊसंग कुनचाहिं हो तिमुर नाम गरेको केटो लागेको छ। ऊ बदमाश कभाकिन गुटको रहेछ। कसै गरेर पनि मैले उसलाई आफ्नो घरबाट धपाउन सकेकी छैन।"

"तिमुर! अँ..."–गेओर्गीले आश्चर्य मानेर खोके।–"ऊ पनि कहीं कुनै गुटको हो र? मेरो विचारमा ऊ त्यस्तो छैन..., होइन...। ल, भैहाल्यो! तपाईं नआत्तिनुहोस्...। उसलाई तपाईंको घरबाट धपाउने म भएँ। ओल्गा, तपाईं किन सङ्गीत विद्यालयमा पढ्नुहुन्न। इन्जिनियर के म पनि त इन्जिनियर हुँ। तर के नै भएको छ र?"

"तपाईं के अयोग्य इन्जिनियर हुनुहुन्छ र?"

"अयोग्य त किन हुनु?"–ओल्गातिर सरेर अगाडिको पाङग्राको रिङ्गमा हान्दै गेओर्गीले जवाफ दिए।–"अयोग्य त पटक्कै होइन, तर तपाईं असाद्धे राम्रोसंग गाउन र बजाउन जान्नुहुन्छ।"

"सुन्नुहोस्, गेओर्गी!"–चकित भएर अलिक हट्दै ओल्गाले भनी।–"मलाई थाहा छैन, तपाईं कस्तो इन्जिनियर हुनुहुन्छ, तर तपाईंको मरम्मतगराइ अनौठो लाग्छ।"

ओल्गाले हात हल्लाएर गेओर्गीले घरि रिङ्गमा, घरि डण्डीमा हानेको नक्कल गरी।

"केही अनौठो छैन। जसरी गर्नुपर्ने हो त्यसरी नै गरिनेछ।"–उनले रेन्ची निकालेर फ्रेममा हाने।–"लौ तयार भयो! ओल्गा, तपाईंका बुवा कमाण्डर हुनु-हुन्छ?"

"अँ।"

"राम्रै भयो। म पनि कमाण्डरै हुँ।

"कसले भन्न सकोस्!"–ओल्गाले कुम हल्लाई।–"तपाईं घरि इन्जिनियर, घरि कलाकार, घरि कमाण्डर। हुनसक्छ, अझ तपाईं पायलट पनि हुनुहुन्छ कि?"

"होइन!"–गेओर्गी हाँसे।–"पायलटहरू माथिबाट बमले टाउकामा हान्छन्, हामी चाहिं तल पृथ्वीमा बसेर धातु र पत्थरले सोझै मुटुमा प्रहार गर्छौं।"

फेरि उनीहरू रईको खेत, झाडी र नदी हुँदै गए। अन्त्यमा दाचा आइपुग्यो।

मोटरसाइकलको आवाज सुनेर झेन्या बार्दलीबाट दगुर्दै झरी। गेओर्गीलाई देखेर ऊ लज्जित भई तर उनी गएपछि भने उनलाई आँखाले पछ्याउँदै झेन्या ओल्गानेर

गई र उसलाई अङ्गालो मारेर इर्ष्यापूर्वक भनी :

"ओहो, आज तिमी कति प्रसन्न देखिन्छचौ !"

घर नम्बर २४ को बगैंचा नजिकै भेट्ने कबुल गरेर केटाहरू पर्खालबाट हिंडे।

एकलो फिगुरामात्र रोकियो।

चर्चभित्रको मौनताले उसलाई क्रोधित र चकित तुल्याएको थियो। बन्दीहरू न कराउँथे, न हल्ला गर्दथे, न त फिगुराको प्रश्न र चिच्याहटको नै कुनै जवाफ दिन्थे।

त्यसपछि फिगुराले चलाकी गर्ने अठोट गऱ्यो। बाहिरको ढोका खोलेर ऊ ढुङ्गे भित्तातिर पस्यो र त्यहाँ कोही पनि नभएजस्तो गरी चुपचापसित लुकेर बस्यो।

अनि, कसैले ताल्चा चलाउँछ कि भनेर ऊ त्यति बेरसम्म कान थापेर बसिराख्यो जबसम्म बाहिरको फलामे ढोका कसैले लठ्ठाले हानेजस्तो गरी जोडले थर्केन।

"ए, त्यहाँ को हुँ?" – ढोकातिर फर्केर फिगुराले रीस पोख्यो। – "ए, निहुँ नखोज्। तेरो गर्धन भाँचिघुला!"

तर उसले जवाफ पाएन। ढोकाबाहिर अरूहरूकै स्वर सुनियो। झ्यालको खापा घस्काएको आवाज आयो। झ्यालको डण्डीबाट कोही मानिस बन्दीहरूसंग कुरा गरिरहेको थियो। अनि चर्चभित्र हाँसो फुटचो। त्यो हाँसोलाई फिगुराले खप्न सकेन।

अन्त्यमा बाहिरको ढोका खुल्यो। फिगुराअगाडि तिमुर, सिमाकोभ र लादिगीन थिए।

"दोस्रो चुकुल खोल्।" – तिमुरले कत्ति नचलेर आदेश दियो। – "खोल् आफै, अन्यथा नराम्रो हुनेछ।"

फिगुराले नचाहेरै चुकुल खोल्यो। चर्चबाट कोल्या र गेइका निस्के।

"उनीहरूको ठाउँमा पस्।" – तिमुरले आदेश दियो। – "पस् दुष्ट, चाँडै।" – मुड्की बाँधेर करायो ऊ। – "मलाई तँसंग कुरा गर्ने फुर्सद छैन।"

फिगुरालाई हुलेर दुबै ढोका बन्द गरियो। भित्तामा बलियो गजवार हालेर ढोकामा ताल्चा मारियो।

त्यसपछि तिमुरले कागजको टुक्रा लियो र त्यसमा नीलो शीशाकलमले बाङ्गोटिङ्गो अक्षरमा लेख्यो :

"क्भाकिन, पहरा दिनुपर्दैन। ताल्चा मारेको मैले हो, साँचो मसंग छ। भरे म सिधै भनेको ठाउँमा, बगैंचानजिकै, आउनेछु।"

त्यसपछि सबैजना गायब भए। पाँच मिनेटपछि पर्खालभित्र क्भाकिन पस्यो।

उसले कागत पढचो, ताल्चा समात्यो, ङिच्च हाँस्यो र फाटकतिर लाग्यो।

त्यही वेला थुनिएको फिगुरा भने आकुलव्याकुल भएर मुड्की र लात्ती फलामको ढोकामा बजाउँदैथियो।

फाटकमा पुगेर क्वाकिन पछि फर्क्यो र बेमतलबसंग भन्यो:

"ठकठक्या, गेइका, ठकठक्या। साँझसम्म नै ठकठक्याइ राख् बाबु।"

त्यसपछिको घटनाक्रम यस्तो थियो।

सूर्यास्तअघि तिमुर र सिमाकोभ बजार-चोक पुगे। भद्रगोलसंग राखिएका क्वास, सर्वत, सागपात, चुरोट, किरानामाल, आइसक्रीमका पसलहरूको छेउमा एउटा रङ्ग न ढङ्गको रित्तो चौकी थियो। त्यसमा हाट-बजार लाग्ने दिन सार्कीहरू जुत्ता सिउन बस्थे।

चौकीमा तिमुर र सिमाकोभ धेरै बेर अडिएनन्।

साँझ परेपछि कटेराको बुइँगलमा पोतचक्रले काम गर्न थाल्यो। एकपछि अर्को गर्दै बलिया डोरीका तारहरू तन्किए र जे दिनुपर्ने हो र जहाँ दिनुपर्ने हो, सङ्केतहरू जान थाले।

दलको संख्या बढ्दैगयो। केटाहरू जम्मा हुँदैगए, उनीहरू थुप्रै भए र बीस, अनि तीस जनासम्म पुगे। बारको प्वालबाट सुस्तरी र हल्ला नगरीकन नयाँ-नयाँ अनुहारहरू घुस्न थाले।

तान्या र न्युर्कालाई फिर्ता पठाइदिए। झेन्या घरैमा बसी। उसको काम ओल्गालाई रोकिराख्नु र बगैंचामा पस्न नदिनु थियो।

बुइँगलमा पाङ्ग्रोनेर तिमुर बसेको थियो।

"छैठौं तारमा फेरि सङ्केत दे।"—झ्यालमा झुल्किन आएको सिमाकोभले आत्तिंदै भन्यो।—"त्यहाँबाट किन हो जवाफ आएको छैन।"

दुई जना केटाहरूले फलेकमा कस्तो हो कुन्नि पोष्टर बनाए। लादिगीनको डफ्फा पनि आइपुग्यो।

अन्त्यमा गुप्तचरहरू आइपुगे। क्वाकिनको जमात घर नम्बर २४ को बगैंचानजिकै चहुरमा जम्मा हुँदै रहेछ।

"वेला भयो।"—तिमुरले भन्यो।—"सब जना तयार होऊ।"

पाङ्ग्रो छोडेर उसले डोरी तान्न थाल्यो। पुरानी कटेरामाथि बादलहरूको बिचबीचमा दौडिरहेको चन्द्रमाको छिरबिर उज्यालोमा दलको झण्डा बिस्तारै उठाइयो र फहराइयो। लडाइँको सङ्केत दिइयो।

...घर नम्बर २४ को पर्खालको हाराहारी नौ-दस जना केटाहरू हिंड्दैथिए। छायाँमा रोकिएर क्वाकिनले भन्यो:

"सबै छन्, तर फिगुरा छैन।"

"त्यो बाठो छ।" – कसैले भन्यो। – "शायद बगैंचामा पुगिसकेको होला। ऊ जहिले पनि अगाडि नै पुग्छ।"

पहिला नै कीला फुकालिसकेको फलेक धकेलेर क्भाकिन प्वालबाट भित्र पस्यो। उसको पछि लागेर अरू पनि घुसे। सडकमा प्वालछेउ एक जना आल्योश्का मात्रै पाले बस्यो।

सडकको अर्को छेउमा नालीनेर सिस्नो र अल्लोको झ्याङ्ग मौलाएको ठाउँमा पाँचवटा टाउका देखिए। चारजना तुरून्तै हराए। पाँचौं – कोल्या कोलोकोल्चिकोभ चाहिं अडियो, तर कुन्नि कस्को हो हत्केला उसको तालुमा बज्रियो र ऊ पनि गायब भयो।

पाले बसेको आल्योश्काले यताउति हेऱ्यो। वरिपरि चकमन्न थियो। बगैंचामा के हुँदैछ भनेर चाल बुझ्न उसले प्वालबाट टाउको छिरायो। नालीबाट तीनजना छुट्टिए। अर्को क्षणमा नै पालेलाई कुनै बलियो शक्तिले उसको हात-खुट्टा समातेर तान्यो। चुइँक्क पनि गर्न नपाई ऊ बारबाट हुत्तियो।

"गेइका।" – टाउको उठाउँदै उसले भन्यो। – "तिमी कहाँबाट आयौ?"

"त्यहींबाट"। – गेइकाले कानेखुसी गर्दै भन्यो। – "चुप लाग्, बुझिस्। नत्र म तैंले मेरो पक्षमा बोलेको कुराको पनि वास्ता गर्दिनँ।"

"हुन्छ।" – आल्योश्का सहमत भयो। – "म चुप लाग्छु।" – अनि उसले अकस्मात् तिव्र स्वरले सुसेली मान्यो।

तुरून्तै गेइकाको फराकिलो हत्केलाद्वारा उसको मुख थुनियो। अनि कसैका हातले उसको कुम र खुट्टामा समातेर त्यसलाई त्यहाँबाट लगे।

बगैंचामा सुसेलो सुनियो। क्भाकिनले मुन्टो फर्कायो। त्यसपछि फेरि सुसेलो सुनिएन। क्भाकिनले ध्यानपूर्वक चारैतर्फ हेऱ्यो। अहिले उसलाई बगैंचाको कुनामा झ्याङ्ग चलेजस्तो लाग्यो।

"फिगुरा!" – क्भाकिनले सुस्तरी बोलायो। – "तैं पटमूर्ख होस्, त्यहाँ लुक्ने?"

"मिश्का! बत्ती!" – अकस्मात् कोही करायो। – "घरधनि आउँदैछन्।"

तर त्यहाँ घरधनि थिएनन्। पछिल्तिर पातका झुप्पाहरूमा कमसेकम दसवटा बिजुली बत्ती बले। आँखा तिर्मिर पार्दै उनीहरू सरासर आक्रमणकारीहरूतिर बढे।

"हान्, नछोड्!" – खल्तीबाट स्याउ झिकेर बत्तीमा प्रहार गर्दै क्भाकिन करायो। – "हातबाटै त्यसको बत्ती खोस्! यो उही... तिम्का हो।"

"त्यहाँ तिम्का, यहाँ सिम्का।" – झाडीबाट निस्केर सिमाकोभ गर्ज्यो। पछाडि र छेउछाउबाट पनि अरू दसजना केटाहरू निस्के।

"एहे !" – क्भाकिन करायो। – "उनीहरूको त फौज नै रहेछ। केटा हो, बार नाघेर भाग !"

घेरामा परेको डफ्फा कोलाहल गर्दै बारतिर लाग्यो।

धकेल्दै र टाउको ठोक्दै केटाहरू सडकमा निस्कन्थे र सोझै लादिगीन र गेइकाको हातमा पर्थे।

चन्द्रमा पूरै कालो बादलभित्र घुस्यो। त्यहाँ आवाज मात्र सुनिन्थ्यो।

"छोड् !"

"नचल् !"

"रहन दे ! नछो !"

"चुपलाग सबैजना !" – अन्धकारमा तिमुरको स्वर सुनियो। – "बन्दीहरूलाई नपिट्नू ! गेइका खै ?"

"गेइका यहाँ छ।"

"ठाउँमा लैजाऊ यी सबैलाई !"

"यदि कसैले मानेन भने ?"

"हात-खुट्टा समातेर देव-प्रतिमालाई जस्तै आदरपूर्वक घिसार !"

"छोड दुष्टहरू !" – कसैको रुन्चे स्वर सुनियो।

"को हो कराउने ?" – तिमुरले कड्केर सोध्यो। – "बदमाशी गर्न त सिपालु छौ, सजाय भोग्न भने डर लाग्छ, हैन ? गेइका, आदेश दे र चलान गर् !".

बन्दीहरूलाई बजारको चोकमा ठडिएको रित्तो चौकीमा लगियो। त्यहाँ उनीहरू-लाई एकपछि अर्को गर्दै चौकीभित्र हुलियो।

"मिखाइल क्भाकिनलाई मकहाँ ल्याऊ !" – तिमुरले अनुरोध गऱ्यो।

क्भाकिनलाई ल्याइयो।

"काम सिद्धियो ?" – तिमुरले सोध्यो।

"सिद्धियो !"

अन्तिम बन्दीलाई चौकीमा बन्द गरेर चुकुल लगाइयो र बलियो ताल्चा मारियो।

"यहाँ आइज।" – त्यतिखेर तिमुरले क्भाकिनलाई भन्यो। – "तँ त हाँसोलाग्दो देखिन्छस्। तँ देखेर कोही डराउँदा पनि डराउँदैन र तँ कसैलाई चाहिंदा पनि चाहिं-दैनस्।"

उसलाई पिट्ने होलान् भन्ने ठानेर क्भाकिन मुन्टो घोप्टयाएर उभिइरहेको थियो र केही पनि बुझिरहेको थिएन।

"ल, जा !" – तिमुरले दोहऱ्यायो। – "यो साँचो लिएर चर्चमा जा ! त्यहीं तेरो माथी फिगुरा बसिरहेको छ।"

कभाकिन गएन।

"छोड्दे केटाहरूलाई!" – उसले निन्याउरो मुख लगाएर भन्यो। – "कि त मलाई पनि उनीहरूसंगै थुन्।"

"अहँ!" – तिमुर मानेन। – "अब यसको अन्त्य भयो। उनीहरूको तँसंग र तेरो उनीहरूसंग गर्ने काम केही छैन।"

सुसेलो, होहल्ला र गिल्ला सहँदै कुममा टाउको लुकाएर कभाकिन बिस्तारै त्यहाँबाट हिंड्यो। दस कदमजति पर पुगेपछि ऊ रोकियो र सोझो भयो।

"तँलाई ठटाइछाड्छु!" – क्रोधित भएर तिमुरतिर फर्केर ऊ करायो। – "तँ एउटालाई ठटाउँछु। एकलै भएको वेलामा! नमरून्जेल गोद्छु।" अनि ऊ बुरूक्क उफ्रयो र अँध्यारोमा बिलायो।

"लादिगीन र उसका पाँच जना, तिमीहरू जान सक्छौ।" – तिमुरले भन्यो। – "तँलाई के गर्नु छ?"

"बोल्शाया भासिल्कोभ्स्कायाबाट मूढा गुडाएर लैजानुछ।"

"हुन्छ। काम शुरू गर!"

रेलवे स्टेशननजिकै सिट्टी बजेको सुनियो। दाचाको रेलगाडी आइपुग्यो। त्यसबाट यात्रुहरू निस्कन थाले र तिमुर हतारियो।

"सिमाकोभ र उसका पाँचजना, तिमीहरूको के छ?"

"घर नम्बर अठ्तीस, मालाया पेत्राकोभ्स्काया!" – उसले हाँसेर भन्यो। – "हाम्रो काम सधैं भै – बाल्टिन, पीपा अनि पानी ...। ल, गयौं!"

"ल त काममा लाग! अब ... मानिसहरू यता आउँदैछन्। बाँकी रहेका सबै आ-आफ्नो घर जाऊ! भाग!"

... चोकमा खैलाबैला र खट्खट्को आवाज व्याप्त भयो। रेलबाट निस्केका मानिस-हरू झस्किए र रोकिए। खट्खट् र होहल्ला दोहरियो। बगलको दाचाका झ्यालहरूमा बत्ती बले। कसैले स्टलमाथिको बत्तीको स्विच थिच्यो र त्यहाँ उभिएका मानिसहरूले पसलमाथि यस्तो पोष्टर टाँसिएको देखे।

यात्रुहरू, दया नगर्नू!

यहाँ तिनै कातरहरू छन्, जो राता-रात शान्तिमय बासिन्दाहरूको बगैंचामा डकैती गर्छन्। ताल्चाको साँचो यही पोष्टरको पछाडि छ। यहाँ थुनिएका बन्दीहरूलाई जसले छोडिदिनेछ, उसले पहिला यिनी-हरूमध्ये कोही आफ्नो निकटतम अथवा परिचित छ कि भनेर हेरोस्!

रात धेरै घर्किसक्यो। ढोकामा कालो घेरा लगाइएको लाल तारा पनि देखिंदैनथ्यो। तर तारा त्यहीं थियो।

त्यही घरको बगैंचा, जहाँ सानी केटी बस्छे। हाँगै-हाँगा भएको रूखबाट डोरी खस्यो र त्यसपछि खस्रो बोटबाट केटो झऱ्यो। उसले डोरीमा पिर्का राख्यो र पिङ बलियो छ कि छैन भनेर विचार गर्न पिर्कामा बस्यो। ठूलठूला सुकेका हाँगाहरू चुँइ-चुँइ गर्न थाले; पातका झुप्पाहरू चल्मलाए र खस्र्याकखुस्रुक गरे। आत्तिएका चरा भुर्र-भुर्र उड्दै चिं-चिं र पिं-पिं गरेर कराउन थाले। निकै अबेर भइसकेको थियो। ओल्गा उहिल्यै निदाइसकी, झेन्या पनि सुतिरहेकी छे। उसका साथीहरू – रमाइलो सिमाकोभ, धेरै नबोल्ने लादिगीन, हाँसोलाग्दो कोल्या पनि सुतिरहेका छन्। सके ओल्टो र कोल्टो फर्कंदै साहसी गेइका पनि निद्रामा बर्बराइरहेको होला।

बुर्जाको घडीमा सवा घन्टा हानेको सुनियो। "दिन थियो – काम थियो। ट्वाङ-ट्वाङ ... एक, दुई ! .."

हो साँच्चै नै अबेर भयो।

केटो उठ्यो, झारमा छामछुम गऱ्यो र चहुरमा टिपेका फूलहरूको ठूलो गुच्छा उठायो।

ती फूलहरू झेन्याले टिपेकी थिई।

सुतिरहेकाहरूको निद्रा नबिथलियोस् र उनीहरू नतर्सुन् भनेर सावधान हुँदै ऊ चन्द्रमाको उज्यालो परेको खड्गेलीमा पुग्यो र सिंढीको माथिल्लो खुड्किलोमा थपक्क गुच्छा राख्यो। त्यो केटो तिमुर थियो।

बिदाको दिन बिहान। खासाननजिकै लाल सेनाको विजयको बार्षिकोत्सव मनाउन बस्तीका कोम्सोमोल-सदस्यहरूले पार्कमा ठूलो कार्निभल – नाचगान र उत्सवको आयोजना गरेका थिए।

केटीहरू झिसमिसेमै उठेर वनतिर गए। ओल्गा छिटछिटो ब्लाउजमा इस्त्री लगाउँदैथिई। लुगा खोतल्दा उसले झेन्याको जामा झट्कारी, खल्तीबाट कागज खस्यो।

ओल्गाले कागज टिपी र पढी:

"घरमा कसैसंग डराउनुपर्दैन, नानी। सब ठीक छ, मबाट कसैले पत्तो पाउनेछैन – तिमुर।"

'केको पत्तो पाउनेछैन ? किन नडराऊ भनेको ? यो घुसघुसे र उत्ताउली केटीको केको गोप्यता हो यस्तो ? यस्तो त भएन ! यसको अन्त्य हुनुपर्छ। बुवाले जाँदाखेरि भन्नुभएको थियो ...। यो काम कसिएर तुरून्तै गर्नुपर्छ।"

गेओर्गीले झ्याल ढकढकाए।

"ओल्गा!" – उनले भने। – "मद्दत गर्नोस्। मकहाँ एउटा प्रतिनिधिमण्डल आएको छ। उनीहरू कुनै सङ्गीत सुनाउने आग्रह गर्छन्। आज यस्तो दिन – इन्कार गर्न पनि भएन। तपाईंले आकर्डियनमा साथ दिनुपर्‍यो।"

"अँ ..., तर तपाईंलाई पेनोवादकले साथ दिन सक्छिन् नि!" – ओल्गाले आश्चर्य मानी। – "किन आकर्डियनकै साथ चाहियो र?" – "ओल्गा, म पेनोवादक-संग गाउन चाहन्नँ। म तपाईंसंग गाउन चाहन्छु। हाम्रो जोडा मिल्छ। झ्यालबाट उफ्रेर तपाईंको कोठामा पसौं है? इस्त्री राख्नोस् र बाजा झिक्नोस्। ल, म आफै निकाल्छु। तपाईंले आफ्ना औंलाले थिचेर लय मात्रै मिलाइदिए पुग्छ, गीत मै गाउँछु।"

"गेओर्गी!" – ओल्गाले रूष्ट भएर भनी। – "ढोका हुँदाहुँदै तपाईं कमसेकम झ्यालबाट त नपसेको भए पनि हुन्थ्यो ...।"

पार्कमा खैलाबैला थियो। आराम गर्न आएका मानिसहरूका मोटरगाडीहरूको ताँती लागेको थियो। लहरीहरूले बोतल, सेंडवीच, पाउरोटी, सासेज, मिठाई र केक ल्याएका थिए। हातमा र बग्गीमा आइसक्रीम ल्याउनेहरूको नीलो पोशाक लगाएको टोली व्यवस्थित ढङ्गले जाँदैथियो।

चहुरमा ग्रामोफोनहरूबाट थरी-थरीका गीत सुनिन्थ्यो र त्यसका वरिपरि आगन्तुक र स्थानीय दाचावासीहरू खाने र पिउने कुरा लिएर बसेका थिए।

बाजा घन्किएको थियो।

नाचघरको पर्खालको ढोकैमा एउटा बूढो पाले बसेको थियो र आफ्नो पेचकस, पेटी र फलामका "अंकुशेहरू" लिएर ढोकाबाट पस्न खोजेको मिस्त्रीलाई ऊ भन्दै-थियो:

"सर-सामान लिएर भित्र जान पाइँदैन। आज चाडको दिन हो। तिमी बरू घर जाऊ, नुहाईधुवाई गर र लुगा फेर।"

"यहाँभित्र पस्न त टिकट चाहिंदैन बा, सित्तैमा जान पाइन्छ।"

"जे भए पनि हुँदैन। यहाँ गायन हुँदैछ। धन्य तिमीले टेलिफोन-तारको लठ्ठा बोकेर ल्याएनौ। महाशय, तपाईं पनि हट्नोस् यहाँबाट!" – उसले अर्को मानिसलाई रोक्यो। – "यहाँ मानिसहरू गीत गाउँछन् ... सङ्गीत। तर तपाईंको खल्तीमा भने बोत्तल घुसारिएको छ।"

"बूढाबा!" — त्यस मानिसले भकभकाउँदै आपत्ति जनाउने प्रयास गऱ्यो। — "मलाई नभई हुँदैन ...। म गायक हुँ।"

"जानोस्, जानोस् गायक!" — मिस्त्रीलाई देखाउँदै बूढाले भन्यो। — "यी वाद्य-वादक आपत्ति जनाउँदैनन्। तपाईं गायक पनि आपत्ति नभिक्नोस्!"

भेन्यालाई केटाहरूले ओल्गा आकर्डियन लिएर पर्दाभित्र आएको कुराको सूचना दिइसकेका थिए। ऊ बेन्चमा अधैर्यताकासाथ चञ्चल भएर बसेकी थिई।

बल्ल गेओर्गी र ओल्गा निस्के। भेन्यालाई डर लाग्यो। ओल्गालाई देखेर मानिसहरू अब हाँस्नेछन् जस्तो लाग्यो उसलाई। तर कोही पनि हाँसेन।

गेओर्गी र ओल्गा रङ्गमञ्चमा उभिएका थिए। उनीहरू सामान्य, जवान र रमाइला देखिन्थे र भेन्यालाई ती दुबै जनालाई अङ्कमाल गरूँ जस्तो लाग्यो।

अनि ओल्गाले काँधमा पेटी भिरी।

ठूलो चाउरी पारेर गेओर्गीले निधार खुम्च्याए, ढाड कुप्रो पारे र शिर निहुऱ्याए। उनी तुरुन्तै बूढो जस्तो देखिन्थे र मधुर स्वरले उनले गीत गाए।

> तीन रात अनिंदो नै काटें, याद त्यसैको आउँछ भल्भल।
> उराठलाग्दो सन्नाटामा रहस्यमय क्यै गर्दछ चल्मल॥
> बन्दूक थाम्न त पर्दछ गाह्रै। चिन्तालें मन कुढिन्छ साह्रै।
> युद्धकालका रातहरूमा, बीस वर्षअघि जस्तै स्थितिमा॥
> फौज भरौटे दुश्मनहरूको लड्ने ज्यालाको पैसामा।
> होस् ता जम्काभेट तँसंग फेरि अचानक आज कुदिनमा॥
> केश फुलेको वृद्ध म हुँ तर लड्न भनेर म कम्मर कस्छु।
> धैर्यवान औ कठोर बन्दै बीस वर्षअघि जस्तै हुन्छु॥

"अहा, कति राम्रो! कठै! विचरा त्यो लङ्गडो बहादुर बूढो! क्या बात! क्या बात!.." — भेन्याले गुनगुनाउँदै भनी। — "ठीक छ। ओल्गा, त्यसरी नै बजाऊ! अफसोच, तिमीले बजाएको हाम्रो बुवाले सुन्नुहुन्न।"

नाचगानपछि उद्यान-पथमा एक अर्काको हात समातेर गेओर्गी र ओल्गा घुमिरहेका थिए।

"राम्रै भयो!" — ओल्गाले भनी। — "तर भेन्या कहाँ हराई, मलाई थाहा छैन।"

"ऊ बेन्चमा उभिएर 'ब्राभो, ब्राभो!' भनेर कराउँदैथिई।" — गेओर्गीले बताए। — "अनि ऊनेर ..." — गेओर्गी बोल्दाबोल्दै रोकिए। — "कुन चाहिं हो केटो आइपुग्यो र दुवै जना ओभेल भए।"

"कुन केटो?" – बेचैन भएर ओल्गाले सोधी। – "गेओर्गी, तपाईं जेठोपाको हुनुहुन्छ। मैले ऊसंग के गर्ने होला, भन्नोस् न? ल, हेर्नोस्! यो चिट बिहान मैले उसको खल्तीमा भेट्टाएँ।"

गेओर्गीले चिट पढे। त्यसपछि आफै पनि विचारमा मग्न भएर उनले अँध्यारो मुख लगाए।

"नडराऊ! यसको मतलब हो – नटेर। यो केटो मेरो अगाडि मात्रै पर्दो हो त म ऊसंग कुरै गर्थे।"

ओल्गाले चिट लुकाई। केही समय उनीहरू चुप लागे। तर बाजा घन्केर बजेको थियो, चारैतिर हाँस-खेल भइरहेको थियो। उनीहरू फेरि हात समातेर हिंड्न थाले। अकस्मात् दोबाटोमा त्यस्तै अर्को जोडीसंग उनीहरूको जम्काभेट भयो, जुन उनीहरूले जस्तै हात समातेर उनीहरूतिरै आउँदैथियो। त्यो तिमुर र भेन्याको जोडी थियो।

अलमल्लमा परेका दुवै जोडीले नम्र भएर एकाएक अभिवादन गरे।

"यही हो!" – गेओर्गीको हात झट्कार्दै ओल्गाले अतालिंदै भनी। – "त्यो केटो यही नै हो।"

"अँ!" – गेओर्गी अकमक्क परे। – "मुख्य कुरा, उही हो मेरो हक्की भतिजो – तिमुर!"

"तिमीलाई... तपाईंलाई यो कुरा थाहा थियो।" – ओल्गा रिसाई। – "तर पनि तपाईंले मलाई केही भन्नुभएन।"

गेओर्गीको हात छोडेर ऊ बाटोमा दौड्दै गई। तर न तिमुर, न भेन्यालाई नै देख्न सकिन्थ्यो।

साँघुरो र बाङ्गोटिङ्गो गोरेटोतिर मोडिएपछि उसले त्यहाँ तिमुरलाई फेला पारी। ऊ फिगुरा र क्भाकिनको सामु उभिएको थियो।

"सुन् त।" – उसको नगिचै आएर ओल्गाले भनी। – "तिमीहरूलाई छाडा भएर बस्तीका बूढीहरूको र टुहुरीका केटीको समेत बगैंचाहरू सोत्तर पारेर पुगेन! तिमीहरूलाई देखेर कुकुरहरू पनि डराउछन् र पनि पुगेन! अँ, तँलाई फेरि मेरी बहिनीलाई पनि भड्काएर मेरै विरोधमा लगाउनुपर्‍यो। घाँटीमा भने पायोनियरको टाई बाँधेको छस्, तर मान्छे भने तँ... दुष्टै रहेछस्!"

तिमुरको अनुहार फिक्का भयो।

"यो सरासर झूठ हो।" – उसले भन्यो। – "तपाईंलाई केही पनि थाहा छैन।"

ओल्गा फन्केर भेन्या खोज्न दौडी।

तिमुर चुपचाप उभिइरह्यो।

रूमलोमा परेका फिगुरा र कभाकिन पनि मौन रहे।

"के भन्छौ त कमिस्सार?" – कभाकिनले सोध्यो। – "तिमीलाई पनि नमज्जा हुँदो रहेछ त?"

"हो, सरदार।" – बिस्तारै टाउको उठाउँदै तिमुरले जवाफ दियो। – "मलाई अहिले गाह्रो छ, मज्जा छैन। तिमीहरूले गर्दा यस्तो सुन्नुभन्दा त बरू मलाई तिमीहरूले समातेर थिलथिलो पारे नै राम्रो हुन्थ्यो।"

"तिमी किन बोलेनौ त?" – कभाकिनले खिस्याएर भन्यो। – "मैले होइन, उनीहरूले हो भनेको भए हुन्थ्यो नि त। हामी यहीं साथैमा थियौ।"

"हो त नि! भनेको भए हामी तिमीलाई त्यसको स्वाद चखाइदिन्थ्यौं।" – फिगुराले रमाउँदै थप्यो।

त्यस प्रकारको समर्थनको कुनै प्रतीक्षा नगरेको कभाकिनले केही नबोली आफ्नो साथीलाई चिसो दृष्टिले हेऱ्यो। तिमुर भने बोट-विरूवा समात्दै बिस्तारै त्यहाँबाट हिंड्यो।

"घमण्डी!" – कभाकिनले सुस्तरी भन्यो। – "रुन खोजेको छ, तर बोल्दैन।"

"एक-एक दनक दिउँ त, रोईहाल्छ।" – त्यति भनेर फिगुराले तिमुरतर्फ सल्लाको गोजा हुर्‍यायो।

"ऊ... घमण्डी!" – कभाकिनले धोक्रे स्वरले भन्यो। – "तँ... तँ चाहिं दुच्छर!" – त्यति भनेर उसले फिगुराको निधारमा एक घुस्सी मार्‍यो।

फिगुरा अकमक्क भयो। अनि उसले फुत्केर भाग्ने विचार गऱ्यो। दुईपटकसम्म कभाकिनले भेट्टायो र ढाडमा गोद्यो।

अन्त्यमा कभाकिन रोकियो, भल्लरे टोपी उठायो। घुँडामा हान्दै भट्कार्‍यो र पसलेनेर गएर आइसक्रीम किन्यो अनि रूखको अडेस लगाएर लामोलामो सास फेर्दै लोभीले झैं कपाकप आइसक्रीम खान थाल्यो।

...चहुरको तारो हानेर खेल्ने ठाउँमा तिमुरको गेइका र सिमासंग भेट भयो।

"तिमुर।" – सिमाले सावधान गरायो। – "तिमीलाई काका खोज्दैथिए। (लाग्छ, उनी रिसाएका छन्।)"

"अँ, जाँदैछु, मलाई थाहा छ।"

"तिमी यता फर्कन्छौ?"

"थाहा छैन।"

"तिमुर!" – अकस्मात् आफ्नो मित्रको हात समातेर गेइकाले नम्र हुँदै भन्यो। – "के भयो? हामीले त्यस्तो नचाहिंदो त कसैलाई पनि गरेका छैनौं। तिमीलाई थाहा छ, यदि मानिस सही छ भने....।"

"अँ, थाहा छ... उसले कसैसंग डराउन पर्दैन। तर जे भए पनि उसलाई दुःख लाग्छ।"

तिमुर गयो। आकर्डियन लिएर आइरहेकी ओल्गानेर झेन्या पुगी।

"ओल्गा!"

"जा तँ!" – बहिनीको मुखै नहेरेर ओल्गाले जवाफ दिई। – "म तँसंग अब बोल्दा पनि बोल्दिनँ। म अहिले नै मास्को जान्छु। म नहुँदा मन लागेकोसंग घुम्न सक्छेस्, रातभरि नै घुम्।"

"तर, ओल्गा..."

"म तँसंग कुरै गर्दिनँ। पर्सि हामी मास्को जानेछौं र त्यहीं नै बुवालाई पर्खनेछौं।"

"हो! बुवालाई, तर तिमीलाई होइन! उहाँले सबै कुरा थाहा पाउनुहुनेछ।" – क्रोध र रोदनमा डुबेर झेन्या कराई र तिमुरलाई खोज्न हिंडी।

गेइका र सिमाकोभलाई फेला पारेर झेन्याले 'तिमुर खै' भनेर सोधी।

"उसलाई घर बोलाए।" – गेइकाले भन्यो। – "तिमीले गर्दा ऊसंग किन हो काका साह्रै रिसाएका छन्।"

रीसले चूर भएर झेन्याले खुट्टा बजारी, मुट्ठी बाँधी र चिच्याउँदै भनी:

"यस्तै हुन्छ... बेकारमा... मानिसहरूलाई झन्झट आइलाग्छ!"

छटपटिएर उसले भोजपत्रको रूख अँगाली तर त्यसै वेला तान्या र न्युर्का दौड्दै ऊनेर आए।

"झेन्या!" – तान्याले कराउँदै भनी। – "के भयो तिमीलाई? झेन्या, दगुरौं! त्यहाँ बाजा बजाउँदैछन्, नाच शुरू भयो – केटीहरू नाच्दैछन्।"

उनीहरूले झेन्यालाई समाते र उसलाई धकेल्दै घेरामा पुऱ्याए। घेराभित्र फूलहरूजस्तै चहकिला जामा ब्लाउज र सरफानहरू चम्कन्थे।

"झेन्या, रुनु हुँदैन!" – न्युर्काले सधैं झैं छिट्छिटो भट्भटाई। – "बज्यैले मलाई पिट्दा पनि म त रुन्नँ। केटी हो, जाऔं घेरामा नै!.. ल उफ्रौं!"

"उफ्-रौं!" – झेन्याले न्युर्कालाई जिस्क्याई। घेरो नाघेर उधुम रमाइलोसंग उनीहरू फनफन घुम्दै र हल्लँदै नाच्न थाले।

घर फर्कनासाथ तिमुरलाई काकाले बोलाए।

"राति वेला न कुवेलाको तेरो हिंडडुलले मलाई वाक्क बनाइसक्यो।" – गेओर्गीले भने। – "तेरा साइरन, टेलिफोन र तारहरूबाट. पनि वाक्कै भइसकें। कम्बलको विचित्रको कथा के हो फेरि?"

"गल्ती भयो।"

"खूब राम्रो गल्ती भएछ। आइन्दा त्यो केटीसंग नलाग्; त्यसकी दिदी तँलाई मन पराउँदिन।"

"किन?"

"मलाई के थाहा। कुनै कारण भएरै त होला। केका चिट्ठी-पत्र हुन् तेरा? घाम झुल्कन पनि नपाउँदै केको भेटघाट हो तिमीहरूको? ओल्गा भन्छे – तँ केटी-लाई उत्पात मच्चाउन सिकाउछस् रे।"

"यो झूट्ठा हो।" – तिमुरले आपत्ति जनायो। – "त्यस्ती पनि कोम्सोमोलकी सदस्य रे! यदि उसलाई चित्त नबुझ्दो भए मलाई बोलाएर सोधे त भैहाल्थ्यो। सबै कुरा बताइदिनेथिएँ।"

"ल, ठिकै छ। अहिलेसम्म तैंले उसलाई केही पनि बताएको छैनस् र म तँलाई उनीहरूको दाचावरिपरि जान दिन्नँ। त्यसमा पनि यदि तँ जे मन लाग्यो सोही गर्छस् भने तँलाई म अहिले नै घरतिर आमाकहाँ पठाइदिन्छु।"

गेओर्गी निस्कन चाहन्थे, तर तिमुरले उनलाई रोक्दै सोध्यो:

"काका, तपाईं भर्खरको केटो हुँदा, के गर्नुहुन्थ्यो? कसरी खेल्नुहुन्थ्यो?"

"हामी?.. हामी दगुथ्यौं, चिप्लेटी खेल्थ्यौं, छानामा चढ्थ्यौं, कहिलेकाहीं त मुक्कामुक्की पनि चल्थ्यौं। तर हाम्रो खेल सरल र सामान्य थियो।"

झेन्यालाई चेताउनी दिने उद्देश्यले बहिनीलाई एक शब्द पनि नभनीकन बेलुकीपख ओल्गा मास्को गई।

मास्कोमा उसको कुनै काम थिएन। त्यस कारण घर नपसीकन ऊ सरासर सङ्गिनीकहाँ गई र अँध्यारो हुँदासम्म त्यहीं बसी। दस बजेतिर मात्र ऊ घर गई। ढोका खोलेर बत्ती बालेपछि ओल्गा झसंग भई। घरको ढोकामा टेलिग्राम घुसारिएको थियो। ओल्गाले टेलिग्राम निकालेर पढी। टेलिग्राम बुवाको थियो।

साँझतिर पार्कबाट सबै मोटरगाडीहरू गएपछि झेन्या र तान्या दाचातिर लागे। भलिबल खेल्ने बिचार गरेकी हुनाले झेन्याले जुत्ता फेर्नुपरेको थियो।

ऊ जुत्ताको तनो बाँध्दैथिई, कोठामा कैलो कपाल भएकी बच्चीकी आमा पसिन्। बच्ची उनकै काखमा उँघ्दैथिई।

घरमा ओल्गा नभएको कुरा थाहा पाएर ती आइमाई चिन्तित भइन्।

"म तपाईंहरूकहाँ छोरी छोडेर जाने विचारमा थिएँ।" – उनले भनिन्। – "दिदी हुनुहुन्न भन्ने मलाई थाहा भएन। ... रेल राति मात्रै आउँछ। तर मलाई भने आमालाई लिन मास्को जानुपरेको छ।"

"राख्नुहोस् न त।" – भेन्याले भनी। – "ओल्गा नै किन ... म के मान्छे होइन र? मेरी बिछ्यौनामा सुताइदिनोस्, म अर्कोमा सुतुँला।"

."ऊ मस्तसंग सुत्छे, अब भोलि बिहान मात्र बिउँभन्छे।" – आमाचाहिंले सान्त्वना दिइन्। – "वेला-वेलामा ऊनेर गएर सिरानी मिलाइदिनुपर्छ।"

लुगा फुकालेर बच्चीलाई सुताइयो। आमाचाहिं हिंडिन्। झ्यालबाट बच्चीको खाट देख्न सकियोस् भनेर भेन्याले पर्दा खोली र बार्दलीको ढोका बन्द गरी। अनि पालैपालो गरेर हरेक खेलपछि सुतेकी बच्ची हेर्न आउने शर्तमा ऊ तान्यासंग भलिबल खेल्न गई।

उनीहरू त्यहाँबाट निस्कनासाथ खड्गेलीमा हलकारा आइपुग्यो। धेरै बेरसम्म उसले ढोका ढकढकायो, तर कसैले पनि नखोलेकोले फाटकतिर फर्केर छिमेकीसित घरधनीहरू शहरतिर त गएका होइनन् भनेर सोध्यो।

"होइन।" – छिमेकीले भने। – "भर्खर मैले केटीलाई यहीं देखेको थिएँ। ल्याउनोस्, म बुझिदिन्छु टेलिग्राम!"

छिमेकीले सही गरेर टेलिग्राम खल्तीमा हाले र बेन्चमा बसेर पाइप तान्न थाले। भेन्यालाई उनले धेरै वेरसम्म पर्खे।

डेढ घण्टा जति बित्यो। छिमेकीकहाँ फेरि हलकारा आइपुग्यो।

"लौ।" – उसले भन्यो। – "आगलागी भएजस्तै केको हतार हो यस्तो? दोस्रो टेलिग्राम पनि बुझिदिनोस्, मित्र!"

छिमेकीले सही गरे। निकै अँध्यारो भइसक्यो। खड्गेलीबाट सिंढी चढेर उनी बरण्डासम्म पुगे र झ्यालबाट हेरे। सानी बच्ची सुतिरहेकी थिई। उसको टाउको-नगिचै सिरानीमा खैरो बिरालो पल्टेको थियो। यसको मतलब घरधनी पक्का पनि कतै नजिकै थिए।

छिमेकीले खिड्की खोले र दुइटै टेलिग्राम छिराइदिए। टेलिग्राम झ्यालको तख्तामा थपक्क खस्यो। भेन्याले फर्केर आएपछि टेलिग्राम सजिलै देख्न सक्थी।

तर भेन्याले ख्याल गरिन। घर फर्केपछि उसले जूनको उज्यालोमा नै बच्चीको

खस्नै लागेको सिरानी मिलाई, बिरालोलाई लखेटी र लुगा फुकालेर बिछ्यौनामा पल्टी।

धेरै बेरसम्म ऊ जीवनमा कस्तो पनि हुँदो रहेछ त भन्ने विचार गर्दै पल्टिराखी। ऊ दोषी छैन, न ओल्गा नै दोषी छे। तैपनि पहिलोपटक ओल्गासंग साँच्चैको झगडा भयो।

बडो अफसोचको कुरा थियो। निद्रा पटक्कै लागेन। झेन्यालाई जाम हालेर पाउरोटी खान मन लाग्यो। ऊ उठी, दराजनेर गई, बत्ती बाली। त्यसै वेला उसले तख्तामा टेलिग्राम देखी। उसलाई डरलाग्यो। हात थर्थर कमाएर उसले टेलिग्राम खोली र पढी।

पहिलोमा लेखिएको थियो:

"आज राति बाह्र बजे बिहान तीन बजेसम्मको लागि आउनेछु। शहरको फ्ल्याटमा पर्खनू! – बुवा।"

अनि दोस्रोमा:

"राति बुवा शहर आउनुहुनेछ, तुरून्त आउनू! – ओल्गा।"

थर्कमान भएर उसले घडी हेरी। पौने बाह्र बजेको थियो। झटपट जम्फर लगाएर झेन्याले निदाइरहेकी बालिकालाई उठाई र अर्धपागल जस्ती भएर खड्गेलीमा निस्की। केही विचार गरी। अनि बालिकालाई फेरि बिछ्यौनैमा सुताएर सडकमा निस्की र दूध बेच्ने बुढियाको घरतिर दौडी। छिमेक्नीले झ्यालबाट टाउको नदेखाउँदासम्म उसले हातले र खुट्टाले ढोका ढक्ढक्याउन छोडिन।

"किन ढक्ढकाउँछेस्?" – निदाएको स्वरले छिमेक्नीले सोधिन्। – "किन उपद्रव मच्चाउँछेस्?"

"मैले उपद्रव मच्चाएकी होइन।" – झेन्याले बिन्तीभाउ गर्दै भनी। – "मलाई दूध बेच्ने काकी माशासंग भेट्नुछ। उनैकहाँ म बच्ची राख्न चाहन्छु।"

"के फत्फताउँछेस्?" – झ्याल बन्द गर्दै छिमेक्नीले भनिन्। – "बुढिया त बिहानै भाइकहाँ पाहुना लाग्न गाउँ गइन्।"

रेलको स्टेशनतिरबाट नजिकिंदै आइरहेको रेलको सिट्टी बजेको आवाज आयो। झेन्या सडकमा निस्केर दगुरी र त्यहीं नै कपाल फुलेका भलाद्मी डाक्टरसंग उसको भेट भयो।

"माफ गर्नोस्!" – उसले गुनगुनाउँदै भनी। – "यो रेल कुन हो? तपाईंलाई थाहा छ कि?"

भलाद्मीले घडी हेरे।

"एघार बजेर पचपन्न मिनेट गयो।" – उनले भने। – "यो मास्को जाने अन्तिम रेल हो।"

"कस्तो अन्तिम?" – आँखाको आँसु घुटुक्क निलेर झेन्याले सुस्तरी सोधी। – "अर्को रेल कति बजे जान्छ?"

"अर्को भोलि बिहान तीन बजेर चालीस मिनेट जाँदा। तिमीलाई के भयो, नानी?" – मुन्टो झुकाएकी झेन्याको कुम समातेर डाक्टरले सान्त्वना दिंदै सोधे। – "तिमी रुँदैछ्यौ? मैले तिमीलाई कुनै मद्दत पुऱ्याउन सक्छु कि?"

"अहँ, सक्नुहुन्न!" – डाँको रोक्दै झेन्याले जवाफ दिई। – "अब मलाई यो संसारमा कसैले पनि मद्दत गर्न सक्तैन।"

घरमा ऊ सिरानीमा टाउको धसेर पल्टी, तर तत्कालै उठेर सुतिरहेकी बच्चीलाई क्रोधित भएर हेरी। होशमा आएर उसले कम्बल फाली र सिरानीबाट खैरो बिरालोलाई धपाई।

बरण्डा, भान्साकोठा र सुत्नेकोठामा उसले एकैसाथ बत्ती बाली र आफ्नै सुरमा मुन्टो हल्लाई। त्यसरी झेन्या सोफामा धेरै बेरसम्म बसी। यस्तो लाग्थ्यो, मानौं ऊ कुनै पनि कुरा सोचिरहेकी थिइन। अनायास उसले त्यहीं फालिराखेको आकर्डियन भिरी। बेसुरमै आकर्डियन उठाएर कुनै लय मिलाउन थाली। बाजा बज्यो, त्यसको धून घरि रमाइलो त घरि उराठलाग्दो हुन्थ्यो। झेन्याले रूखो भएर बाजा बन्द गरी र झ्यालतिर गई। उसले फेरि कुम हल्लाई।

यस्तो हुनै सक्तैन! एकलै बसेर त्यस्तो वेदना सहन सक्ने शक्ति उसमा थिएन। उसले मैनबत्ती बाली र बगैंचा हुँदै ऊ कटेरोसम्म पुगी।

त्यही बुइँगल! त्यही तारहरू! त्यही नै नक्सा, थैलो, झण्डा! लालटीन बालेर ऊ जहाजको जस्तो पाङ्ग्रोनेर गई, आवश्यक तार फेला पारी र त्यसलाई अङ्कुसेमा हाली। अनि छिटछिटो पाङ्ग्रो घुमाउन थाली।

...तिमुर निदाइरहेको थियो। रिताले पञ्जाले उसको कुम घचघच्यायो। तर उसले थाहा पाएन। दाँतले टोकेर रिताले कम्बल भुईंतिर तान्यो।

तिमुर जुरुक्क उठ्यो।

"के गरेको?" – बुझ्न नसकेर उसले सोध्यो। – "केही भयो कि क्या हो?"

कुकुरले उसको आँखामा हेऱ्यो, पुच्छर हल्लायो र मुन्टो बटाऱ्यो। त्यतिखेरै तिमुरले ढलौटको घण्टी बजेको सुन्यो।

यस्तो सुनसान रातमा उसको आवश्यकता कसलाई पऱ्यो होला भन्ने कुरा बुझ्न

नसकेर ऊ बरण्डामा निस्क्यो र टेलिफोनको रिसिभर उठायो।

"हेलो, म ... तिमुर बोल्दैछु। को हो? तिमी... तिमी भेन्या?"

शुरूमा तिमुरले धैर्यपूर्वक सुन्यो! अनि उसका ओठ फरफराए र अनुहारमा रातो टाटो देखियो। ऊ लामो सास फेर्न थाल्यो।

"तीन घण्टाको लागि मात्रै?" – उसले आत्तिंदै सोध्यो। – "भेन्या तिमी रोइरहेकी? तिमी रोएको सुनिन्छ। नरोऊ। रुनुपर्दैन! म अहिले नै आइहाल्छु।"

रिसिभर राखेर उसले दराजबाट रेलको समयतालिका भिक्यो।

"हो, अन्तिम रेल एघार पचपन्नमा। अर्को रेल तीन बजेर चालीस मिनेटमा मात्रै जान्छ।" – ऊ उभिएर ओठ टोक्न थाल्यो। – "अबेर भयो। कुनै उपाय नै नहोला त? हैन! अबेर भयो!"

भेन्याको घरको मूलढोकामा रातदिन लाल तारा चम्किरहेको हुन्छ। चम्काउने उही हो, उसैका हात हुन्। त्यसका सोभा र तीखा कुनाहरू उसकै आँखासामु तेजिलो-संग चम्किरहेका छन्।

कमाण्डरकी छोरी आपदमा परी। कमाण्डरकी छोरी उराठलाग्दो बन्धनमा परी!

भटपट लुगा लगाएर ऊ सडकमा निस्क्यो र केही मिनेटमै सेतै फुलेका भलाद्मी-को दाचाको खड्गेलीमा उभिन पुग्यो। डाक्टरको कोठामा बत्ती बलिरहेको थियो।

तिमुरले ढोका ढक्ढकायो। ढोका खुल्यो।

"को चाहियो?" – भलाद्मीले आश्चर्य मानेर रूखो स्वरमा सोधे।

"तपाईं!" – तिमुरले जवाफ दियो।

"म?" – भलाद्मीले यसो विचार गरे र पूरै ढोका खोलेर भने। – "उसोभए आऊ त भित्र!"

उनीहरूले धेरै बेर कुरा गरेनन्।

"यही हो हाम्रो काम!" – आँखा तेजिला पारेर तिमुरले आफ्नो वर्णन पूरा गऱ्यो। – "यही हो हाम्रो काम, यही हो हाम्रो खेल। त्यसैकारण अहिले मलाई तपाईंको कोल्याको खाँचो छ।"

डाक्टर-बूढा चुप लागेर उठे। उनले तिमुरको चिउँडोमा ह्वात्त हात लगे, उसको टाउको मास्तिर उठाए, एकटक लगाएर उसको आँखामा हेरे र निस्के।

कोल्या सुतेको कोठामा पसेर उसलाई उनले घचघचाए।

"उठ्!" – उनले भने। – "तँलाई बोलाउन आएका छन्।"

"मलाई यसबारे केही थाहा छैन।" – कोल्याले भयभीत आँखा खोल्दै भन्यो। – "हजूरबा, साँच्चै नै मलाई केही थाहा छैन।"

"उठ्!" – भलाद्मीले रूखो स्वरले दोहऱ्याए। – "तेरो साथी तँलाई डाक्न आएको छ।"

...बुइँगलको परालको रासमाथि हातले घुँडा अङ्गालेर झेन्या बसेकी थिई। ऊ तिमुरको प्रतीक्षामा थिई। तर उसको सट्टा झ्यालको चिराबाट कोल्या कोलोकोल्चिकोभको जगल्टे टाउको देखियो।

"तिमी पो?" – झेन्या चकित भई। – "तिमीलाई के चाहियो?"

"मलाई के थाहा?" – कोल्याले डराएको र सानो स्वरमा भन्यो। – "म सुतिरहेको थिएँ। ऊ आयो। म उठें। उसले पठायो। उसले हामी दुबैजनालाई तल ओर्लेर फाटकमा आउनू भनी अह्राएको छ।"

"किन?"

"मलाई के थाहा? मेरो त आफ्नै टाउकोभित्र केही गुनगुनाइरहेजस्तो लाग्छ। झेन्या, मेरो मगजमा केही घुसेको छैन।"

कसैको स्वीकृति लिनुपर्ने थिएन। काका मास्कोमा नै बास बसेका थिए। तिमुरले लालटीन बाल्यो र रितालाई बोलाउँदै हातमा बन्चरो लिएर बगैंचामा निस्क्यो। कटेराको ताल्चा मारिएको ढोकानेर पुगेर ऊ अडियो। अनि बन्चरोबाट उसले ताल्चातिर दृष्टि लगायो। हो! यस्तो गर्न त नहुने नै हो, तर अर्को कुनै उपाय छैन। जोडले प्रहार गरेर उसले ताल्चा फोड्यो र कटेराबाट मोटरसाइकल निकाल्यो।

"रिता!" – घुँडाले टेकेर कुकुरको थुतुनोमा म्वाइँ खाँदै उसले खिन्न भएर भन्यो। – "तँ नरिसा! मेरो निम्ति अर्को उपाय थिएन।"

भेन्या र कोल्या फाटकमा उभिइरहेका थिए। वेगले नजिकिंदै आइरहेको विजुली-को प्रकाश टाढैबाट देखिन्थ्यो। त्यो प्रकाश सोभै उनीहरूतिरै हानिएको थियो। एकै छिनमा भ्याटभ्याटको आवाज सुनियो। ज्योतिमा परेर आँखा तिर्मिराएको हुनाले उनीहरू बारतिर हटे। अकस्मात् बत्ती निभ्यो, मोटरसाइकलको स्टार्ट बन्द भयो र उनीहरूको सामु तिमुर देखापऱ्यो।

"कोल्या!" – हात पनि नमिलाएर केही नसोधी उसले भन्यो। – "तैंले यहाँ बसेर सुतेकी केटीको हेरविचार गर्नू। उसको लागि हाम्रो सम्पूर्ण दलप्रति तँ जवाफदेही हुनेछस्। भेन्या, बस! जाऊँ मास्को!"

भेन्या उमङ्गले कराई र आफ्नो सारा शक्तिले तिमुरलाई अङ्कमाल गरी, म्वाइँ खाई।

"बस भेन्या, बस!" – कडा देखिने प्रयास गर्दै तिमुरले भन्यो। – "बलियोसंग समात! गयौं! ल त, हिड्यौं!"

मोटरसाइकल थर्कियो, हर्न बज्यो र अकमक्क परेको कोल्याका आँखाबाट चाँडै नै राता बत्तीहरू ओझेल भए। ऊ उभिइराख्यो, अनि लौरो उठायो र बन्दूक भैं तेर्स्याएर झलमल्ल उज्यालो दाचाको वरिपरि घुम्यो।

"अँ।" – दह्रो कदम चालेर ऊ बडबडायो। – "गाह्रै छ, सिपाहीको काम! दिनको भोक न रातको निद्रा!"

रातको तीन बज्दैथियो। कर्णेल अलेक्सान्द्रोभ टेबुलनजिकै बसेका थिए। टेबुलमा सेलाइसकेको चियादानी, ससेज, पनीरका टुक्राहरू र पाउरोटी थिए।

"आधा घण्टापछि म जान्छु।" – उनले ओल्गालाई भने। – "अफसोच, झेन्यालाई देख्न नपाउने भएँ। ओल्गा, तँ रुँदैछेस्?"

"थाहा छैन, ऊ किन आइन। उसलाई सम्झेर मलाई असाध्य दुःख लाग्छ। उसले तपाईंलाई कस्तोसंग पर्खेकी थिई। अब झन् ऊ बहुलाउली। त्यसै पनि त ऊ बहुलाही जस्ती छे।"

"ओल्गा!" – बुवाले उठ्दै भने। – "मलाई थाहा छैन, तर ऊ नराम्रा मान्छेको सङ्गतमा परी, उसलाई अटेरी बनाइसके, ऊ अर्काको लहैलहैमा लागी भन्ने कुराको मलाई पटक्कै विश्वास लाग्दैन। त्यस्तो हुन सक्तैन। उसको स्वभाव नै त्यस्तो छैन।"

"ल, हेर!" – ओल्गाको चित्त बुझेन। – "तपाईं उसलाई त्यसै भन्नोस्। त्यसै त उसले आफ्नो स्वभाव तपाईंकै जस्तो छ भनेर हैरान पारिसकी। कस्तो स्वभाव हो त्यस्तो! छानामा चढेर उसले चिम्नीबाट डोरी खसाली। म इस्त्री लिन भनेर जाँदा इस्त्री त मास्तिर पो उफ्रिरहेको। बुवा, तपाईं जानुहुँदा ऊसंग चारवटा जम्फर थिए। दुइटा झुम्रो भइसके। एउटा सानो भयो, एउटा बाँकी छ। त्यो चाहिं अहिले उसलाई मैले लाउन दिएकी छैन। नयाँ तीनवटा उसलाई मैले नै सिइदिएकी छु। उसको आङमा परेपछि जे पनि झरामझुरूम हुन्छ। उसको शरीरमा सधैं डामैडाम र केले हो कुन्नि चिथोरेको हुन्छ। ऊ चाहिं ओठ बिगार्छे र नीलो आँखाले ट्वाल्ल परेर हेर्छे। अनि त सबै भन्छन् – यो त केटी होइन, फूल हो। फूल भनेर छुन गयो भने त! ओहो! काँढाले घोच्छ। बुवा उसको स्वभाव पनि तपाईंकै जस्तो छ भन्ने कुरा नगर्नोस्! उसलाई यस्तै भन्ने हो भने त तीन दिनसम्म खुट्टा नै भुईंमा हुनेछैनन्।

"लौ भैगो!" – ओल्गालाई अङ्गालो मारेर बुवाले स्वीकार गरे। – "म उसलाई सम्झाउँछु। चिट्ठीमा लेख्छु। तर तँ पनि उसलाई साह्रै नदबाउनू! तैंले उसलाई

भन्दिनू – म उसलाई माया गर्छु र सम्भिरहन्छु ! हामी चाँडै नै फर्कनेछौं। मेरो सम्झनामा उसले रुनु हुँदैन, किनभने ऊ कमाण्डरकी छोरी हो।"

"रुन त जे भने पनि रोली नै।" – बुवालाई बेसरी अँगाल्दै ओल्गाले भनी। – "कमाण्डरकी छोरी म पनि त हुँ। म पनि नरोई सक्तिनँ।"

बुवाले घडी हेरे, ऐनाअगाडि उभिएर पेटी कसे, अनि जीउ तन्काएर पोशाक मिलाउन थाले। अकस्मात् बाहिरको ढोका खुल्यो। पर्दा चल्यो। अलिकति कुम माथि उठाएर उफ्रनै तयार भएकी भेन्या देखिई।

तर चिच्याउनु, दगुर्नु र उफ्रनुको साटो उसले शान्त भएर सरासर पाइला चाली र चुपचापसंग बुवाको छातीमा टाउको राखी। उसको निधारभरि हिलोका छिटाहरू थिए, जम्फर खुम्चिएको र दागैदाग लागेको थियो। ओल्गाले भयभीत भएर सोधी: "भेन्या, तिमी कहाँबाट ? यहाँ कसरी आइपुग्यौ ?"

भेन्याले मुन्टो पनि नहल्लाएर हातले इसारा गरी। त्यसको अर्थ थियो: 'पर्ख!.. नकराऊ!.. मलाई नसोध!..'

भेन्यालाई हातले उठाएर सोफामा बसेपछि बुवाले उसलाई काखमा बसाले, उसको अनुहारमा हेरे र हत्केलाले उसको निधारको हिलो पुछिदिए।

"ज्यादै राम्रो भयो! क्याबात्! भेन्या!"

"तर तिम्रो जीउभरि हिलो लागेको छ, अनुहार पनि कालो छ। तिमी कसरी आयौ ?" – ओल्गाले फेरि सोधी।

भेन्याले उसलाई पर्दातिर देखाई। त्यहाँ तिमुर देखियो।

उसले छालाको पञ्जा फुकाल्यो। उसको कन्चटभरि ग्रिज लागेको थियो। उसको भिजेको र थकित अनुहारमा आफ्नो कर्तव्य इमान्दारीपूर्वक पूरा गर्ने एउटा श्रमिकको व्यक्तित्व भल्केको थियो। सबैलाई नमस्कार गर्दै उसले शिर निहुऱ्यायो।

बुवाको काखबाट निस्केर तिमुरतिर लाग्दै भेन्याले भनी: "बुवा, तपाईं कसैको कुरा नसुन्नोस्। उनीहरूलाई केही थाहा नै छैन। यो तिमुर हो! मेरो एकदमै राम्रो साथी।"

बुवा उठे र केही नसोचेर तिमुरसंग हात मिलाए। भेन्याको अनुहारमा तुरुन्तै गर्विलो मृदुमुस्कान भल्कियो। ओल्गाको प्रतिक्रिया पनि थाहा पाउन उसको अनुहारमा पनि भेन्याले पुलुक्क हेरी। केही बुझ्न नसकेर अन्योलमा परिरहेकी ओल्गा पनि बिस्तारै अगाडि बढी।

"ल त... उसोभए नमस्ते।..."

घडीले तीन पनि हान्यो।

"बुवा!" – झेन्याले आत्तिएर सोधी। – "तपाईं उठिसक्नुभएको? हाम्रो घडी चलाक छ।"

"हैन झेन्या, ठीक छ।"

"बुवा, तपाईंको घडी पनि चलाक नै छ।" – ऊ टेलिफोनतिर दगुरी र 'समय'को फोन नम्बर डायल गरी। रिसीभरमा मसीनो एकनासे स्वर सुनियो:

"तीन बजेर चार मिनेट!"

झेन्याले भित्तामा हेरी र लामो सास फेरेर भनी:

"हाम्रो घडी चलाक छ, तर एक मिनेट मात्रै। बुवा, हामीलाई पनि जंक्सनसम्म साथमै लैजानोस्! हामी तपाईंलाई पुऱ्याउन जान्छौं।"

"हुँदैन झेन्या, हुँदैन! त्यहाँ मलाई फुर्सद हुँदैन।"

"किन? तपाईंसंग टिकट त छ होला नि?"

"छ।"

"पहिलो श्रेणीको?"

"हो, पहिलो श्रेणीको।"

"मलाई पनि तपाईंसंग पहिलो श्रेणीको डब्बामा बसेर टाढाटाढा जान कस्तो मन लागेको छ।..."

जंक्सन होइन, कुनै स्टेशन थियो र मास्को बाहिरको मालगाडी स्टेशन जस्तो लाग्थ्यो। हुनसक्छ, सर्टिरोभोच्नाया स्टेशन थियो। प्लेटफार्म स्विच, रेल र डब्बाहरू। मान्छे थिएनन्। लिगमा सैनिक रेलगाडी थियो। फलामे झ्याल खुल्यो र राँकोको ज्योतिमा चालकको अनुहार झुलुक्क देखियो र फेरि हरायो। प्लेटफार्ममा छालाको ओभरकोट लगाएर झेन्याका पिता कमाण्डर अलेक्सान्द्रोभ उभिइरहेका थिए। उनीनेर लेफ्टिनेन्ट आयो र सलाम ठोकेर सोध्यो:

"कामरेड कमाण्डर, जाने अनुमति दिनुहुन्छ?"

"ठीक छ।" – कर्णेलले घडी हेरे; तीन बजेर त्रिपन्न मिनेट गयो।" – "तीन बजेर त्रिपन्न मिनेटमा जाने आदेश छ।"

कर्णेल अलेक्सान्द्रोभले डब्बानेर आएर हेरे।

झलमल्ल उज्यालो थियो, तर आकाशमा कालो बादल देखिन्थ्यो। उनले ओसिलो हैण्डल समाते। उनको सामु गह्रुँगो ढोका खुल्यो। सिंढीमा खुट्टा राखेर मुस्कुराउँदै उनले आफैलाई सोधे:

पहिलो श्रेणीमा?'

अँ, पहिलो श्रेणीमा।'

उनी पसेपछि गह्रुँगो फलामे ढोका ढ्याम्म लाग्यो। कुनै धक्का र ढडाङ्ग-ढुडुङ्ग-बिना नै त्यत्रो विशाल कवचधारी रेलगाडी चल्न थाल्यो र बिस्तारै त्यसको गति तीव्र हुँदैगयो। रेल जाँदैथियो। तोपका नालहरू पछाडि परे। मास्को छोडियो। तुवाँलो लाग्यो। ताराहरू अस्ताए। उज्यालो भयो।

विहान न तिमुर, न मोटरसाइकल केही पनि नदेखेपछि गेओर्गीले उसलाई आमाकहाँ घर पठाइदिने निर्णय गरे। उनी चिट्ठी लेख्न बसेका मात्रै के थिए, झ्यालबाट बाटोमा लालसेनाको सिपाही आइरहेको देखे।

सिपाहीले पार्सल झिक्दै सोध्यो:

"कामरेड गारायेभ?"

"हो।"

"गेओर्गी अलेक्सेइभिच?"

"अँ।"

"पार्सल लिनुहोस् र हस्ताक्षर गर्नुहोस्!"

सिपाही गयो। गेओर्गीले पार्सल लिए र दङ्ग परेर सुसेलो हाले। त्यो त्यही पार्सल थियो जसको प्रतीक्षामा उनी उहिल्यैदेखि बसेका थिए। उनले पार्सल खोले, पढे र लेख्न थालेको चिट्ठी गुजुमुजु पारे। अब तिमुरलाई घर पठाउने होइन, बरू उसको आमालाई पो टेलिग्राम पठाएर दाचामा बोलाउनुपर्‍यो।

कोठामा तिमुर पस्यो, रिसले भाउन्न भएका गेओर्गीले टेबुलमा मुड्की बजारे। तर तिमुरको पछि-पछि ओल्गा र झेन्या पनि कोठामा पसे।

"चुप लाग्नोस्!"–ओल्गाले भनी।–"कराउन र टेबुल ठटाउन पर्दैन। तिमुरको कुनै दोष छैन। दोष तपाईंकै हो र मेरो पनि।"

"साँच्चै नै।"–झेन्याले बीचैमा भनी।–"तपाईं उसलाई नहप्काउनोस्। ओल्गा, टेबुलमा हात नहाल! उनीहरूको यो रिभल्भर निकै जोडले पड्कन्छ।"

गेओर्गीले झेन्यालाई हेरे, अनि रिभल्भर र माटोको एश्ट्रेतिर पनि दृष्टि फ्याँके। उनले केही कुरा बुझ्ने प्रयास गर्दै अड्कल काटे र सोधे:

"उसोभए त्यो रात यहाँ बास बस्ने तिमी नै थियौ, झेन्या?"

"अँ, मै थिएँ। ओल्गा, यो मानिसलाई राम्रोसंग बुझाइदेऊ। हामी चाहिं मट्टीतेल र भुम्रो लिएर मोटरसाइकल सफा गर्न जान्छौं।"

...भोलिपल्ट जब ओल्गा बरण्डामा बसिरहेकी थिई, फाटकबाट कमाण्डर पसे। उनले आफ्नै घर गएजस्तै गरी दह्रो र बलियो कदम चालेका थिए। अकमक्क परेकी

ओल्गा चाहिं उनलाई भेट्न उभिइन्। ओल्गासामु टचाँक-पल्टनका कप्तानको वर्दी लगाएका गेओर्गी खडा थिए।

"यस्तो के हो?" – ओल्गाले. सुस्तरी सोधी। – यो फेरि ... कुनै नयाँ ओपेराको अभिनय हो कि?"

"होइन।" – गेओर्गीले जवाफ दिए। – "म बिदा हुन एक मिनेटको लागि आएको। यो कुनै नयाँ अभिनय होइन, नयाँ पोशाक मात्र हो।"

"उसोभए ..." – गाँठो देखाउँदै झण्डै मुख रातो पारेर ओल्गाले सोधी। – "त्यही हो?.. 'हामी फलाम र कन्क्रीट छेडेर सोझै मुटुमा प्रहार गर्छौं?' "

"अँ, त्यही हो। ओल्गा, लामो बाटो जानुछ, मेरो निम्ति गीत गाउनुहोस् न?"

उनी बसे। ओल्गाले आकर्डिएन उठाइन्।

...गोली-गट्ठा बोकी उड्ने
बायुयानका चालकहरू हो!
लामो यात्रा अन्त्य गरेर
आउँछौ कहिले फर्केर?
ढीलो-चाँडो के हुने हो
भन्न त अहिले सकिन्न होला!
किन्तु कुनै दिन जहिले नै होस्
अवश्य आखिर फर्कनु है...!
तिमीहरू होऊ जहाँसुकै ए!
धरतीमा वा आकाशैमा,
दूर बिराना देशहरूमा
हाँक्दै रहनू विमान आफ्नै।
उडान गर्दै रहलान् राता
तारा अङ्कित दुवै पखेटा
पहिले जसरी पर्खिबसेथें
त्यसरी नै अझ पर्खि म रहुँला॥

"लौ!" – उसले भनी। – "तर यो गीत त यानचालकहरूबारे हो। टचाँकका सिपाहीहरूबारे यत्तिको राम्रो गीत म जान्दिनँ।"

"केही छैन। तपाईं गीतबिना नै मेरो निम्ति शुभेच्छाका केही शब्दहरू भन्नु-होस्।" – गेओर्गीले अनुरोध गरे।

ओल्गा विचारमग्न भई र शुभेच्छाका शब्दहरू छान्ने क्रममा गेओर्गीका कैला-खैरा र हाँस्न छोडिसकेका आँखातिर एकनासे दृष्टि लगाएर मौन भई।

झेन्या, तिमुर र तान्या बगैंचामा थिए।

"सुन त!" – झेन्याले प्रस्ताव राखी। – "अहिले गेओर्गी जाँदैछन्। उनलाई पुऱ्याउन हाम्रो सम्पूर्ण दल जम्मा गरौं। आम भेलाको निम्ति नम्बर एकको सङ्केत दिऔं त। अहिले नै यहाँ थुप्रो लाग्छ।"

"पर्दैन!" – तिमुरले मञ्जुर गरेन।

"किन?"

"पर्दैन! कसैलाई पनि हामीले त्यसरी बिदाई गरेका थिएनौं।"

"ल त, पर्दैन भने भइहाल्यो।" – झेन्या सहमत भई। – "तिमीहरू यहीं बसि-राख! म पानी खान जान्छु।"

ऊ गई, तान्या चाहिं खितखित हाँसी।

"तिमीलाई के भयो?" – तिमुरले बुझ्न सकेन।

तान्या झन् जोडले हाँसी।

"क्याबात्! हाम्री झेन्या धुर्तै छे। 'पानी खान जान्छु'।"

"सावधान!" – बुइँगलबाट झेन्याको तीखो र भव्य स्वर सुनियो। – "आम भेलाको निम्ति नम्बर एकको सङ्केत दिइँदैछ!"

"पागल केटी!" – तिमुर दौडेर गयो। – "अहिले यहाँ सय जना केटाहरू आइपुग्छन्। के गरेकी तिमीले?"

तर गह्रुङ्गो पाङ्ग्रो चुँइ-चुँइ गर्न लागिसकेको थियो, तारहरू थर्किसकेका र झन्किसकेका थिए: "टिङ-टिङ-टिङ!" "टिङ-टिङ-टिङ!" अनि विराम। कटेरा-हरूको छानामाथि, गोदामघरमाथि, कुखुराको खोरमाथि सङ्केत-घण्टीहरू, बोत्तलहरू र टीनका डब्बाहरू पनि बज्न थाले। सयजना त होइन, तर त्यस्तै पचासजना जति केटाहरू सङ्केतको परिचित आवाज सुनेर तुरुन्तै हानिंदै आइपुगे।

"ओल्गा!" – बरण्डामा झेन्या पनि आइपुगी। – "उहाँलाई पुऱ्याउन हामी पनि जान्छौं। हामी थुप्रै छौं। झ्यालबाट हेर त!"

"एहे!" – गेओर्गीले पर्दा खोले र आश्चर्य मानेर हेरे। – "हो! तिमीहरूको दल त ठूलै रहेछ। फौजी रेलगाडीमा हालेर लडाईंमा पठाए पनि हुने रहेछ।"

"हुँदैन!" – लामो सास फेरेर तिमुरका शब्द दोहऱ्याउँदै झेन्याले भनी। – "सबै सेनापति र कमाण्डरहरूले हामी जस्तालाई गर्धनमा समातेर त्यहाँबाट घोक्र्याउने आदेश पाएका छन्। तर अफसोच! नत्र म पनि त्यतैतिर... लडाईंमा धावा बोल्ने-थिएँ। मेशिनगन तेर्स्याऊ! पै... लो!"

"पै... लो!.. तिमी जस्ती गफाडी सरदार त संसारमा खोजेरै पाइँदैन।" – ओल्गाले उसलाई गिज्याई र आकर्डियनको फित्ता काँधमा हाल्दै भनी। – "पुऱ्याउनै जाने हो भने बाजा बजाएरै जाने नि!"

उनीहरू सडकमा निस्के। ओल्गा आकर्डियन बजाउँदैथिई। अनि टीनको बट्टा, काँचको भाँडो, ढुङ्ग्रो, बोत्तल र लौरो ठटाउँदै अघि अघि अर्कै ढङ्गको आर्केष्ट्रा जाँदैथियो। गीत पनि गुञ्जिन थाल्यो।

हरियालीले ढाकेको सडक हुँदै हिंडेर उनीहरू पुऱ्याउन जाने नयाँनयाँ मानिसहरू पनि थप्दै गइरहेका थिए।

शुरूमा वरपरका मानिसहरूले यो तमाशा, होहल्ला र खैलाबैला के हो भनेर बुझ्न सकेनन्। किन र केको उपलक्ष्यमा गाइएको हो गीत? तर कुराको मेसो पाएपछि उनीहरूले पनि कसैले सुनिने गरेर त कसैले मनमनै भए पनि गेओर्गीको मङ्गलमय यात्राको कामना गरे।

उनीहरू प्लेटफार्म आइपुग्दा एउटा सैनिक रेलगाडी स्टेशनमा नरोकिईकनै गयो।

अगाडिका डब्बाहरूमा लालसैनिकहरू थिए। उनीहरूलाई हात हल्लाएर र कराएर बिदा दिइयो। त्यसपछिका डब्बाहरू खुला थिए, तिनमा काठका हरिया थामहरूको जङ्गलै लादिएको थियो। त्यसपछिका डब्बाहरूमा घोडाहरू थिए। घोडाहरू थुतुनो हल्लाएर दाना चपाइरहेका थिए। तिनीहरूलाई देखेर पनि 'हुर्रा' भनेर कराइयो। अन्त्यमा यस्तो खुला डब्बा झिलिक्क भएर गयो जसमा खैरो टाटले हिफाजत-का साथ ढाकिएका चुच्चे कुनै ठूला चीजहरू राखिएका थिए। त्यहींनेर रेलगाडीको तालमा टाउको हल्लाउँदै चपटे पनि उभिइरहेको देखिन्थ्यो।

आखिरमा रेलगाडी देखिन छोडयो, अनि यात्रुवाहक रेल आइपुग्यो। तिमुर पनि काकासंग बिदाबारी भयो।

ओल्गा गेओर्गीनेर गई।

"लौ त, फेरि भेटौंला!" – उसले भनी। – "हुन सक्छ, हाम्रो भेट झट्टै नहोला।"

उनले टाउको हल्लाए र ओल्गासंग हात मिलाए।

"भन्न सकिन्न। ... भाग्यमा जे छ।"

रेलको सिट्टी र आर्केष्ट्राको चर्को धूनले गर्दा कानै खानेजस्तो हल्ला भएको थियो। रेल चल्यो। ओल्गा विचारमग्न भई। झेन्याका आँखा ऊ आफैले नबुझ्नेगरी निकै खुशी थिए।

तिमुर व्याकुल थियो तापनि आफूलाई ढाडस दिंदैथियो।

"लौ!" – अलिकति बदलिएको स्वरमा उसले भन्यो। – "अब म आफै पनि एकलो भएँ।" – अनि जीउ सोझ्याएर तुरुन्तै थप्यो। – "हुन त भोलि मकहाँ आमा आउँदैहुनुहुन्छ।"

"म के त?" – झेन्याले भनी। – "उनीहरू नि?" – उसले साथीहरूलाई देखाई। – "अनि यो?" – उसले औंलाले लाल तारातर्फ सङ्केत गरी।

"धैर्य गर!" – आफ्नो विचारमग्नतालाई तोडेर ओल्गाले तिमुरलाई भनी। – "तिमी सधैं मानिसहरूको पीरमर्का बुझ्थ्यौ, उनीहरूले पनि तिम्रो मर्का बुझ्नेछन्।"

तिमुरले शिर उठायो। अहो! त्यो सामान्य तर सबैको प्यारो किशोरले यहाँनेर पनि अर्कै पाराले जवाफ दिन सकेन।

साथीहरूतिर एक दृष्टि फालेर उसले मुस्कुराउँदै भन्यो:

"म खडा छु। ... म देख्दैछु! सबैलाई राम्रै छ! सबै खुशी छन्। त्यसैले म पनि खुशी छु।"

सन् १९४०

राबुगा प्रकाशनका पुस्तकहरू
निम्ति पुस्तक-पसलहरूबाट
उपलब्ध गर्न सक्नुहुन्छ :

म्युचुएल बुक सेन्टेर पोष्ट बक्स नं० ३२ रामशाह पथ काठमाडौं, नेपाल	Mutual Book Centre Post Box № 32 Ram Shah Path Kathmandu, Nepal
प्रगतिशील पुस्तक केन्द्र न्यू रोड, पिपलको बोट काठमाडौं, नेपाल	Nepal Progressive Book Centre, New Road, Pipal Ko Bot, Kathmandu, Nepal
बाजेको पसल पोष्ट बक्स नं० १ बैंक रोड, विराटनगर-९११००० नेपाल	Baje Ko Pasal Post Box № 1 Bank Road Biratnagar—911000, Nepal

एक दृष्टि यता पनि

प्रिय पाठक !

प्रस्तुत पुस्तकको सन्दर्भमा तपाईंबाट प्रतिक्रिया र सुझावहरू प्राप्त भएमा हामी ज्यादै नै अनुगृहित हुनेछौं।

नेपाली भाषामा प्रकाशित रूसी साहित्य तथा सोभियत साहित्यका कृतिहरूबाट सोभियत संघको जनजीवन र संस्कृतिबारे गहन ज्ञान हासिल गर्नमा मदत प्राप्त हुनेछ भन्ने आशा राख्छौं। धन्यवाद! हाम्रो ठेगाना –

रादुगा प्रकाशन,
जुबोभ्स्की बुल्भार, १७
मास्को – ११९०२१,
सोभियत संघ।

А. Гайдар

Тимур и его команда
На языке непали.

लघु-उपन्यास "तिमुर र उसका साथीहरू" देश-विदेशका केटाकेटीहरूबीच अति लोकप्रिय पुस्तकहरूमध्येको एक हो।

विख्यात सोभियत बालसाहित्य लेखक अर्कादी गाइदार (सन् १९०४-१९४१) द्वारा सन् १९४० मा लिखित यो पुस्तकको प्रारब्ध बालसाहित्यको निम्ति अभूत-पूर्व रह्यो।

सोभियत किशोरहरूको सक्रियतामा देशमा यस्तो जनहितकारी आन्दोलनको प्रादुर्भाव भयो जसका कार्यकर्ताहरू आफ्नो प्यारो चरित्रनायक तिमुर र उसका साथीहरू जस्तै इमान्दार, साहसी, सहृदयी तथा जनता र समाजको निम्ति उपयोगी बन्न चाहन्थे।

ISBN 5-05-000857-